लेखापरीक्षण बुलेटिन

महालेखापरीक्षकको कार्यालयको प्रकाशन

वर्ष ६, अंक २४, २०८० पौष (Year 6, Issue 24, Dec/Jan, 2023/2024)

महालेखापरीक्षकको कार्यालय



यस भित्र.....

क्र.सं.	शीर्षक	पृष्ठ संख्या
१	महालेखापरीक्षकको कार्यालयको संक्षिप्त परिचय	३
२	प्रदेश प्रमुख, प्रदेश सभा तथा प्रदेश सरकारसँग लेखापरीक्षण सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम	४
३	महालेखापरीक्षकको कार्यालय र IIA का डाइरेक्टर बीच भेटघाट	२९
४	महालेखापरीक्षकको कार्यालयमा उच्च स्तरीय कर प्रणली सुधार सुझाव समितिको छलफल	२९
५	पूर्व महालेखापरीक्षकहरुसँग भेटघाट कार्यक्रम	३०
६	कार्यवाहक महालेखापरीक्षकज्यू र अन्तर्राष्ट्रिय मुद्राकोषका प्रतिनिधिबीच भेटघाट	३१

वर्ष ६, अंक २४, २०८० पौष (Year 6, Issue 24 Dec/Jan, 2023/2024)

संरक्षक
कार्यवाहक महालेखापरीक्षक
श्री महेश्वर काफ्ले

सल्लाहकार
उप-महालेखापरीक्षक
श्री वामदेव शर्मा अधिकारी

सम्पादक मण्डल
संयोजक
नायव महालेखापरीक्षक
श्री बैकुण्ठ बहादुर अधिकारी

सदस्य
निर्देशक
श्री टीकानाथ अर्याल
श्री रमेश सुवेदी

लेआउट/डिजाईन
श्री अनिल कुमार दहित

प्रकाशक
महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं।
फोन नं. ०१-४७७१२७०
फ्याक्स नं. ०१-४२६८३०९
e-mail: oagnep@ntc.net.np
website: oag.gov.np

नोटिस बोर्ड नं. ६१८०१४२५३२७०

प्रवक्ता
नायब महालेखापरीक्षक
श्री बैकुण्ठ बहादुर अधिकारी
सम्पर्क : ९८५१३५४००७
ईमेल : bktadh@gmail.com

सहायक प्रवक्ता/सूचना अधिकारी
निर्देशक
श्री रमेश सुवेदी
सम्पर्क : ९८५१३५४०२६
ईमेल : dir.admin@oagnep.gov.np

सम्पादकीय

नेपालको संविधान, २०७२ अनुसार संवैधानिक निकायको रुपमा रहेको महालेखापरीक्षकको कार्यालयको प्रमुख जिम्मेवारी सबै सरकारी कार्यालय र सरकारी स्वामित्वका संस्थान, बोर्ड, समिति लगायतका निकायको स्वतन्त्र, निष्पक्ष र उद्देश्यमूलक लेखापरीक्षण गरी सार्वजनिक स्रोत साधनको महत्तम उपयोगको सुनिश्चितता प्रदान गर्दै वित्तीय सुशासनको प्रत्याभूति दिलाउन सघाउ पुऱ्याउनु हो । संवैधानिक जिम्मेवारी निर्भिकतापूर्वक सम्पादन गर्नका लागि आवश्यक पर्ने मुख्य औजारहरु, संगठनात्मक तथा कार्यात्मक स्वतन्त्रता हो । संगठनात्मक स्वतन्त्रता अन्तर्गत संगठनको स्थापना, पदाधिकारी तथा कर्मचारीको नियुक्ति, संगठनात्मक संरचना आदि पर्दछन् भने कार्यात्मक स्वतन्त्रता अन्तर्गत बजेट तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, लेखापरीक्षण व्यवस्थापन, प्रतिवेदन स्वतन्त्रता आदि पर्दछन् । बजेट तथा कार्यक्रम अर्थ मन्त्रालयबाट स्वीकृत गराउनु पर्ने, बजेट कार्यान्वयनमा अर्थ मन्त्रालयको सहमति लिनुपर्ने, लेखापरीक्षणमा संलग्न रहने कर्मचारीलाई प्रदान गरिने सेवा सुविधा सम्बन्धमा समेत अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने अवस्था रहेकोले आगामी दिनमा कार्यात्मक स्वतन्त्रता मजबुत हुने गरी कार्य प्रक्रिया एवं कानूनी व्यवस्था मिलाउनुपर्ने देखिएको छ । विश्वका सरकारी लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इण्टोसाई) को लिमा घोषणा पत्र, १९७७, मेक्सिको घोषणा पत्र, २००७ तथा दक्षिण अफ्रिका घोषणा पत्र, २०१० मा व्यक्त प्रतिवद्धताको कार्यान्वयनमा विशेष जोड दिनुपर्ने अवस्था रहेको छ । उक्त घोषणा पत्र अनुसार सर्वोच्च लेखापरीक्षण संस्थाको स्वतन्त्रता,

बाँकी पृष्ठ २७ मा

कार्यवाहक महालेखापरीक्षकज्यूको सन्देश



सर्वोच्च लेखापरीक्षण संस्थाको कार्यसम्पादन मापन संरचना (Supreme Audit Institution Performance Measurement Framework–SAIPMF) मा उल्लेखित कार्यक्षेत्र लेखापरीक्षण संस्थाको स्वतन्त्रता, गुणस्तरीय लेखापरीक्षण, आन्तरिक कार्य व्यवस्थापनमा सुशासन, वित्तीय व्यवस्थापन तथा सम्पत्तिको उपयोग, मानव संसाधन विकास, सरोकारवालाहरुसँगको सम्बन्ध एवं संचार लगायतका कार्यक्षेत्रमा उपलब्ध आर्थिक, वित्तीय, मानवीय तथा सूचना सम्बन्धी स्रोतसाधनको अधिकतम परिचालन गरी प्रभावकारी लेखापरीक्षण व्यवस्थापनका माध्यमबाट वित्तीय सुशासन कायम गर्न गराउन आवश्यक रहेको छ। लेखापरीक्षणका मुल्य, मान्यता र स्वतन्त्रता कायम राख्न कार्यात्मक स्वतन्त्रता, बजेट स्वतन्त्रता, प्रतिवेदन स्वतन्त्रता प्रशासनिक स्वतन्त्रतालाई कार्यान्वयनमा ल्याउन जरूरी छ। इन्टोसाई मापदण्ड अनुसार आधारभूत सिद्धान्त लिमा घोषणापत्र-१९७७ र मेक्सिको घोषणा पत्र-२००७ का मूल्य मान्यता र उपलब्धि, पारदर्शिता, निष्ठा, जवाफदेहिता, व्यावसायिकताको पालना तथा व्यवहारमा अवलम्वन गरी महालेखापरीक्षकको कार्यालयलाई नमूना संगठनको रुपमा विकास गर्नुपर्दछ । लेखापरीक्षणका नवीन आयामहरु अवलम्वन गर्दै सरकारी खर्चमा मूल्यको सार्थकता मूल्याङ्कन गर्न विकास निर्माण, सेवाप्रवाह, दिगो विकास, प्रकोप व्यवस्थापन, जनस्वास्थ्यका सरोकारका विषय, हिनामिना हानी नोक्सानी हुने सम्भावित क्षेत्र, राजस्व सङ्कलन, सूचना प्रविधि लगायतका विषयमा कार्यमूलक तथा विशेष लेखापरीक्षणको दायरा विस्तार गर्ने, लेखापरीक्षण ऐनमा महालेखापरीक्षकबाट लेखापरीक्षण हुने निकाय, वित्तीय लेखापरीक्षणका अतिरिक्त छनौटको आधारमा सूचना प्रविधि, सामयिक, कार्यमूलक, लैंङ्गिक, विधि विज्ञान, वातावरणजस्ता विविध विषयको लेखापरीक्षण अवधारणा कार्यान्वयनमा ल्याउने, सार्वजनिक निकायमा कार्यरत पदाधिकारीहरूको कार्यसम्पादनको आधारमा संस्थागत उद्देश्य प्राप्तिमा परेको प्रभाव र असर यकिन गर्न नेतृत्व परीक्षण, नैतिक परीक्षण, पारदर्शिताको लेखापरीक्षण, उत्पादकत्वको लेखापरीक्षण, सुधारउन्मुख लेखापरीक्षण आदि लेखापरीक्षण अभ्यासको शुरूवात गर्नुपर्ने देखिएको छ ।

लेखापरीक्षण गुणस्तर नियन्त्रण मापदण्ड बमोजिम लेखापरीक्षणको व्यवस्थापन योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन, अनुगमन परीक्षण लगायत नियन्त्रण, सुपरभिजन तथा पुनरावलोकनका माध्यमबाट

बाँकी पृष्ठ २७ मा

महालेखापरीक्षकको कार्यालय संक्षिप्त परिचय

सार्वजनिक आर्थिक क्रियाकलापको लेखाजोखा गरी मुलुकमा वित्तीय जवाफदेहिता तथा पारदर्शिता कायम गर्न सर्वोच्च लेखापरीक्षण संस्थाको स्थापना गर्ने विश्वव्यापी मान्यता अनुरूप नेपालमा महालेखापरीक्षकको कार्यालयको स्थापना भएको हो ।

विक्रम सम्वत १८२८ वैशाख ६ गते कुमारी चोक अड्डामा सरकारी अड्डाहरुको आय-व्ययको हिसाब जाँच गर्न, गराउनु कुमारीचोक अड्डा नामक एक अधिकार सम्पन्न कार्यालयको स्थापना भएको थियो । विभिन्न प्रशासनिक अड्डाका कर्मचारीहरुले गरेको आम्दानी र खर्चका विवरण जाँच गरी दुरुस्त राख्नु कुमारीचोक अड्डाको मुख्य काम थियो ।

नेपाल अधिराज्यको संविधान, २०१५ बमोजिम सम्वत् २०१६ साल आषाढ १५ गते प्रथम महालेखापरीक्षकको रूपमा श्री चन्द्रबहादुर थापाको नियुक्ति पश्चात महालेखापरीक्षकको कार्यालयको विधिवत् स्थापना भई सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने कार्य हुँदै आएको छ ।

नेपालको संविधानको धारा २४० मा महालेखा परीक्षकको नियुक्ति सम्बन्धी व्यवस्था छ भने धारा २४१ मा महालेखापरीक्षकको काम, कर्तव्य र अधिकारका बारेमा उल्लेख छ । संविधानमा उल्लेख भएअनुसार महालेखापरीक्षकले संघीय एवं प्रदेश सरकारी कार्यालय र स्थानीय तहको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको आधारमा लेखापरीक्षण गर्ने, पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्तिका लागि परामर्श दिने तथा लेखापरीक्षणमा अपनाउनु पर्ने सिद्धान्तका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्ने व्यवस्था छ ।

महालेखापरीक्षकलाई लेखापरीक्षणको सिलसिलामा लेखासँग सम्बन्धित कागजपत्रहरु जुनसुकै बखत हेर्न पाउने अधिकार हुने र त्यस्तो कागजपत्र तथा जानकारी उपलब्ध गराउनु सम्बन्धित कार्यालय प्रमुखको कर्तव्य हुने, तोकिएका कार्यालयका अतिरिक्त अन्य कुनै कार्यालय वा संस्थाको महालेखापरीक्षकबाट लेखापरीक्षण गर्नुपर्ने गरी संघीय कानून बमोजिम व्यवस्था गर्न सकिने लेखापरीक्षण गरिने निकायको लेखा संघीय कानून बमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था रहेको छ ।

संविधानको धारा २९४ मा रहेको संवैधानिक निकायको वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था अनुसार महालेखापरीक्षकले गरेको कामको वार्षिक प्रतिवेदन संघीय सरकार तर्फको राष्ट्रपति समक्ष र प्रदेश सरकार तर्फको प्रदेश प्रमुखसमक्ष पेश गर्नुपर्ने र प्रधानमन्त्री तथा मुख्यन्त्री मार्फत त्यस्तो प्रतिवेदन संघीय र प्रदेश संसद समक्ष पेश गरी सार्वजनिक लेखासमितिमा छलफल हुने व्यवस्था छ ।

लेखापरीक्षण ऐन, २०७५ को दफा ४ मा कुनै निकाय वा सो अन्तर्गतका कुनै एकाइ छनौट गरी अर्थिक कारोबार र त्यससँग सम्बन्धित अन्य क्रियाकलापको एक-एक गरी वा बीच-बीचमा छड्के गरी वा केही प्रतिशत मात्र परीक्षण गर्ने व्यवस्था छ । यसैगरी महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी अन्तिम लेखापरीक्षण गर्ने, त्यसबाट प्राप्त भएको तथ्यहरु दर्शाउने, त्यसमा विवेचना तथा आलोचना गर्ने र आर्थिक विवरणउपर राय सहितको प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था अनुसार लेखापरीक्षण व्यवस्थापन हुने गरेको छ । त्यस्तै वित्तीय तथा विविध विषयको लेखापरीक्षण, सामयिक लेखापरीक्षण, अनुदान तथा सहायता लगायतका क्षेत्रको लेखापरीक्षण गर्नसक्ने अधिकारसमेत लेखापरीक्षण ऐनले महालेखापरीक्षकलाई दिएको छ। कार्यालयले हाल संघ तथा प्रदेशका सबै सरकारी कार्यालय, स्थानीय तह एवं सार्वजनिक संस्थानहरुको जोखिममा आधारित वित्तीय तथा नियमितताको लेखापरीक्षण गरिरहेको छ भने विषय वस्तुको तात्विक महत्वको आधारमा महालेखापरीक्षकबाट छनौट भएका विषयमा कार्यमूलक, सूचना प्रविधि, वातावरणीय तथा विशेष लगायतका क्षेत्रको लेखापरीक्षण गर्दै आएको छ । महालेखा परीक्षकको कार्यालयले २०७९ सालसम्म संघतर्फ ६० वटा र प्रदेशतर्फ ५ वटा वार्षिक प्रतिवेदन पेश गरिसकेको छ ।

लेखापरीक्षण ऐन, २०७५ बमोजिम स्थानीय तहको प्रतिवेदन स्थानीय तहमै पेश गर्ने व्यवस्थाअनुसार पेश भएका प्रतिवेदनहरू स्थानीय लेखा समितिमा र सभामा छलफल हुने व्यवस्था छ ।

महालेखापरीक्षकको संवैधानिक तथा कानूनी जिम्मेवारी पूरा गर्नका लागि यस कार्यालय अन्तर्गत पूर्वाधार विकास, आर्थिक तथा सामाजिक क्षेत्र, शासकीय व्यवस्था, प्रदेश तथा स्थानीय तह लगायत विभिन्न क्षेत्रको लेखापरीक्षण गर्न ४ विभाग, १८ महानिर्देशनालय तथा ३५ निर्देशनालयहरु गठन गरिएका छन् । निर्देशनालयको कामको प्रकृति, कार्यक्षेत्र तथा लेखापरीक्षण गर्नुपर्ने निकाय संख्याको आधारमा उक्त निर्देशनालयमा आवश्यकता अनुसार विभिन्न तहका जनशक्तिको पदस्थापन गर्ने गरिएको छ ।

यस कार्यालयमा हाल राजपत्रांकित विशिष्ट श्रेणीका उप-महालेखापरीक्षक ४, राजपत्रांकित प्रथम श्रेणीका नायब महालेखापरीक्षक १८, विशेषज्ञ, कानून र सूचना प्रविधि सहित राजपत्रांकित द्वितीय श्रेणीका निर्देशक ११३ तथा राजपत्रांकित तृतीय श्रेणीका लेखापरीक्षण अधिकारी २५५, राजपत्र अनंकित प्रथम श्रेणीका लेखापरीक्षण अधीक्षक १३० र अन्य सहायक कर्मचारी १२३ समेत कूल ६४३ दरबन्दी रहेको छ ।

कार्यालयले लेखापरीक्षणको माध्यमबाट मुलुकमा सार्वजनिक कोषको संरक्षण गर्ने साथै सरकारी आम्दानी र खर्च लगायत सरकारका काम कारबाहीको स्वतन्त्र तथा उद्देश्यमूलक लेखापरीक्षण गरी सो को प्रतिवेदन मार्फत् वित्तीय अनुशासन कायम गर्न सुझावहरु

दिने गरेको छ । परीक्षणबाट विगत ५ वर्षमा असुल गर्नुपर्ने बेरुजु रु. ८० अर्ब ७६ करोड ४५ लाख देखिएको छ भने रु. २९ अर्ब ३१ करोड ८१ लाख असुल भई राज्य कोषमा दाखिला भएको छ । सार्वजनिक निकायको सेवा प्रवाह, आर्थिक क्रियाकलापमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इण्टोसाई) को सन १९६५ मा र सर्वोच्च लेखापरीक्षण संस्थाहरुको एसियाली संगठन (एसोसाई) को सन १९७७ मा संस्थापक सदस्यता लिई अन्तर्राष्ट्रिय तथा क्षेत्रीय कार्यक्रमहरुमा सक्रिय रुपमा भाग लिनुका साथै लेखापरीक्षण मानदण्ड तथा असल अभ्यासको कार्यान्वयन गरी वित्तीय सुशासन कायम गर्न महालेखापरीक्षकको कार्यालयले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएका सुझावहरुको कार्यान्वयनबाट सार्वजनिक आम्दानी तथा खर्चमा हुने अनियमितता तथा दुरुपयोग नियन्त्रण गर्न र आर्थिक क्रियाकलापका क्षेत्रमा पारदर्शिता, जवाफदेहिता र वित्तीय अनुशासन कायम गर्न प्रत्यक्ष एवं परोक्ष रुपमा मद्दत पुगेको छ ।

प्रदेश प्रमुख, प्रदेश सभा तथा प्रदेश सरकारसँग लेखापरीपरीक्षण सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम

(क) सुदूरपश्चिम प्रदेश

नेपालको संविधान बमोजिम संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको लेखापरीक्षण गर्ने अधिकार महालेखापरीक्षकलाई रहेको छ । आर्थिक वर्ष २०७९।८० को स्वीकृत वार्षिक लेखापरीक्षण योजना, २०८० बमोजिम लेखापरीक्षण कार्य भइरहको छ । लेखापरीक्षण कार्यलाई थप गुणस्तरीय तथा विश्वसनीय बनाउने उद्देश्यले सुदुरपश्चिम प्रदेश सरकारसँग कार्यबाहक महालेखापरीक्षक, उपमहालेखापरीक्षक, नायब महालेखापरीक्षक सहितको टोलीबाट २०८० मंसिर २९ देखि पौष १ सम्म लेखापरीक्षण, बेरुजू तथा सम्परीक्षण सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।



प्रदेश प्रमुख माननीय देवराज जोशी, कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले तथा महालेखापरीक्षकको कार्यालयको टोली ।

सुदूरपश्चिम प्रदेश प्रमुख माननीय देवराज जोशीसँग कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उप-महालेखापरीक्षक श्री पदमराज पौडेल, नायब महालेखापरीक्षक श्री हुमनाथ सुवेदी, निर्देशकहरु श्री छिरिङ्ग तोप्के लामा तामाङ, र श्री रमेश सुवेदीलगायतको टोलीले भेटघाट गर्नुभएको थियो । उक्त भेटघाट कार्यक्रममा माननीय प्रदेश प्रमुखसमक्ष कार्यवाहक महालेखापरीक्षकले वार्षिक लेखापरीक्षण कार्यतालिका, लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति प्रदेश मन्त्रालय तथा कार्यालयहरुको लेखापरीक्षण र वार्षिक प्रतिवेदन तयारीका वारेमा जानकारी गराउनु भएको थियो । सो अवसरमा माननीय प्रदेश प्रमुखले लेखापरीक्षणका माध्यमबाट आर्थिक अनुशासन कायम हुने भएकोले लेखापरीक्षणको महत्वपूर्ण भूमिका रहेको र महालेखापरीक्षकबाट पेश भएका प्रतिवेदनहरु समयमा छलफल गरी कार्यान्वयन गर्नुपर्ने धारणा व्यक्त गर्नु भएको थियो ।



प्रदेश प्रमुख माननीय देवराज जोशी समक्ष कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेज्यूले मायाको चिनो प्रदान गर्नुहुँदै ।

सो कार्यक्रम अन्तर्गत माननीय मुख्यमन्त्री श्री कमल बहादुर शाह, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री, माननीय रामेश्वर चौधरी, कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उपमहालेखापरीक्षक श्री पदमराज पौडेल, नायवमहालेखापरीक्षक श्री हुमनाथ सुबेदी, सुदुरपश्चिम प्रदेशका निमित्त प्रमुख सचिव डा. हरि प्रसाद लम्साल, सहितको उपस्थितिमा सुदुरपश्चिम प्रदेश सरकारसँग लेखापरीक्षण, बेरुजू र सम्परीक्षण सम्बन्धी अन्तर्रक्रिया तथा छलफल सम्पन भएको थियो । त्यसैगरी उक्त कार्यक्रममा प्रदेश सचिवहरु, प्रदेश सरकारको केन्द्रीय निकायका प्रमुखहरु, मन्त्रालय अन्तर्गत रहेका निर्देशनालयका प्रमुखहरु तथा



मुख्यमन्त्री माननीय कमल बहादुर शाह, कार्यवाहक महालेखापरीक्ष श्री महेश्वर काफ्ले, उप- महालेखापरीक्षक श्री पदमराज पौडेल, निमित्त प्रमुख सचिव डा. हरि प्रसाद लम्साल, नायब महालेखापरीक्षक हुमनाथ सुवेदी एवं सुदूरपश्चिम प्रदेशका लेखाउत्तदायी अधिकृतहरु तथा लेखापरीक्षण टोली प्रमुखहरु ।

लेखा प्रमुखहरुको उपस्थिति रहेको थियो । कार्यक्रमका क्रममा प्रदेशको आर्थिक अवस्थाको बारेमा अर्थ मन्त्रालयकका उप-सचिव श्री युवराज बस्नेतले प्रस्तुतीकरण गर्नु भएको थियो । त्यसैगरी प्रदेश लेखा नियन्त्रक श्री वासुदेव जोशीले प्रदेशका निकायहरुको आन्तरिक लेखापरीक्षण सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो । सोही क्रममा उहाँले यस वर्ष NPSAS मा आधारित वित्तीय प्रतिवेदन तयार गरेको तथा PAMS मा आधारित रही सोको प्रतिवेदन तयारीको क्रममा रहेको व्यहोरा जानकारी गराउनु भएको थियो । कार्यक्रममा उप-महालेखापरीक्षक श्री पौडेलले महालेखापरीक्षकको साठिऔँ वार्षिक प्रतिवेदन एवं सुदुरपश्चिम प्रदेशको पाँचौ वार्षिक प्रतिवेदनसम्म देखिएका व्यहोरा तथा सोको कार्यान्वयन अवस्था सम्बन्धमा प्रस्तुतीकरण गर्नु भएको थियो ।

सोही कार्यक्रममा सुदूरपश्चिम प्रदेशका निमित्त प्रमुख सचिव डा. हरिप्रसाद लम्सालले लेखापरीक्षणको जिम्मा लेखा राख्नेको मात्र हो भन्ने सोच उचित नभएको र यसमा कार्यालय प्रमुखले प्रमुख भूमिका निर्वाह गर्नपर्ने धारणा राख्नुभयो । वहाँले हाल जो कार्यालय प्रमुख छ उसले जिम्मेवारी वहन गरी लेखापरीक्षण गराउन, लेखापरीक्षणको क्रममा औँल्याइएका विषयको जवाफ दिन र सम्परीक्षणलाई समेत प्राथमिकतामा राखी लेखापरीक्षक समक्ष पेश गर्न सबै प्रदेश सचिव र निर्देशनालय प्रमुखलाई निर्देशन दिनु भएको थियो ।

कार्यक्रममा प्रदेश सचिव तथा लेखा प्रमुखहरुले गत विगतमा महालेखापरीक्षक कार्यालयबाट औँल्याइएका बेरुजू, बेरुजूमा रहेका द्विविधा तथा आगामी दिनमा हुने सम्परीक्षणको व्यवस्था सम्बन्धमा जिज्ञासा तथा धारणा राख्नुभएको थियो । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी श्री युवराज कट्टेलले आर्थिक सुशासन कायम राख्न महालेखापरीक्षकको भूमिका प्रभावकारी रहेको धारणा राख्नुभएको थियो । उहाँले खर्चको प्रक्रियालाई व्यवस्थित गर्न नसक्दा समेत कहिलेकाहीँ बेरुजू आएको हुँदा सबै निकायले सो विषयमा ध्यान दिनुपर्ने विचार व्यक्त गर्नुभयो । कार्यक्रमा उठान भएका विषय तथा जिज्ञासाका सम्बन्धमा कार्यवाहक महालेखापरीक्षकज्यूले सम्बोधन गरी स्पष्ट पार्नु भएको थियो । सो क्रममा उहाँले सार्वजनिक कोषबाट एक रुपैयाँ नै किन नहोस् सो खर्च गर्दा कानून बमोजिम तथा विधिसम्मत तवरले सोबाट नतिजा आउने साथै आर्थिक अनुशासन र वित्तीय जवाफदेहिता कायम हुनेगरी सोको उपयोग गर्नुपर्ने विचार व्यक्त गर्नुभएको थियो । उहाँले लेखापरीक्षणको विधि, प्रकृया, राष्ट्रिय तथा अन्तर राष्ट्रिय मानदण्ड, असल अभ्यासका बारेमा जानकारी गराउनु हुँदै लेखापरीक्षण व्यवस्थापन र विधिमा सुधार कार्य अवलम्वन गरिएको विषयमा जोड दिनु भएको थियो । साथै वहाँले आर्थिक अनुशासनका माध्यमबाट वित्तीय सुशासन कायम हुने भएकोले समग्र वित्तीय व्यवस्थापनका चरणहरु नीति निर्माण, चक्र बजेट तर्जुमा, स्वीकृति, निकासा तथा खर्च व्यवस्थापन, लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण एवं पृष्ठपोषणमा संलग्न सबै पक्षको जिम्मेवारि र जवाफदेहिता प्रवर्द्धन हुन सकेमा अपेक्षित लक्ष्य हासिल हुनुका साथै प्रचलित ऐन नियमले तोकेको समयावधि भित्र बेरुजु फर्स्यौट गरी वित्तीय स्वच्छता कायम गर्न सबैपक्षले कार्य गर्नुपर्ने धारणा व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा माननीय मुख्यमन्त्री श्री कमलबहादुर शाहले लेखापरीक्षणको महत्वलाई दृष्टिगत गरेर नै अन्य कार्यक्रमहरुलाई पर सारेर यो कार्यक्रममा आफू उपस्थित भएको भन्नुभयो । उहाँले राजनैतिक नेतृत्व र प्रशासनिक नेतृत्वको सहजीकरणबाट मात्र आर्थिक अनुशासन र नतिजा हासिल हुने धारणा राख्नुभएको थियो । उहाँले हाल आएरसामान्य नागरिकले समेत महालेखापरीक्षकको प्रतिवेदनलाई चासोको रुपमा हेरिरहेको हुँदा यसको महत्व उल्लेखनीय रहेको र सुदुरपश्चिम प्रदेशमा आर्थिक अनुशासन कायम गराउन महालेखापरीक्षक कार्यालयलाई सल्लाहकारको भूमिका निर्वाह गरी दिन आग्रह समेत गर्नुभयो ।



सुदूरपश्चिम प्रदेश सरकारसँगको अन्तरक्रिया कार्यक्रममा उप-महालेखापरीक्षक श्री पदमराज पौडेलले प्रस्तुतीकरण गर्नु हुँदै ।

सुदूरपश्चिम प्रदेश सभाको सभामुख माननीय भीम बहादुर भण्डारी, उप सभामुख माननीय कोइलीदेवी चौधरी सार्वजनिक लेखा समितिका सदस्यहरु माननीय सन्तोष कुमारी शर्मा, माननीय टीकादेवी, माननीय मधुदेवी भारती, माननीय बेल बहादुर राना मगर, माननीय विक्रम सिंह धामी, माननीय गीता कुमारी चौधरी, माननीय मानबहादुर धामी, माननीय अक्कल बहादुर रावल लगायतको सदस्यहरुसँग कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उपमहालेखापरीक्षक श्री पदमराज पौडेल, नायब महालेखापरीक्षक श्री हुमनाथ सुवेदी, निर्देशक छिरिङ तोप्के लामा र रमेश सुवेदी सहितको टोलीबाट छलफल तथा अन्तरक्रिया सम्पन भयो । उक्त कार्यक्रममा प्रदेश सभाको सचिवालयका कर्मचारीहरुसमेतको उपस्थिति रहेको थियो । उक्त कार्यक्रमा उपमहालेखापरीक्षक श्री पौडेलेले लेखापरीक्षणको प्रकार, पद्धति, प्रक्रिया, प्रतिवेदन र सोको कार्यान्वयन सम्बन्धमा जानकारी गराउनु भएको थियो ।

उक्त कार्यक्रममा कार्यवाहक महालेखापरीक्षकज्यूले महालेखापरीक्षकको कार्यालय र सार्वजनिक लेखासमितिको सम्बन्ध, सार्वजनिक लेखा समितिको कार्यक्षेत्र, वार्षिक प्रतिवेदन तयार गर्ने प्रकृया, सार्वजनिक लेखा समितिमा हुने छलफलको विधि तथा महालेखापरीक्षकको कार्यालयको उपस्थिति, सार्वजनिक लेखा समितिबाट हुने निर्णयबाट समग्र वित्तीय सुशासनमा पुग्ने सहयोगका सम्बन्धमा प्रकाश पार्नु भएको थियो । सोही क्रममा उहाँले माननीय सदस्यबाट उठाइएका बेरुजू, बेरुजू असुल फस्यौट गर्ने कार्यविधि, लेखापरीक्षकको स्वतन्त्रता, समितिको कार्य प्रभावकारिता लगायतका विषयमा आफ्नो धारणा राख्नु भएको थियो ।



सभामुख माननीय भीम बहादुर भण्डारी, उप सभामुख कोइलीदेवी चौधरी तथा सार्वजनिक लेखा समितिका पदाधिकारीहरुसँगको छलफल पश्चातको सामूहिक तस्वीर ।

उक्त कार्यक्रममा माननीय सभामुखले प्रदेश सरकार तथा स्थानीय तहबाट भएका केही अनुत्पादक कार्यहरुको उदाहरण दिँदै त्यस्ता पक्षमा महालेखापरीक्षक कार्यालयले ध्यान दिनुपर्ने विचार व्यक्त गर्नुभयो । सोही क्रममा उहाँले सुदूरपश्चिम प्रदेशको प्रतिवेदनलाई छलफलमा ल्याई आर्थिक अनुशासन कायम गर्नुपर्ने राख्नुभएको थियो । उहाँले यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्ने तथा सार्वजनिक लेखासमितिको वार्षिक प्रतिवेदन उपर हुने छलफलमा महालेखापरीक्षक कार्यालयलाई समेत आमन्त्रण गरी समितिको कार्य प्रभावकारिता बढाउनुपर्ने धारणा राख्नुभएको थियो ।

(ख) कर्णाली प्रदेश

नेपालको संविधान बमोजिम सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहको लेखापरीक्षण गर्ने अधिकार महालेखापरीक्षकलाई रहेको छ। आर्थिक वर्ष २०७९।८० को स्वीकृत वार्षिक लेखापरीक्षण योजना, २०८० बमोजिम लेखापरीक्षण कार्य भइरहको छ । लेखापरीक्षण कार्यलाई थप गुणस्तरीय तथा विश्वसनीय बनाउने उद्देश्यले कर्णाली प्रदेश सरकारसँग कार्यवाहक महालेखापरीक्षक तथा उप-महालेखापरीक्षक सहितको टोलीबाट मिति २०८० मंसिर २६ देखि २८ सम्म लेखापरीक्षण, बेरुजू तथा सम्परीक्षण सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कर्णाली प्रदेश प्रमुख माननीय तिलक परियारसँग कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उप-महालेखापरीक्षक श्री पदमराज पौडेल, निर्देशक श्री ताराध्वज सुनवार, निर्देशक श्री रमेश सुवेदी, निर्देशक श्री मुकुन्द घिमिरे लगायतको टोलीले भेटघाट गर्नुभएको थियो । उक्त भेटघाट कार्यक्रममा माननीय प्रदेश प्रमुखसमक्ष कार्यवाहक महालेखापरीक्षकज्यूले लेखापरीक्षण कार्यतालिकाका, लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति, प्रदेश मन्त्रालय तथा कार्यालयहरुको लेखापरीक्षण र वार्षिक प्रतिवेदन तयारीका बारेमा जानकारी गराउनु भएको थियो । सो अवसरमा माननीय प्रदेश प्रमुखबाट लेखापरीक्षणको भूमिका र जिम्मेवारी महत्वपूर्ण रहेको धारणा राख्दै सरकारी रकम खर्च गर्दा कानूनी र प्रक्रियागत पक्षमा ध्यान दिनुपर्ने, आर्थिक अनुशासन कायम गर्न व्यवहार र प्रवृत्तिमा सुधार ल्याउनुपर्ने विचार व्यक्त गर्नु भएको थियो ।



कर्णाली प्रदेशका प्रदेश प्रमुख माननीय तिलक परियारसँग कार्यवाहक महालोखापरीक्षक श्री महेश्वर काफ्ले, उप- महालेखापरीक्षक श्री पदराज पौडेल, निर्देशक श्री ताराध्वज सुनुवार, श्री रमेश सुवेदी र श्री मुकुन्द घिमिरे ।

उक्त कार्यक्रममा कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री राजकुमार शर्मा, प्रदेश सरकारका माननीय मन्त्रीज्यूहरु, कार्यवाहक महालेखापरीक्षक, उप-महालेखापरीक्षक, कर्णाली प्रदेशका निमित्त प्रमुख सचिव श्री चुडामणि पौडेल सहितको उपस्थितिमा कर्णाली प्रदेश सरकारसँग लेखापरीक्षण, बेरुजू र सम्परीक्षण सम्बन्धी अन्तरक्रिया तथा छलफल सम्पन्न भएको थियो । कार्यक्रममा प्रदेश सचिवहरु, प्रदेश सरकारको केन्द्रीय निकायका प्रमुखहरु तथा लेखा प्रमुखहरुको उपस्थिति रहेको थियो । उप-महालेखापरीक्षक पौडेलले महालेखापरीक्षकको साठिऔँ वार्षिक प्रतिवेदन एवं कर्णाली प्रदेशको पाँचौ वार्षिक प्रतिवेदनसम्म देखिएका व्यहोरा तथा सोको कार्यान्वयन अवस्था सम्बन्धमा प्रस्तुतीकरण गर्नु भएको थियो ।

सोही कार्यक्रममा कर्णाली प्रदेशका निमित्त प्रमुख सचिव श्री पौडेलले प्रदेश सरकारको आर्थिक अवस्थाको बारेमा जानकारी गराउनु हुँदै हालसम्मको बेरुजूको स्थितिलाई मध्यनजर राख्दै आगामी दिनहरुमा बेरुजू नहुने गरी कार्य सम्पादन गर्नुपर्ने विचार व्यक्त गर्नुभएको थियो । साथै, उहाँले सबै प्रदेश सचिवज्यूहलाई लेखापरीक्षणकै क्रममा गतविगतका बेरूजु सम्परीक्षण गराउन समेत अनुरोध गर्नु भएको थियो ।



कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय राजकुमार शर्मा, माननीय मन्त्रीज्यूहरु, कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उप- महालेखापरीक्षक श्री पदमराज पौडेल, नि. प्रमुख सचिव श्री चुडामणि पौडेल एवं लेखाउत्तरदायी अधिकृत तथा लेखापरीक्षण टोली प्रमुखसहितको अन्तरक्रिया कार्यक्रम

कार्यक्रममा प्रदेश सचिव तथा लेखा प्रमुखहरुले नियमित गर्नुपर्ने प्रकृतिका बेरूजु, मोबिलाइजेसन पेश्की, उपभोक्ता समितिका कार्य, कर्मचारी दरबन्दी र समायोजन र क्षमता विकास लगायतका विषयमा जिज्ञासा राख्नु भएको थियो। सहभागीहरूबाट राखिएका जिज्ञासाका सम्बन्धमा कार्यवाहक महालेखापरीक्षकले स्पष्ट पार्नु भएको थियो। सो क्रममा उहाँले सार्वजनिक कोषबाट हुने खर्च कानून बमोजिम विधिसम्मत तवरले गर्नुपर्ने र सो खर्चबाट नतिजा आउने गरी आर्थिक अनुशासन र वित्तीय जवाफदेहिता कायम हुनुपर्ने विचार व्यक्त गर्नुभएको थियो । उहाँले लेखापरीक्षणको विधि, प्रकृया, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानदण्ड, असल अभ्यासका बारेमा जानकारी गराउनु हुँदै लेखापरीक्षण व्यवस्थापन र विधिमा सुधार कार्य अवलम्वन गरिएको विषयमा जोड दिदै बेरूजु भनेको रूजु नभएको अंक हो र नहुनु कानून, प्रक्रिया र नतिजामा रूजु नभएको विषय प्रतिवेदनमा उल्लेख हुने धारणा व्यक्त गर्नु भएको थियो। लेखापरीक्षणका माध्यमबाट वित्तीय अनुशासन कायम हुने भएकोले समग्र वित्तीय व्यवस्थापनका चरणहरु नीति निर्माण, चक्र बजेट तर्जुमा, स्वीकृति, निकासा तथा खर्च व्यवस्थापन, लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण एवं पृष्ठपोषणमा संलग्न सबै पक्षले जिम्मेवारि र जवाफदेहिता वहन गर्न आवश्यक रहेको र प्रचलित ऐन, नियमले तोकेको समयावधिभित्र बेरुजु फर्स्यौट गरी वित्तीय स्वच्छता कायम गर्नुपर्ने सुझाव व्यक्त गर्नुभएको थियो।

कार्यक्रममा माननीय मुख्यमन्त्री श्री शर्माले यस्ता कार्यक्रमबाट प्रदेश सरकारलाई आर्थिक अनुशासन र वित्तीय जवाफदेहिता निर्वाह गर्न सहयोग पुग्ने धारणा राख्दै उहाँले सार्वजनिक निकायका पदाधिकारीले सरकारी रकम खर्च गर्दा बेरूजु नहुने गरी गर्नुपर्ने, जनताले सेवा तथा नतिजा खोज्ने तर हामी प्रकृया खोज्ने भएकोले प्रकृयालाई सरलीकरण गर्दै बेरूजू न्यूनिकरणमा जोड दिनु पर्ने विषय, विद्यमान बेरुजूहरुको सम्बन्धमा आवश्यक प्रमाण उपलब्ध गराई सोको समयमै सम्परीक्षण गराउनु पर्ने विचार व्यक्त गर्नु भएको थियो। सोही क्रममा उहाँले लेखापरीक्षण कार्यलाई सहज तथा गुणस्तरीय बनाउन कर्णाली प्रदेशमा महालेखापरीक्षकको कार्यालयको सम्पर्क कार्यालय खोल्न समेत अनुरोध गर्दै सोको लागि प्रदेश सरकारले आवश्यक सहयोग गर्ने जानकारी गराउनु भएको थियो।



सार्वजनिक लेखा समितिको सभापति माननीय जीतबहादुर मल्ल तथा सदस्यहरु, कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उप- महालेखापरीक्षक श्री पदमराज पौडेल सार्वजनिक लेखा समितिमा छलफल गर्नुहुँदै।

प्रदेश सभाका सभामुख माननीय श्री नन्दा गुरूङ तथा उप सभामुख माननीय यशोदा न्यौपानेसँग कार्यवाहक महालेखापरीक्षक, उप-महालेखापरीक्षक तथा निर्देशकहरु सहितको टोलीबाट भेटघाट सम्पन भयो । सो अवसरमा कार्यवाहक महालेखापरीक्षकज्यूले महालेखापरीक्षकको कार्यालयको संवैधानिक भूमिका, लेखापरीक्षण विधि, प्रक्रिया, लेखापरीक्षण प्रतिवेदन, प्रदेश सभा, प्रदेश सरकार र महालेखापरीक्षकबीचको सम्बन्धका बारेमा चर्चा गर्नु भएको थियो । सो अवसरमा माननीय उप-सभामुखले नीति निर्माण र कार्यान्वयनमा फरक रहेको, जनताको आवश्यकता र चाहना अनुसार काम हुन नसकेको, सम्बन्धित पदाधिकारबाट जिम्मेवेवारी र जवाफदेहिता पुरा हुन नसककोले महालेखापरीक्षकको रचनात्मक सुझावबाट आर्थिक अनुशासन कायम हुने धारणा राख्नु भएको थियो भने माननीय सभामुखबाट खर्च गर्ने विधि र प्रक्रियामा त्रुटि रहने, नतीजा नआउने, सैद्धान्तिक र व्यवहारिक पक्ष नमिलेको जस्ता कारणबाट आर्थिक अनुशासन कायम हुन नसकेको धारणा राख्दै लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनमा सार्वजनिक लेखा समितिको भूमिका महत्वपूर्ण हुने विश्वास गर्नु भएको थियो ।

यसैगरी प्रदेश सभाको सार्वजनिक लेखा समितिका सभापति माननीय जीतबहादुर मल्ल र माननीय सदस्यहरुसँग कार्यवाहक महालेखापरीक्षक श्री काफ्ले, उपमहालेखापरीक्षक श्री पौडेल निर्देशकद्वय सहितको टोलीबाट छलफल तथा अन्तरक्रिया सम्पन भयो। कार्यक्रममा प्रदेश सभाका सचिव जीवराज बुढाथोकीकोसमेत उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा लेखा समितिका सचिव श्री उपेन्द्र गुरूङले समितिको हालसम्मको काम कारबाहीका बारेमा प्रस्तुतीकरण गर्नु भएको थियो भने उपमहालेखापरीक्षक श्री पौडेलेले लेखापरीक्षणको प्रकार, विधि, पद्धति, प्रक्रिया, प्रतिवेदन र सोको कार्यान्वयन सम्बन्धमा जानकारी गराउनु भएको थियो ।

उक्त कार्यक्रममा कार्यवाहक महालेखापरीक्षकज्यूले महालेखापरीक्षकको कार्यालय र सार्वजनिक लेखासमितिबीचको सम्बन्ध, सार्वजनिक लेखा समितिको कार्यक्षेत्र, वार्षिक प्रतिवेदन तयार गर्ने प्रकृया, सार्वजनिक लेखा समितिमा हुने छलफलको विधि तथा महालेखापरीक्षकको कार्यालयको उपस्थिति, सार्वजनिक लेखा समितिबाट हुने निर्णयबाट समग्र वित्तीय सुशासनमा पुग्ने सहयोगका सम्बन्धमा प्रकाश पार्नँ भएको थियो । सोही क्रममा उहाँले माननीय सदस्यहरूबाट उठाइएका प्रतिवेदनमा उल्लिखित बेरुजू, असुल फस्यौट गर्ने कार्यविधि, लेखापरीक्षणको स्वतन्त्रता, समितिको कार्य प्रभावकारिता लगायतका विषयमा आफ्नो धारणा राख्नु भएको थियो । माननीय सदस्यहरूको जिज्ञासाहरुका सम्बन्धमा कार्यवाहक महालेखापरीक्षकले स्पष्ट पार्नु भएको थियो ।

उक्त कार्यक्रममा माननीय सभापतिज्यूले सार्वजनिक लेखा समितिले गरेका काम कारबाहीको जानकारी गराउनु हुँदै लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित विषयको कार्यान्वयनबाट आर्थिक अनुशासन कायम हुने भएकोले समितिको सक्रियता बढाउनु पर्ने आवश्यकता रहेको, प्रतिवेदनमा उल्लिखित जटिल पक्षका सम्बन्धमा विज्ञहरूसँग छलफल सम्वाद भइरहेको, र वार्षिक प्रतिवेदन उपर हुने छलफलमा महालेखापरीक्षकको कार्यालयलाई समेत आमन्त्रण गरी समितिको कार्य प्रभावकारिता बढाउनुपर्ने धारणा राख्नु भएको थियो ।



सार्वजनिक लेखा समितिको छलफल पश्चात् माननीय सभापती जीतबहादुर मल्ल, माननीय सदस्यहरु, कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उप महालेखापरीक्षक श्री पदमराज पौडेल, प्रदेश सभा सचिवालयका सचिव श्री जीवराज बुढाथोकी तथा लेखापरीक्षण टोली एवं अन्य कर्मचारीहरु ।

(ग) लुम्बिनी प्रदेश

नेपालको संविधान बमोजिम संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको लेखापरीक्षण गर्ने अधिकार महालेखापरीक्षकलाई रहेको छ। आर्थिक वर्ष २०७९।८० को स्वीकृत वार्षिक लेखापरीक्षण योजना, २०८० बमोजिम लेखापरीक्षण कार्य भइरहको छ । लेखापरीक्षण कार्यलाई थप गुणस्तरीय तथा विश्वसनीय बनाउने उद्देश्यले लुम्बिनी प्रदेश सरकारसँग कार्यबाहक महालेखापरीक्षक, उपमहालेखापरीक्षक सहितको टोलीबाट मिति २०८० मंसिर २४ देखि २६ सम्म लेखापरीक्षण, बेरुजू तथा सम्परीक्षण सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

लुम्बिनी प्रदेश प्रमुख माननीय अमिक शेरचनज्यूसँग महालेखापरीक्षकको कार्यालयका उपमहालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारी, निर्देशक श्री टीकाराम श्रेष्ठ, निर्देशक श्री किशोर पाण्डे, लेखापरीक्षण अधिकारी श्री डिल्ली बहादुर ओली लगायतको टोलीले भेटघाट गर्नभएको थियो । उक्त भेटघाट कार्यक्रममा माननीय प्रदेश प्रमुखसमक्ष उप-महालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीले वार्षिक लेखापरीक्षण कार्यतालिकाका, लेखापरीक्षणको उद्देश्य, क्षेत्र पद्धति, प्रदेश मन्त्रालय तथा कार्यालयहरुको लेखापरीक्षण र वार्षिक प्रतिवेदन तयारीका लगायतमा बारेमा जानकारी गराउनु भएको थियो । सो अवसरमा माननीय प्रदेश प्रमुखबाट लेखापरीक्षणका माध्यमबाट अर्थिक अनुशासन कायम हुने भएकोले लेखापरीक्षणको भूमिका महत्वपूर्ण रहेको र महालेखापरीक्षकबाट पेश भएका प्रतिवेदनहरु समयमा छलफल गरी कार्यान्वयन गर्नुपर्ने धारणा व्यक्त गर्नु भएको थियो ।



लुम्बिनी प्रदेश प्रमुख माननीय अमिक शेरचन, उप-महालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारी, निर्देशक श्री टिकाराम श्रेष्ठलगातको लेखापरीक्षण टोली र अन्य ।

कार्यक्रम अन्तर्गत माननीय मुख्यमन्त्री श्री डिल्लीबहादुर चौधरी, प्रदेश सरकारका माननीय मन्त्रीज्यूहरु, कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उपमहालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारी, लुम्बिनी प्रदेशका प्रमुख सचिव श्री राधिका अर्याल सहितको उपस्थितिमा लुम्बिनी प्रदेश सरकारसँग लेखापरीक्षण, बेरुजू र सम्परीक्षण सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन भएको थियो । त्यसैगरी उक्त कार्यक्रममा लमही नगरपालिकाका नगरप्रमुख श्री जोगराज चौधरी, राप्ती गाउँपालिकाको अध्यक्ष श्री प्रकाश विष्ट, प्रदेश सचिवहरु, प्रदेश सरकारका केन्द्रीय निकायका प्रमुखहरु तथा लेखा प्रमुखहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा अर्थ मन्त्रालयका सचिव श्री केदारनाथ शर्माले प्रदेश सरकारको समग्र आर्थिक अवस्था, प्रदेश लेखा नियन्त्रक श्री दिपक ज्ञवालीले आन्तरिक लेखापरीक्षणबाट औँल्याइएका विषयहरु र उपमहालेखापरीक्षक श्री अधिकारीले महालेखापरीक्षकको साठिऔँ वार्षिक प्रतिवेदन एवं लुम्बिनी प्रदेशको पाँचौ वार्षिक प्रतिवेदनसम्म देखिएका व्यहोरा तथा सोको कार्यान्वयन अवस्था सम्बन्धमा प्रस्तुतीकरण गर्नु भएको थियो ।

उक्त कार्यक्रममा लुम्बिनी प्रदेशका प्रमुख सचिव श्री राधिका अर्यालले प्रदेश सरकारको हालसम्मको बेरुजूलाई न्यूनीकरण गर्न र आगामी दिनमा बेरुजू नहुने गरी कार्य सम्पादन गर्न कार्यक्रमले सहयोग पुगेको विचार व्यक्त गर्नुभयो । उहाँले हाल भइरहेको लेखापरीक्षण कार्यलाई सहयोग गर्न तथा गत विगतका बेरुजूहरु फर्स्यौटको अभियानमा लाग्न सबै सचिवज्यूहलाई अनुरोध गर्नु भएको थियो ।

कार्यक्रममा प्रदेश सचिवहरु, स्थानीय तहका प्रमुखहरु, प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखहरुले बेरूजुमा एकरूपता, प्रदेशको प्राथमिकता र आवश्यकता, अनुदान भुक्तानी र उपलब्धि, विकास निर्माण, उपभोक्ता समितिका कार्य, बेरूजुको प्रकृति र नियमितता, कार्यान्वयन, दरबन्दी र कर्मचारी समायोजन लागयतका विषयमा जिज्ञासा राख्नु भएको थियो । त्यहाँ उठान भएका विषय तथा जिज्ञासा सम्बन्धमा कार्यवाहक महालेखापरीक्षकज्यूले



लुम्बिनी प्रदेश सरकारसँग अन्तरक्रिया कार्यक्रममा माननीय मुख्यमन्त्री, माननीय मन्त्रीहरु, कार्यवाहक महालेखापरीक्षक, उप महालेखापरीक्षक, प्रमुख सचिव, लेखाउत्तरदायी अधिकृत एवं अन्य कर्मचारीहरु ।

सम्बोधन गर्दै सार्वजनिक कोषबाट एक रुपैयाँ नै किन नहोस् सो खर्च गर्दा कानून तथा विधिसम्मत् तवरले सोबाट नतिजा आउने साथै आर्थिक अनुशासन र वित्तीय जवाफदेहिता कायम हुने गरी सोको उपयोग गर्नपर्ने विचार व्यक्त गर्नुभएको थियो । उहाँले लेखापरीक्षणको विधि, प्रकृया, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानदण्ड, असल अभ्यासका बारेमा जानकारी गराउनु हुँदै लेखापरीक्षण व्यवस्थापन र विधिमा सुधार कार्य अवलम्बन गरिएको विषयमा जोड दिनु भएको थियो । आर्थिक अनुशासनका माध्यमबाट वित्तीय सुशासन कायम हुने भएकोले समग्र वित्तीय व्यवस्थापनका चरणहरु: नीति निर्माण, चक्र बजेट तर्जुमा, स्वीकृति, निकासा तथा खर्च व्यवस्थापन, लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण एवं पृष्ठपोषणमा संलग्न सबै पक्षको जिम्मेवारि र जवाफदेहिता प्रवर्द्धन हुन सकेमा अपेक्षित लक्ष्य हासिल हुनुका साथै प्रचलित ऐन नियमले तोकिएको समयावधि भित्र बेरुजु असुल फर्स्यौट गरी वित्तीय स्वच्छता कायम हुने भनी सो अनुरुप सबै पक्षले कार्य गर्नुपर्ने धारण व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा माननीय मुख्यमन्त्रीज्यूले यस्तो कार्यक्रमबाट प्रदेश सरकारलाई आर्थिक अनुशासन र वित्तीय जवाफदेहिता निर्वाह गर्न सहजीकरण हुने धारणा राख्नुभयो । उहाँले विद्यमान बेरुजूहरुको सम्बन्धमा आवश्यक प्रमाण उपलब्ध गराई स्थलगत लेखापरीक्षण डोर समक्ष पेश गरी प्रदेश राजधानी मै सम्परीक्षण गराउन निर्देशन दिनुभएको थियो । सोही क्रममा उहाँले लेखापरीक्षण कार्यलाई सहज तथा गुणस्तरीय बनाउन लुम्बिनी प्रदेशमा महालेखापरीक्षकको कार्यालयको सम्पर्क कार्यालय स्थापना गर्न उपयुक्त हुने धारणासमेत व्यक्त गर्नु भयो ।



लुम्बिनी प्रदेशका मुख्यमन्त्री माननीय डिल्लीबहादुर चौधरी, माननीय मन्त्रीज्यूहरु, कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उप-महालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारी, प्रमुख सचिव श्री राधिका अर्याल तथा लेखा उत्तरदायी अधिकृत एवं लेखापरीक्षक टोली प्रदेश सरकारसँगको अन्तरक्रिया पश्चातको सामूहिक तस्वीर ।



प्रदेश सभाका सभामुख माननीय तुलाराम घर्तीमगर, उप सभामुख माननीय मेनुका खाँड केसी, माननीय सदस्यहरु, कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उप महालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारीलगायतको टोली सार्वजनिक लेखा समितिमा छलफल गर्दै ।

प्रदेश सभाका सभामुख माननीय श्री तुलाराम घर्ती मगर, उपसभामुख माननीय श्री मेनुका खाँड के.सी., सार्वजनिक लेखा समितिका सदस्यहरु माननीय कन्हैया बानियाँ, माननीय दीपेन्द्र पुन मगर, माननीय धनलक्ष्मी श्रेष्ठ, माननीय रामजी प्रसाद घिमिरे, माननीय मिना कुमारी वुढा लगायतसँगको छलफलमा कार्यवाहक महालेखापरीक्षक, उप-महालेखापरीक्षक तथा निर्देशकहरुको सहभागिता थियो ।

उक्त कार्यक्रममा कार्यवाहक महालेखापरीक्षकले महालेखापरीक्षकको कार्यालय र सार्वजनिक लेखासमितिको सम्बन्ध, सार्वजनिक लेखा समितिको कार्यक्षेत्र, वार्षिक प्रतिवेदन तयार गर्ने प्रकृया, सार्वजनिक लेखा समितिमा हुने छलफलको विधि तथा महालेखापरीक्षकको कार्यालयको उपस्थिति, सार्वजनिक लेखा समितिबाट हुने निर्णयबाट समग्र वित्तीय सुशासनमा पुग्ने सहयोगका सम्बन्धमा प्रकाश पार्नँ भएको थियो । सोही क्रममा उहाँले माननीय सदस्यहरुबाट उठाइएका बेरुजू, र सो को असुल फर्स्यौट गर्ने कार्यविधि, लेखापरीक्षणकको स्वतन्त्रता, समितिको कार्य प्रभावकारिता लगायतका विषयलाई सम्बोधन भएको थियो ।

उक्त कार्यक्रममा माननीय समामुखबाट लुम्बिनी प्रदेशको प्रतिवेदनलाई छलफलमा ल्याई आर्थिक अनुशासन कायम गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । सोही क्रममा उहाँले यस्ता कार्यक्रमको निरन्तरता दिनुपर्ने तथा सार्वजनिक लेखासमितिको वार्षिक प्रतिवेदन उपर हुने छलफलमा महालेखापरीक्षक कार्यालयलाई समेत आमन्त्रण गरी समितिको कार्य प्रभावकारिता बढाउनुपर्ने धारणा राख्दै कार्यक्रमको समापन गर्नँभएको थियो ।



प्रदेश सभाको सभामुख माननीय तुलाराम घर्ती मगर, उप सभामुख माननीय मेनुका खाँड केसी सार्वजनिक लेखा समितिको छलफल पश्चात माननीय सदस्यहरु, कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उप महालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारी, प्रदेश सभा सचिवालयका सचिव दुर्लभ कुमार पुन, निर्देशक श्री रमेश सुवेदी एवं अन्य कर्मचारीहरु ।

(घ) गण्डकी प्रदेश

नेपालको संविधान बमोजिम संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको लेखापरीक्षण गर्ने अधिकार महालेखापरीक्षकलाई रहेको छ । वार्षिक लेखापरीक्षण योजना, २०८० बमोजिम आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण कार्य भइरहको छ । लेखापरीक्षण कार्य थप गुणस्तरीय तथा विश्वसनीय बनाउने उद्देश्यले गण्डकी प्रदेश सरकारसँग कार्यवाहक महालेखापरीक्षक तथा उप-महालेखापरीक्षक सहितको टोलीबाट मिति २०८० पौष २५ गते लेखापरीक्षण, बेरुजू तथा सम्परीक्षण सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

गण्डकी प्रदेश प्रमुख माननीय पृथ्वीमान सुब्बाज्यूसँग कार्यवाहक महालेखापरीक्षक महेश्वर काफ्ले, नायब महालेखापरीक्षक श्री जयराम घिमिरे, निर्देशक श्री रमेश सुवेदी लगायतको टोलीले २०८०।९।२३ गते भैंसेपाटी स्थित प्रदेश प्रमुखको निवासमा भेटघाट गर्नु भएको थियो । सो कार्यक्रममा प्रमुख कार्यालयको निमित्त सचिव श्री चण्डीप्रसाद अर्यालको उपस्थिति रहको थियो । उक्त भेटघाट कार्यक्रममा माननीय प्रदेश प्रमुख समक्ष कार्यवाहक महालेखापरीक्षकज्यूले वार्षिक लेखापरीक्षण कार्यतालिका, लेखापरीक्षण विधि पद्धति, तरिका, गण्डकी प्रदेश मन्त्रालय तथा कार्यालयहरुको लेखापरीक्षण र वार्षिक प्रतिवेदन तयारीका बारेमा जानकारी गराउनु भएको थियो । नायब महालेखापरीक्षक श्री घिमिरेले लेखापरीक्षकले लेखापरीक्षणको विषयमा सम्बन्धित सरोकारवालासँगको अन्तरक्रिया गर्ने परम्परा अनुसार माननीय समक्ष जानकारी गराउनु भेटघाटको मुख्य उद्देश्य रहेको जानकारी गराउनु भएको थियो । सो अवसरमा माननीय प्रदेश प्रमुखबाट मुलुकको अर्थतन्त्रलाई सुधार गर्न नागरिकमा राम्रो छवि दर्साउन, संवैधानिक अंगहरुको सकृयता महत्वपूर्ण हुने, महालेखापरीक्षकको रचनात्मक सुझाव सहित प्रतिवेदनले वित्तीय अनुशासन थप प्रभावकारी बनाउन टेवा पुगेको धारणा व्यक्त गर्नँ भएको थियो ।



गण्डकी प्रदेशका प्रदेश प्रमुख माननीय पृथ्वीमान सुब्बा, कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, नायब महालेखापरीक्षक श्री जयराम घिमिरे, नि. सचिव श्री चण्डी प्रसाद अर्याललगायत ।

मुख्यमन्त्री माननीय सुरेन्द्रराज पाण्डे, भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालयका माननीय मन्त्री रेशम बहादुर जुग्जाली, आर्थिक मामिला मन्त्रालयको मन्त्री माननीय जीत प्रकाश आलेमगर, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयको मन्त्री माननीय दिपेन्द्र बहादुर थापा, जिल्ला समन्वय समिति कास्कीको प्रमुख श्री लिलाधर पौडेल, कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उप-महालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारी, गण्डकी प्रदेशका प्रमुख सचिव श्री लक्ष्मी बस्नेत, नायब महालेखापरीक्षक श्री जयराम घिमिरे, उपस्थितिमा गण्डकी प्रदेश सरकारसँग लेखापरीक्षण, बेरुजू र सम्परीक्षण सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको थियो। त्यसैगरी उक्त कार्यक्रममा प्रदेश सचिवहरु, प्रदेश सरकारको केन्द्रीय निकायका प्रमुखहरु, निर्देशनालयका प्रमुखहरू तथा लेखा प्रमुखहरुको उपस्थिति रहेको थियो । सो कार्यक्रममा गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालयको नायब श्री जयराम घिमिरेले स्वागत मन्तव्य राख्नु भएको थियो । प्रदेशको नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित पहिलो प्रतिवेदन प्रदेश लेखा नियन्त्रक श्री किशोर कुमार श्रेष्ठले कार्यवाहक महालेखापरीक्षकलाई बुझाउनु हुँदै प्रदेशको आन्तरिक लेखापरीक्षणको अवस्थाको बारेमा प्रस्तुतीकरण गर्नु भएको थियो । आर्थिक मामिला मन्त्रालयको सचिव श्री बलराम



माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डे समक्ष मायाँको चिनो प्रदान गर्नुहुँदै कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले साथमा उप महालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारी, प्रमुख सचिव लक्ष्मी बस्नेत, नायव महालेखापरीक्षक श्री जयराम घिमिरे र निर्देशक श्री रमेश सुवेदी ।

रिज्यालले प्रदेशको आर्थिक अवस्थाको बारेमा प्रस्तुतिकरण गर्नु भएको थियो । उप-महालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीले लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति, लेखापरीक्षण कार्यतालिका, बेरुजु फर्स्यौट तथा सम्परीक्षण विधिका बारेमा जानकारी गराउनु हुदै महालेखापरीक्षकको साठिऔँ वार्षिक प्रतिवेदन एवं गण्डकी प्रदेशको पाँचौ वार्षिक प्रतिवेदनसम्म देखिएका व्यहोरा तथा सोको कार्यान्वयन अवस्था सम्बन्धमा प्रस्तुतीकरण गर्नु भएको थियो ।

कार्यक्रममा प्रदेश सचिवहरु तथा लेखा प्रमुखहरुबाट महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरूजुको फर्स्यौट विधि, विकास निर्माण, खरिद व्यवस्थापन, उपभोक्ता समितिका कार्य, बेरूजुको प्रकृति र नियमितता, लागयतका विषयमा जिज्ञासा राख्नु भएको थियो ।

उक्त कार्यक्रममा गण्डकी प्रदेशका प्रमुख सचिव श्री लक्ष्मी बस्नेतले प्रदेशको मुख्य मुख्य वेरुजुको प्रवृतिको अध्ययन गरी प्रदेश सचिव एवं कार्यालय प्रमुखलाई आफ्नो मन्त्रालयरकार्यालयको बेरूजु न्यूनीकरणको लागि निर्देशन दिनु भयो । साथै प्रणालीमा अपलोड भएको प्रतिकृयालाई समयमानै टुङ्गाइदिन महालेखापरीक्षकको लेखापरीक्षण टोलीलाई समेत ध्यानाकर्षण गराउनु भयो । आर्थिक कार्यविधि सम्बन्धी ऐन नियममा अधारित भएर खर्च गर्नु पर्ने तथा लेखाउत्तरदायी अधिकृतको भूमिका अनुसार बजेट तर्जुमा, निकासा, खर्च तथा लेखांकन र लेखापरीक्षणमा प्रचलित कानूनले तोकेको जिम्वेवारिता र जवाफदेहिता पुरा गरी आर्थिक अनुशासन कायम गर्नु पर्ने धारणा राख्नु भएको थियो ।

कार्यक्रममा कार्यवाहक महालेखापरीक्षकज्यूले लेखापरीक्षणको विधि, प्रकृया, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानदण्ड, असल अभ्यासका बारेमा जानकारी गराउनु हुँदै लेखापरीक्षण व्यवस्थापन र विधिमा सुधार कार्य अवलम्वन गरिएको विषयमा जोड दिनु भएको थियो । वहाँले लेखापरीक्षणमा खटिनु पूर्व लेखापरीक्षकहरुलाई अनुभूती हुने गरी सुधार गर्न ८३ बुदे सुझाव दिएको र सबै लेखाउत्तरदायी अधिकृतहरुलाई १५ बुदे निर्देशन दिएको जानकारी गराउनु भयो । वहाँले लेखापरीक्षकले लेखापरीक्षण गर्दा आर्थिक कारोबारले सहि र यथार्थ चित्रण गरेको छ, आर्थिक कारोबारहरू गर्दा प्रचालित कानुन अनुसार खर्च भएको छ, आफ्नो खर्चको नतिजा राम्रो भएको छ, लेखापरीक्षण सकारात्मक रुपमा शुरू गरिन्छ, लेखापरीक्षणको उद्देश्य अनुसार भएमा रूजु हुन्छ, लेखापरीक्षकले आफ्नो प्रतिवेदन मार्फत वित्तीय कारोबार र कानूनको परिपालना तथा नतिजाको विश्लेषण गर्दछ । कार्यालयको खर्चको आधारमा विस्तृत लेखापरीक्षण र संक्षिप्त लेखापरीक्षणको योजना तयार गरी सुपरभाइजरबाट लेखापरीक्षण योजना स्वीकृतको आधारमा मात्र लेखापरीक्षणको खाका तयार गर्ने । लेखापरीक्षकले पनि आफ्नो जिम्मेवारी र जवाफदेहिता निर्वाह गर्नु पर्छ । लेखपारीक्षकले पनि प्रतिवेदन जारी पूर्वको गुणस्तर आश्वस्तता र प्रतिवेदन जारी पछिको गुणस्तरको आश्वतता External Peer Review समेत रहेको जानकारी गराउँदै आर्थिक अनुशासनका माध्यमबाट वित्तीय सुशासन कायम हुने भएकोले समग्र वित्तीय व्यवस्थापनका चरणहरु नीति निर्माण, चक्र बजेट तर्जुमा, स्वीकृति, निकासा तथा खर्च व्यवस्थापन, लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण एवं



गण्डकी प्रदेश सरकारसँग अन्तरक्रिया कार्यक्रममा माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, माननीय मन्त्रीहरु, उप महालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारी, प्रमुख सचिव श्री लक्ष्मी बस्नेत तथा लेखा उत्तरदायी अधिकृत एवं अन्य कर्मचारीहरु ।

पृष्ठपोषणमा संलग्न सबै पक्षको जिम्मेवारीता र जवाफदेहिता प्रवर्द्धन हुन सकेमा अपेक्षित लक्ष्य हासिल हुनुका साथै प्रचलित ऐन नियमले तोकेको समयावधि भित्र बेरुजु फर्स्यौट गरी वित्तीय स्वच्छता कायम हुने र सो अनुरुप सबैपक्षले कार्य गर्नुपर्ने धारणा राख्दै लेखाउत्तरदायी अधिकृतबाट राखिएका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेज्यूले लेखापरीक्षकहरुले प्रदेशको कानुनलाई अध्ययन गरी लेखापरीक्षण गर्न, प्रदेश सरकारले आयोजना बैकमा परेका आयोजनालाई मात्र बजेट विनियोजन गर्ने नीति लिइएको तर आयोजना बैकमा कार्यक्रम समाबेश गर्न विस्तृत आयोजना प्रतिवेदन तयार गर्नुपर्ने, बजेटमा नपरेका तर आयोजना बैकमा परेमा आयोजनहरुको विस्तृत आयोजना प्रतिवेदनमा खर्च भयो भनि महालेखापरीक्षकले बेरूजु लेख्ने र अख्तियार दुरूपयोग अनुसन्धान आयोगले समेत छानविन गर्ने केही सैद्धान्तिक र केही व्यवहारीक पाटो अध्ययन गरी औचित्यको आधारमा लेखापरीक्षण गर्नु पर्ने धारणा राख्नु भयो । प्रदेशको वित्तीय अनुशासन सुदृढ गर्न नियमित गर्नँ पर्ने बेरुजूलाई शून्य हुने लेखापरीक्षकले मागेको प्रमाण जटाउने गरी कार्यसम्पादन गर्न माननीय मन्त्री तथा सचिवहरुलाई निर्देशन दिनु भएको थियो । सोही क्रममा वहाँले आर्थिक अनुशासनका विभिन्न पक्षको चर्चा गर्दै खर्च प्रणाली, बेरूजु फर्स्यौट तथा सम्परीक्षणमा सार्वजनिक क्षेत्रका जिम्वेवार पदाधिकारीहरूले पारदर्शिता, स्वच्छता कायम गर्नु पर्ने, सरकार र संवैधानिक निकायबीच निरन्तर संवाद, अन्तरक्रिया भइरहनु पर्ने, वित्तीय सुशासन कायम गर्न विधिको पालनामा ध्यान दिनुपर्ने धारणा व्यक्त गर्नँ भएको थियो । यस्तो कार्यक्रमबाट आर्थिक अनुशासन र वित्तीय जवाफदेहिता प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्दै महालेखापरीक्षकको कार्यालयलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

गण्डकी प्रदेश सभाको सार्वजनिक लेखा समितिको सभापति माननीय सुधिर कुमार पौडेल सदस्यहरु माननीय कल्पना तिवारी, माननीय कृष्ण प्रसाद पाठक, माननीय जित बहादुर शेरचन, माननीय डा. टकराज गुरूङ, माननीय टिका कुमारी बस्नेत, माननीय दमयन्ती रूचाल, माननीय दोर्ण बहादुर कुँवर, माननीय नन्दकला दमै नेपाली माननीय निर्मला थापा लगायतका माननीय सदस्यहरु, प्रदेश सभा सचिवालयको सचिव श्री हरिराज पोखेल समेतको उपस्थितिमा कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उप-महालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारी, नायब महालेखापरीक्षक श्री जयराम घिमिरे, निर्देशक श्री विष्णु खनाल, श्री रमेश सुवेदी, लगायतको टोलीले छलफल तथा अन्तरक्रिया सम्पन गरेको थियो । उक्त कार्यक्रमा उप-महालेखापरीक्षक श्री बामदेव शर्मा अधिकरीले लेखापरीक्षणको प्रकार, विधि, पद्धति, प्रक्रिया, प्रतिवेदन र सोको कार्यान्वयन सम्बन्धमा जानकारी गराउनु भएको थियो भने कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेले महालेखापरीक्षकको कार्यालय र सार्वजनिक लेखासमितिको सम्बन्ध, सार्वजनिक लेखा समितिको कार्यक्षेत्र, वार्षिक प्रतिवेदन तयार गर्ने प्रकृया, सार्वजनिक लेखा समितिमा हुने छलफलको विधि तथा महालेखापरीक्षकको कार्यालयको उपस्थिति, सार्वजनिक लेखा समितिबाट हुने निर्णयबाट समग्र वित्तीय सुशासनमा पुग्ने सहयोगका सम्बन्धमा प्रकाश पार्नु भएको थियो ।



सार्वजनिक लेखा समितिका माननीय सभापति सुधिर कुमार पौडेल तथा माननीय सदस्यहरुसँग छलफल गर्नुहुँदै कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उप महालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारी तथा अन्य कर्मचारीहरु ।

उक्त कार्यक्रममा माननीय सभापति तथा माननीय सदस्यबाट वित्तीय अनुशासन कायम गर्न महालेखापरीक्षकको प्रतिवेदन फलदायी भएको बिचार राख्दै वेरूजु न्यूनीकरण गर्न सम्बन्धित निकायलाई ध्यानाकर्षण गर्नुपर्ने, यस्तो अभिमुखीकरणको कार्यक्रम सार्वजनिक पद धारण गरेको एक महिना भित्र भएमा सम्बन्धित विषयको ज्ञान प्राप्त भई कार्य सम्पादनमा सकारात्मक प्रभाव पुग्ने विषयमा एवं वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजू, असुल फर्स्यौट गर्ने कार्यविधि, सैद्धान्तिक र असुल गर्नु पर्ने बेरूजु लगायतका विषयमा जिज्ञासा राख्नु भएको थियो भने कार्यवाहक महालेखापरीक्षकले सो विषयमा प्रष्ट पार्नु भएको थियो ।

प्रदेश सभामुख माननीय कृष्ण प्रसाद धिताल, उप सभामुख माननीय श्री विना कुमारी थापाज्यूसँग कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उप-महालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारी, नायब महालेखापरीक्षक श्री जयराम घिमिरे, निर्देशक श्री विष्णु खनाल, श्री रमेश सुवेदी लगायतको टोलीले भेटघाट गर्नुभएको थियो । सो कार्यक्रममा प्रदेश सभा सचिवालयका सचिव श्री हरिराज पोखेलको उपस्थिति थियो। उक्त भेटघाट कार्यक्रममा माननीय उपसभामुख समक्ष कार्यवाहक महालेखापरीक्षकबाट वार्षिक लेखापरीक्षण कार्यतालिका, लेखापरीक्षण विधि, पद्धति र तरिका, गण्डकी प्रदेश मन्त्रालय तथा कार्यालयको लेखापरीक्षण र वार्षिक प्रतिवेदन तयारीका बारेमा जानकारी गराउनु भएको थियो भने उप-महालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीले लेखापरीक्षणको विषयमा सरोकारवालासँग अन्तरक्रिया गर्ने परम्परा रहेको व्यहोरा माननीयज्यू समक्ष जानकारी गराउनु भेटघाटको मुख्य उद्देश्य रहेको जानकारी गराउनु भएको थियो ।

सभामुख माननीय श्री कृष्ण प्रसाद धिताले आर्थिक अनुशासन र वित्तीय जवाफदेहिता प्रवर्द्धनमा लेखापरीक्षणको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै प्रदेश सरकारको बेरूजद्रको सम्बन्धमा कानून बमोजिम निर्धारित समयमा फर्स्यौट गर्नु पर्ने, प्रदेश सभाले र सार्वजनिक लेखा समितिले बेरूजु फर्स्यौटमा प्रतिवद्धता व्यक्त गर्दै, सार्वजनिक खर्चको आश्वस्तता कायम गर्ने, प्रकृया भन्दा नतिजामा आधारित हुने गरी वित्तीय अनुशासन कायम गर्नु पर्ने र मानवीय संशाधनको क्षमता विकास गर्नुपर्ने विचार व्यक्त गर्नु भएको थियो ।



माननीय सभामुख कृष्ण प्रसाद धिताल, उप सभामुख माननीय बिना कुमारी थापा, कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उप महालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारी, नायब महालेखापरीक्षक श्री जयराम घिमिरे, प्रदेश सभाका सचिव श्री हरिराज पोखरेल लगायत ।

(ङ) बागमती प्रदेश

नेपालको संविधान बमोजिम संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको लेखापरीक्षण गर्ने अधिकार महालेखापरीक्षकलाई रहेको छ। आर्थिक वर्ष २०७९।८० को स्वीकृत वार्षिक लेखापरीक्षण योजना, २०८० बमोजिम लेखापरीक्षण कार्य भइरहको छ । लेखापरीक्षण कार्यलाई थप गुणस्तरीय तथा विश्वसनीय बनाउने उद्देश्यले बागमती प्रदेश सरकारसँग कार्यवाहक महालेखापरीक्षक, उपमहालेखापरीक्षक सहितको टोलीबाट २०८० पौष ११ गते लेखापरीक्षण, बेरुजू तथा सम्परीक्षण सम्बन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

बागमती प्रदेश प्रमुख माननीय यादवचन्द्र शर्मासँग कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उप-महालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारी, नायब महालेखापरीक्षक श्री ताराप्रसाद पाण्डे, शंकर प्रसाद पन्थी, निर्देशक श्री दिनेश मिश्र, श्री जगन्नाथ घिमिरे, श्री तोयनाराण पौडेल, श्री रमेश सुवेदी, श्री कमल श्रेष्ठ लगायतको टोलीले भेटघाट गर्नुभएको थियो । उक्त भेटघाट कार्यक्रममा माननीय प्रदेश प्रमुखसमक्ष कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेले वार्षिक लेखापरीक्षण कार्यतालिकाका, लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति, बागमती प्रदेश मन्त्रालय तथा कार्यालयहरुको लेखापरीक्षण र वार्षिक प्रतिवेदन तयारीका वारेमा जानकारी गराउनु भएको थियो । उपमहालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीले लेखापरीक्षकले लेखापरीक्षणको विषयमा सम्बन्धित सरोकारवालासँग अन्तर्क्रिया गर्ने गरिएको व्यहोरा जानकारी गराउनु भएको थियो । सो अवसरमा माननीय प्रदेश प्रमुखले महालेखापरीक्षकबाट पेश भएका प्रतिवेदनले आर्थिक सुशासनमा टेवा पुगेको र अवको प्रतिवेदनमा समाजिक रुपान्तरणको विषय र असल अभ्यासको समेतलाई मध्यनजर राखी प्रतिवेदन तयार गर्न आग्रह गर्दै सो प्रतिवेदनको कार्यान्वयन जरूरी रहेको धारणासमेत व्यक्त गर्नु भएको थियो ।



माननीय सभामुख कृष्ण प्रसाद धिताल, उप सभामुख माननीय बिना कुमारी थापा, कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उप महालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारी, नायब महालेखापरीक्षक श्री जयराम घिमिरे, प्रदेश सभाका सचिव श्री हरिराज पोखरेल लगायत ।

मुख्यमन्त्री माननीय शालिकराम जम्कट्टेल, आर्थिक मामिला तथा योजना मन्त्री माननीय बहादुर सिंह लामा, भौतिक पूर्वाधार विकास मन्त्री माननीय युवराज दुलाल, संस्कृति पर्यटन तथा सहकारी मन्त्री माननीय पुकार महर्जन, कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उपमहालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारी, बागमती प्रदेशका प्रमुख सचिव श्री घनश्याम उपाध्यायसमेतको उपस्थितिमा बागमती प्रदेश सरकारसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा प्रदेश सचिवहरु, प्रदेश सरकारको केन्द्रीय निकायका प्रमुखहरु, निर्देशनालयका प्रमुखहरू तथा लेखा प्रमुखहरुको उपस्थिति रहेको थियो। सो कार्यक्रममा प्रदेशको आर्थिक अवस्थाको बारेमा अर्थ मन्त्रालयका सचिव श्री प्रकाश दाहालले प्रस्तुतीकरण गर्नु भएको थियो भने प्रदेश लेखा नियन्त्रक श्री हरिप्रसाद उपाध्यायले आन्तरिक लेखापरीक्षणको विषयमा प्रस्तुतीकरण गर्दै नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) मा आधारित प्रतिवेदनको तयारी, बजेट वक्तव्य र प्रदेश गौरवका आयोजना, लेखाप्रमुख र कार्यालय प्रमुखबाट आन्तरिक लेखापरीक्षणमा उठान भएका विषय लगायतको प्रस्तुति गर्नं भएको थियो । कार्यक्रमका क्रममा उप-महालेखापरीक्षकज्यूले महालेखापरीक्षकको साठिऔँ वार्षिक प्रतिवेदन एवं बागमती प्रदेशको पाँचौ वार्षिक प्रतिवेदनसम्म देखिएका व्यहोरा तथा सोको कार्यान्वयन अवस्था सम्बन्धमा प्रस्तुतीकरण गर्नु भएको थियो ।

कार्यक्रममा प्रदेश सचिवहरु तथा लेखा प्रमुखहरुबाट महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरूजुको फर्स्यौट विधि, विकास निर्माण, खरिद व्यवस्थापन, उपभोक्ता समितिका कार्य, बेरूजुको प्रकृति र नियमितता, लागायतका



मुख्यमन्त्री माननीय शालिकराम जम्कट्टेलसँग कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले र उप महालेखापरीक्षक वामदेव शर्मा अधिकारी ।

विषयमा जिज्ञासा राख्नु भएको थियो भने कार्यक्रममा प्रमुख जिल्ला अधिकारी श्री सूर्यप्रसाद सेढाईले आर्थिक अनुशासन कायम गर्न प्रचलित कानूनको पालना गरी कारोबार गर्नु पर्ने तथा लेखापरीक्षण, बेरूजु फर्स्यौट, सम्परीक्षण लगायतका कार्यमा विशेष ध्यान दिनुपर्ने धारणा राख्नु भएको थियो ।

उक्त कार्यक्रममा बागमती प्रदेशका प्रमुख सचिवज्यूले बजेट तर्जुमा, निकासा, खर्च तथा लेखांकनमा वित्तीय स्रोतको विनियोजन र कार्यान्वयन दक्षता बढाउँदै प्रचलित कानूनले तोकेको जिम्मेवारि र जवाफदेहिता पुरा गरेमा आर्थिक अनुशासन कायम हुने उल्लेख गर्दै बेरूजु विहीन संस्कृतिको विकास गर्नुपर्ने धारणा राख्नु भएको थियो ।

कार्यवाहक महालेखापरीक्षकज्यू लेखापरीक्षणको विधि, प्रकृया, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानदण्ड एवं असल अभ्यासका बारेमा जानकारी गराउनु हुँदै लेखापरीक्षणको गुणस्तर र यसको प्रभाव अभिवृद्धि गर्न सुधारका प्रयासहरु भइरहेको बताउनु भएको थियो । कार्यवाहक महालेखापरीक्षकज्यूले आर्थिक अनुशासनका माध्यमबाट वित्तीय सुशासन कायम हुने भएकोले समग्र वित्तीय व्यवस्थापनका चरणहरु नीति निर्माण, चक्र बजेट तर्जुमा, स्वीकृति, निकासा तथा खर्च व्यवस्थापन, लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण एवं पृष्ठपोषणमा संलग्न सबै पक्षको जिम्मेवारि र जवाफदेहिता प्रवर्द्धन हुन सकेमा अपेक्षित लक्ष्य हासिल हुनुका साथै प्रचलित ऐन नियमले तोकेको समयावधिभित्र बेरुजु फर्स्यौट गरी वित्तीय स्वच्छता कायम हुने उल्लेख गर्नुहुँदै लेखाउत्तरदायी अधिकृतबाट राखिएका जिज्ञासाको जवाफ दिनुभएको थियो।



कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेले बागमती प्रदेश सरकारसँगको अन्तरक्रिया कार्यक्रममा उठेका जिज्ञासाहरुको सम्बन्धमा कार्यालयको धारण राख्नुहुँदै ।

माननीय आर्थिक मामिला मन्त्री श्री बहादुर सिंह लामाले बेरूजु हुन सक्ने अवस्थाको चर्चा गर्दै आर्थिक प्रशासनका विभिन्न चरणमा संलग्न पदाधिकारीको आचरण र व्यवहारमा सुधार हुनु पर्ने, प्रविधिको प्रयोगबाट सहजीकरण हुनु पर्ने, योजना कार्यान्वयन, खरिद व्यवस्थापन लगायतका पक्षमा विशेष ध्यान दिनुपर्ने धारणा राख्नु भएको थियो ।

माननीय मुख्यमन्त्री श्री शालिकराम जमरकट्टेलले आर्थिक अनुशासनका विभिन्न पक्षको चर्चा गर्दै खर्च प्रणाली, बेरूजु फर्स्यौट तथा सम्परीक्षणमा सार्वजनिक क्षेत्रका जिम्मेवार पदाधिकारीहरूले पारदर्शिता तथा स्वच्छता कायम गर्नु पर्ने, सरकार र नियमनकारी निकायबीच निरन्तर संवाद, अन्तर्क्रिया भइरहनु पर्ने, वित्तीय सुशासन कायम गर्न विधिको पालना तथा कार्यशैली प्रक्रियामा सुधार आवश्यक रहेको धारणा व्यक्त गर्नु भएको थियो ।



मुख्यमन्त्री माननीय शालिकराम जम्कट्टेलले माननीय मन्त्री तथा लेखाउत्तरदायी अधिकृतलाई निर्देशन दिनुहुँदै साथमा माननीय मन्त्रीहरु, कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले र उप महालेखापरीक्षक वामदेव शर्मा अधिकारी, प्रमुख सचिव घनश्याम उपाध्याय लगायत ।

सोही कार्यक्रम अन्तर्गत बागमती प्रदेश सभाका उप सभामुख माननीय अप्सरा चापागाई सार्वजनिक लेखा समितिका संयोजक माननीय ठाकुरप्रसाद ढकाल, सार्वजनिक लेखा समितिका माननीय सदस्यहरु लगायतको उपस्थितिमा कार्यवाहक महालेखापरीक्षक, उप-महालेखापरीक्षक नायब महालेखापरीक्षक तथा निर्देशकसहितको टोलीबाट छलफल तथा अन्तरक्रिया सम्पन भयो । उक्त कार्यक्रममा प्रदेश सभाका सचिव श्री कृष्णहरि खड्का, सचिवालय सचिव श्री पूर्ण बहादुर दर्जीलगायत सचिवालयका कर्मचारीको उपस्थिति रहेको थियो । उक्त कार्यक्रमा उप-महालेखापरीक्षकले लेखापरीक्षणको प्रकार, विधि, प्रक्रिया, प्रतिवेदन र सोको कार्यान्वयन सम्बन्धमा जानकारी गराउनु भएको थियो भने कार्यवाहक महालेखापरीक्षकज्यूले महालेखापरीक्षकको कार्यालय र सार्वजनिक लेखासमितिको सम्बन्ध, सार्वजनिक लेखा समितिको कार्यक्षेत्र, वार्षिक प्रतिवेदन तयार गर्ने प्रकृया, सार्वजनिक लेखा समितिमा हुने छलफलको विधि तथा महालेखापरीक्षकको कार्यालयको उपस्थिति, सार्वजनिक लेखा समितिबाट हुने निर्णयबाट समग्र वित्तीय सुशासनमा पुग्ने सहयोगका सम्बन्धमा प्रकाश पार्नु भएको थियो । उक्त कार्यक्रममा प्रदेश सभाका माननीय सदस्यहरुले वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजू, असुल फर्स्यौट गर्ने कार्यविधि, सैद्धान्तिक र असुल गर्नु पर्ने बेरूजु, अनुदान रकमको उपयोग, योजना कार्यान्वयन, अनुगमन मूल्यांकन, खर्चको विश्वसनीयता, अनावश्यक खर्चका कारण हुने बेरूजु लगायतका विषयमा जिज्ञासा राख्नु भएको थियो भने कार्यबाहक महालेखापरीक्षकले सो विषयमा प्रष्ट पार्नु भएको थियो।

उक्त कार्यक्रममा माननीय उप सभामुखबाट आर्थिक अनुशासन पालनामा सम्बन्धित मन्त्रालयहरू नै जिम्मेवार हुनु पर्ने धारणा राख्दै महालेखापरीक्षकको प्रतिवेदनलाई छलफलमा ल्याउन सार्वजनिक लेखा समितिको कार्यप्रभावकारिता बढाउनु पर्ने र यस्ता छलफल तथा अन्तर्क्रिया कार्यक्रमको निरन्तरतालाई दिनुपर्ने विचार व्यक्त गर्नु भएको थियो। कार्यक्रमको अन्त्यमा सार्वजनिक लेखा समितिका संयोजक माननीय ठाकुरप्रसाद ढकालले आर्थिक अनुशासन कायम गर्न शून्य सहनशीलता अपनाउनु पर्ने चर्चा गर्दै बेरूजु फर्स्यौटका प्रक्रिया, मन्त्रालयको जिम्मेवारी, तथा सार्वजनिक लेखासमितिको वार्षिक प्रतिवेदन उपर हुने छलफलको प्रभावकारिताका विषयमा धारणा राख्दै कार्यक्रमको समापन गर्नु भएको थियो ।



उप सभामुख माननीय अप्सरा चापागाई सार्वजनिक लेखा समितिका संयोजक माननीय श्री ठाकुर प्रसाद ढकाल, माननीय सदस्यज्यूहरु, कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उप महालेखापरीक्षक वामदेव शर्मा अधिकारी, प्रदेश सभाका सचिव श्री कृष्ण हरि खड्का, सचिवालय सचिव श्री पूर्ण बहादुर दर्जी,नायब महालेखापरीक्षक श्री तारा प्रसाद पाण्डे, श्री शंकर प्रसाद पन्थी एवं निर्देशकसहितको टोली ।

(च) मधेश प्रदेश

नेपालको संविधान बमोजिम सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहको लेखापरीक्षण गर्ने अधिकार महालेखापरीक्षकलाई रहेको छ । वार्षिक लेखापरीक्षण योजना, २०८० बमोजिम आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण कार्य भइरहको छ । लेखापरीक्षण कार्य थप गुणस्तरीय तथा विश्वसनीय बनाउने उद्देश्यले मधेश प्रदेश सरकारसँग कार्यवाहक महालेखापरीक्षक तथा उप-महालेखापरीक्षक सहितको टोलीबाट २०८० पौष १६ र १७ गते लेखापरीक्षण, बेरुजू तथा सम्परीक्षण सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

प्रदेश सभामुख माननीय श्री रामचन्द्र मण्डल तथा उपसभामुख माननीय श्री बबिता कुमारी राउत सहितका पदाधिकारीसँग कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उपमहालेखापरीक्षक श्री बिन्दु विष्ट, नायब महालेखापरीक्षक श्री श्रीकुमार राई, श्री श्यामप्रसाद भण्डारी, निर्देशक श्री तारा कुमार सुवेदी, श्री रमेश सुवेदी, लगायतको टोलीले भेटघाट गर्नुभएको थियो। प्रदेश सभा सचिवालयका सचिव श्री मनोज कुमार मिश्रसमेतको उपस्थिति रहेको उक्त भेटघाट कार्यक्रममा माननीय सभामुख र उपसभामुख समक्ष कार्यवाहक महालेखापरीक्षकले वार्षिक लेखापरीक्षण कार्यतालिका, लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति, मधेश प्रदेश मन्त्रालय तथा कार्यालयको लेखापरीक्षण र वार्षिक प्रतिवेदन तयारीका बारेमा जानकारी गराउनु भएको थियो भने उप-महालेखापरीक्षक श्री बिन्दु विष्टले लेखापरीक्षणको विषयमा सरोकारवालासँग अन्तरक्रिया गरिएको व्यहोरा जानकारी गराउनु भएको थियो ।



प्रदेश सभाका सभामुख माननीय रामचन्द्र मण्डल, उप सभामुख माननीय बबिता कुमारी राउत, कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उप महालेखापरीक्षक श्री विन्दु विष्ट, नायव महालेखापरीक्षक श्री श्रीकुमार राई, श्री श्याम प्रसाद भण्डारी, प्रदेश सचिव श्री मनोज कुमार मिश्र, निर्देशक श्री तारा कुमार सुवेदी ।

सो कार्यक्रममा माननीय सभामुखज्यूले वित्तीय जवाफदेहिता प्रवर्द्धनमा लेखापरीक्षणको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै प्रदेश सरकारको बेरूजु सम्बन्धमा कानून बमोजिम निर्धारित समयमा फर्स्यौट गर्नु पर्ने, सार्वजनिक खर्चको आश्वस्तता कायम गर्ने, प्रकृया भन्दा नतिजामा आधारित हुने गरी वित्तीय अनुशासन कायम गर्नु पर्ने र मानवीय संसाधनको क्षमता विकास गर्नुपर्ने विचार व्यक्त गर्नु भएको थियो ।

यसै गरी मधेश प्रदेश प्रमुख माननीय हरिशंकर मिश्रज्यूसँग कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उप-महालेखापरीक्षक श्री बिन्दु विष्ट, लगायतको टोलीले भेटघाट गर्नुभएको थियो । उक्त भेटघाट कार्यक्रममा माननीय प्रदेश प्रमुखसमक्ष कार्यवाहक महालेखापरीक्षकज्यूले वार्षिक लेखापरीक्षण कार्यतालिका, लेखापरीक्षण उद्देश्य, क्षेत्र, पद्धति मधेश प्रदेश मन्त्रालय तथा कार्यालयहरुको लेखापरीक्षण र वार्षिक प्रतिवेदन तयारीका वारेमा जानकारी गराउनु भएको थियो। उप-महालेखापरीक्षक श्री बिन्दु विष्टले लेखापरीक्षकले लेखापरीक्षणको विषयमा सम्बन्धित सरोकारवालासँगको अन्तरक्रिया गर्ने परम्परा अनुसार यस कार्यक्रमको आयोजना गरिएको जानकारी गराउनु भएको थियो । सो अवसरमा माननीय प्रदेश प्रमुखबाट रचनात्मक सुझाव सहित वित्तीय अनुशासन थप प्रभावकारी बनाउन महालेखापरीक्षकबाट पेश भएका प्रतिवेदनबाट टेवा पुगेको धारणा व्यक्त गर्नु भएको थियो ।



प्रदेश प्रमुख माननीय हरिशंकर मिश्र, कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उप महालेखापरीक्षक श्री विन्दु विष्ट, नायब महालेखापरीक्षक श्री श्रीकुमार राई, श्री श्याम प्रसाद भण्डारी लगायत अन्य कर्मचारीहरु ।

सोही कार्यक्रम अन्तर्गत मुख्यमन्त्री माननीय सरोजकुमार यादव, भौतिक पूर्वाधार विकास मन्त्रालयका माननीय मन्त्री कृष्ण प्रसाद यादव, शिक्षा तथा संस्कृति मन्त्रालयका माननीय मन्त्री महेश प्रसाद यादव, भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका माननीय मन्त्री गोविन्द बहादुर न्यौपाने, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका माननीय मन्त्री वीरेन्द्र प्रसाद सिंह, उर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका माननीय मन्त्री सिंगासन सा कलवार, गृह, सञ्चार तथा कानून मन्त्रालयका माननीय मन्त्री मोहम्मद सलिम, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका माननीय मन्त्री सुनिता यादव, श्रम तथा यातायात मन्त्रालयका मन्त्री चन्दन कुमार सिंह, महालेखापरीक्षकको कार्यालयका कार्यवाहक महालेखापरीक्षक, उप-महालेखापरीक्षक, मधेश प्रदेशका प्रमुख सचिव श्री दिनेश कुमार घिमिरे, नायब महालेखापरीक्षकहरुसमेतको उपस्थितिमा प्रदेश सरकारसँग लेखापरीक्षण, बेरुजू र सम्परीक्षण सम्बन्धी अन्तरक्रिया तथा छलफल सम्पन्न भएको थियो । उक्त कार्यक्रममा प्रदेश सचिवहरु, प्रदेश सरकारको केन्द्रीय निकायका प्रमुखहरु, निर्देशनालयका प्रमुखहरू तथा लेखा प्रमुखहरुसमेतको उपस्थिति रहेको थियो । सो कार्यक्रममा प्रदेशको आर्थिक अवस्थाको बारेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव श्री रामकृष्ण पुडासैनीले प्रस्तुतीकरण गर्नु भएको थियो भने प्रदेश लेखा नियन्त्रक डा. वीरेन्द्रकुमार मिश्रले मधेश प्रदेशको नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित प्रतिवेदन कार्यवाहक महालेखापरीक्षकज्यूलाई पेश गर्दै वित्तीय प्रतिवेदनको विषयमा जानकारी गराउनु भएको थियो । उपमहालेखापरीक्षक श्री विन्दु विष्टले महालेखापरीक्षकको साठिऔँ वार्षिक प्रतिवेदन एवं मधेश प्रदेशको पाँचौ वार्षिक प्रतिवेदनसम्म देखिएका प्रमुख व्यहोरा तथा सोको कार्यान्वयन अवस्था सम्बन्धमा प्रस्तुतीकरण गर्नु भएको थियो ।



मुख्य मन्त्री माननीय सरोज कुमार यादव, माननीय मन्त्रीहरु, कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उप महालेखापरीक्षक श्री विन्दु विष्ट, प्रदेश सचिव श्री दिनेश कुमार घिमिरे, लेखापउत्तरदायि अधिकृतहरु एवं कर्मचारीहरु अन्तरक्रिया कार्यक्रममा सहभागी हुँदै ।

यसै गरी प्रदेश सचिवहरु तथा लेखा प्रमुखले महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरूजुको फर्स्यौट विधि, विकास निर्माण, खरिद व्यवस्थापन, उपभोक्ता समितिका कार्य, बेरूजुको प्रकृति र नियमितता, लागयतका विषयमा जिज्ञासा राख्नु भएको थियो भने कार्यक्रममा प्रमुख जिल्ला अधिकारी श्री चक्रपाणि पाण्डले कार्यालयको नियमित बैठकमा आर्थिक अनुशासन कायम गर्न प्रचलित कानूनको पालना गरी लेखाराख्नु पर्ने विषयमा छलफल हुने गरेको र कार्यालय प्रमुखहरुले लेखापरीक्षण, बेरूजु फर्स्यौट, सम्परीक्षण लगायतका कार्यमा विशेष ध्यान दिनुपर्ने धारणा व्यक्त भएको थियो साथै प्रमुख सचिव श्री दिनेश कुमार घिमिरेले आर्थिक कार्यविधि सम्बन्धी ऐन, नियममा आधारित भएर खर्च गर्नु पर्ने तथा लेखा उत्तरदायी अधिकृतको भूमिका अनुसार बजेट तर्जुमा, निकासा, खर्च तथा लेखांकन र लेखापरीक्षणमा प्रचलित कानूनले तोकेको जिम्वेवारी र जवाफदेहिता पुरा गरी आर्थिक अनुशासन कायम गर्नँ पर्ने धारणा राख्नु भएको थियो ।

उक्त कार्यक्रममा कार्यवाहक महालेखापरीक्षकज्यूले लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानदण्ड, असल अभ्यास आदिका बारेमा जानकारी गराउनु हुँदै लेखापरीक्षण व्यवस्थापन तथा लेखापरीक्षणको गुणस्तर र प्रभावकारिता अभिवृद्धि गर्न सुधार प्रयासहरु भइरहेको बताउनु भएको थियो । आर्थिक अनुशासनका माध्यमबाट वित्तीय सुशासन कायम हुने भएकोले समग्र वित्तीय व्यवस्थापनका चरणहरु नीति निर्माण, बजेट तर्जुमा, स्वीकृति, निकासा तथा खर्च व्यवस्थापन, लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण एवं पृष्ठपोषणमा संलग्न सबै पक्षको जिम्मेवारी र जवाफदेहिता प्रवर्द्धन हुन सकेमा अपेक्षित लक्ष्य हासिल हुनुका साथै प्रचलित ऐन, नियमले तोकिएको समयावधिभित्र बेरुजु असुल फर्स्यौट भनी सो अनुरुप सबै पक्षले कार्य गर्नुपर्ने धारणा राख्नु भयो । यसै गरी वहाँले लेखाउत्तरदायी अधिकृतबाट राखिएका जिज्ञासाको जवाफ दिनुभएको थियो।

माननीय मुख्यमन्त्री श्री सरोजकुमार यादवज्यूले प्रदेशको वित्तीय अनुशासन सुदृढ गर्न शून्य बेरूजु हुने गरी कार्यसम्पादन गर्न माननीय मन्त्री तथा सचिवहरुलाई निर्देशन दिनु भएको थियो । सोही क्रममा वहाँले आर्थिक अनुशासनका विभिन्न पक्षको चर्चा गर्दै खर्च प्रणाली, बेरूजु फर्स्यौट तथा सम्परीक्षणमा सार्वजनिक क्षेत्रका जिम्वेवार पदाधिकारीहरूले पारदर्शिता तथा स्वच्छता कायम गर्नु पर्ने, सरकार र संवैधानिक निकायबीच निरन्तर संवाद, अन्तर्क्रिया भइरहनु पर्ने, वित्तीय सुशासन कायम गर्न विधिको पालनामा ध्यान दिनुपर्ने धारणा व्यक्त गर्नु भएको थियो।

मधेश प्रदेश सभाको सार्वजनिक लेखा समितिको सभापति माननीय मन्जु थापा मगर, सदस्यहरु माननीय युवराज भट्टराई, माननीय शारदा देवी थापा, माननीय राम आशीष यादव, माननीय शेषनारायण यादव, माननीय जनार्दनसिंह क्षेत्री तथा प्रदेश सभा सचिवालयको सचिव श्री मनोज कुमार गिरी समेतको उपस्थितिमा कार्यवाहक महालेखापरीक्षक, उप-महालेखापरीक्षक लगायतको टोलीले छलफल तथा अन्तरक्रिया सम्पन गरेको थियो । उक्त कार्यक्रमा उपमहालेखापरीक्षक श्री विन्दु विष्टले लेखापरीक्षणको प्रकार, विधि, पद्धति, प्रक्रिया, प्रतिवेदन र सोको कार्यान्वयन सम्बन्धमा जानकारी गराउनु भएको थियो भने कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेले महालेखापरीक्षकको कार्यालय र सार्वजनिक लेखासमितिको सम्बन्ध, सार्वजनिक लेखा समितिको कार्यक्षेत्र, वार्षिक प्रतिवेदन तयार गर्ने प्रकृया, सार्वजनिक लेखा समितिमा हुने छलफलको विधि तथा महालेखापरीक्षकको कार्यालयको उपस्थिति, सार्वजनिक लेखा समितिबाट हुने निर्णयबाट समग्र वित्तीय सुशासनमा पुग्ने सहयोगका सम्बन्धमा प्रकाश पार्नु भएको थियो ।

उक्त कार्यक्रममा माननीय सभापति तथा माननीय सदस्यहरुबाट वित्तीय अनुशासन कायम गर्न महालेखापरीक्षकको प्रतिवेदन फलदायी भएको विचार राख्दै बेरूजू न्यूनीकरण गर्न सम्बन्धित निकायहरुको ध्यानाकर्षण हुनुपर्ने एवं वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजू, असुल फर्स्यौट गर्ने कार्यविधि, सैद्धान्तिक र असुल गर्नु पर्ने बेरूजु लगायतका विषयमा जिज्ञासा राख्नु भएको थियो भने कार्यवाहक महालेखापरीक्षकले सो विषयमा प्रष्ट पार्नु भएको थियो ।



सार्वजनिक लेखा समितिसँगको छलफल पश्चात् लिइएको सामूहिक तस्वीर ।

(छ) कोशी प्रदेश

नेपालको संविधान बमोजिम संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको लेखापरीक्षण गर्ने अधिकार महालेखापरीक्षकलाई रहेको छ । वार्षिक लेखापरीक्षण योजना, २०८० बमोजिम आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण कार्य भइरहको छ । लेखापरीक्षण कार्य थप गुणस्तरीय तथा विश्वसनीय बनाउने उद्देश्यले कोशी प्रदेश सरकारसँग कार्यवाहक महालेखापरीक्षक तथा उपमहालेखापरीक्षक सहितको टोलीबाट मिति २०८० पौष १९ गते लेखापरीक्षण, बेरुजू तथा सम्परीक्षण सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

प्रदेश उपसभामुख तथा कार्यवाहक सभामुख माननीय श्री सिर्जना दनुवारज्यूसँग कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उपमहालेखापरीक्षक श्री बिन्दु विष्ट, नायब महालेखापरीक्षक श्री श्रीकुमार राई, श्री श्याम प्रसाद भण्डारी, निर्देशक श्री ध्रुव भुसाल, शिव प्रसाद आचार्य, श्री रमेश सुवेदी, लगायतको टोलीले भेटघाट गर्नु भएको थियो। सो कार्यक्रममा प्रदेश सभा सचिवालयका सचिव श्री गोपाल प्रसाद पराजुलीको उपस्थिति थियो। उक्त भेटघाट कार्यक्रममा माननीय उपसभामुख समक्ष कार्यवाहक महालेखापरीक्षकबाट वार्षिक लेखापरीक्षण कार्यतालिका, लेखापरीक्षण विधि, पद्धति र तरिका, कोशी प्रदेश मन्त्रालय तथा कार्यालयको लेखापरीक्षण र वार्षिक प्रतिवेदन तयारीका बारेमा जानकारी गराउनु भएको थियो भने उपमहालेखापरीक्षक श्री बिन्दु विष्टले लेखापरीक्षणको विषयमा सरोकारवालासँग अन्तरक्रिया गर्ने परम्परा रहेको व्यहोरा माननीयज्यू समक्ष जानकारी गराउनु भेटघाटको मुख्य उद्देश्य रहेको जानकारी गराउनु भएको थियो ।

उपसभामुख माननीय श्री सृजना दनुवारले आर्थिक अनुशासन र वित्तीय जवाफदेहिता प्रवर्द्धनमा लेखापरीक्षणको महत्वपूर्ण भुमिका रहेको उल्लेख गर्दै प्रदेश सरकारको बेरूजद्रको सम्बन्धमा कानून बमोजिम निर्धारित समयमा फर्स्यौट गर्नु पर्ने, प्रदेश सभाले र सार्वजनिक लेखा समितिले बेरूजद्र फर्स्यौटमा प्रतिवद्धता व्यक्त गर्दै, सार्वजनिक खर्चको आश्वस्तता कायम गर्ने, प्रकृया भन्दा नतिजामा आधारित हुने गरी वित्तीय अनुशासन कायम गर्नु पर्ने र मानवीय संशाधनको क्षमता विकास गर्नुपर्ने विचार व्यक्त गर्नु भएको थियो ।



प्रदेश उपसभामुख तथा कार्यवाहक सभामुख माननीय श्री सिर्जना दनुवारज्यूसँग कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उपमहालेखापरीक्षक श्री बिन्दु विष्ट, नायब महालेखापरीक्षक श्री श्रीकुमार राई, श्री श्याम प्रसाद भण्डारी, निर्देशक श्री ध्रुव भुसाल, शिव प्रसाद आचार्य, श्री रमेश सुवेदी, लगायतको टोली ।

मुख्यमन्त्री माननीय केदार कार्की, भौतिक पूर्वाधार विकास मन्त्रालयका माननीय मन्त्री कमल प्रसाद जगेबु, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको मन्त्री माननीय शम्सेर राई महालेखापरीक्षक कार्यालयका कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उपमहालेखापरीक्षक श्री विन्दु विष्ट, कोशी प्रदेशका नि. प्रमुख सचिव श्री ईश्वर कुमार गिरी, नायब महालेखापरीक्षक श्री श्रीकुमार राई, श्री श्याम प्रसाद भण्डारीको उपस्थितिमा कोशी प्रदेश सरकारसँग लेखापरीक्षण, बेरुजू र सम्परीक्षण सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको थियो । त्यसैगरी उक्त कार्यक्रममा प्रदेश सचिवहरु, प्रदेश सरकारको केन्द्रीय निकायका प्रमुखहरु, निर्देशनालयका प्रमुखहरू तथा लेखा प्रमुखहरुको उपस्थिति रहेको थियो । सो कार्यक्रममा प्रदेशको आर्थिक अवस्थाको बारेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको नि. प्रमुख सचिव श्री गिरीले स्वागत मन्तव्य तथा कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । सो कार्यक्रमले प्रदेश लेखा नियन्त्रक श्री दामोदर खत्रीले प्रदेशको

आन्तरिक लेखापरीक्षणमा देखिएका विषयहरुमा प्रस्तुतिकरण गर्नु भएको थियो । आर्थिक मामिला तथा योजना मन्त्रालयको निमित्त सचिव श्री खगेन्द्र खड्काले प्रदेशको आर्थिक अवस्थाको बारेमा प्रस्तुतीकरण गर्नु भएको थियो । उप-महालेखापरीक्षक श्री विन्दु विष्टले महालेखापरीक्षकको साठिऔँ वार्षिक प्रतिवेदन एवं कोशी प्रदेशको पाँचौ वार्षिक प्रतिवेदनसम्म देखिएका व्यहोरा तथा सोको कार्यान्वयन अवस्था सम्बन्धमा प्रस्तुतीकरण गर्नु भएको थियो ।

कार्यक्रममा प्रदेश सचिवहरु तथा लेखा प्रमुखहरुबाट महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरूजुको फर्स्यौट बिधि, पूर्वाधार विकास तथा खरिद व्यवस्थापन, ठेक्काको म्याद थप, मुल्य समायोजन तथा भेरियसन, उपभोक्ता समितिका कार्यलागयतका बेरुजुको विषयमा जिज्ञासा राख्नु भएको थियो ।

उक्त कार्यक्रममा कोशी प्रदेशका निमित्त प्रमुख सचिव श्री गिरीले प्रदेशको मुख्य मुख्य वेरुजुको प्रवृति, प्रदेश सचिव एवं कार्यालय प्रमुखलाई आफ्नो मन्त्रालयरकार्यालयको बेरूजु न्यूनीकरणको लागि निर्देशन दिनु भयो । साथै प्रणालीमा अपलोड भएको प्रतिकृयालाई समयमानै टुङ्गाइदिन महालेखापरीक्षकको लेखापरीक्षण टोलीलाई समेत ध्यानाकर्षण गराउनु भयो ।

आर्थिक कार्यविधि सम्बन्धी ऐन नियममा अधारित भएर खर्च गर्नु पर्ने तथा लेखाउत्तरदायी अधिकृतको भूमिका अनुसार बजेट तर्जुमा, निकासा, खर्च तथा लेखांकन र लेखापरीक्षणमा प्रचलित कानूनले तोकेको जिम्वेवारिता र जवाफदेहिता पुरा गरी आर्थिक अनुशासन कायम गर्नु पर्ने धारणा राख्नु भएको थियो ।

कार्यक्रममा कार्यवाहक महालेखापरीक्षकले लेखापरीक्षणको विधि, प्रकृया, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानदण्ड, असल अभ्यासका बारेमा जानकारी गराउनु हुदै लेखापरीक्षण व्यवस्थापन र विधिमा सुधार कार्य अवलम्वन गरिएको विषयमा जोड दिनु भएको थियो । लेखापरीक्षकले लेखापरीक्षण गर्दा आर्थिक कारोबारले सहि र यथार्थ चित्रण गरेको छ, आर्थिक कारोबारहरू गर्दा प्रचालित कानून अनुसार खर्च भएको छ, आफ्नो खर्चको नतिजा राम्रो भएको छ, लेखापरीक्षण सकारात्मक रुपमा शुरू गरिन्छ, लेखापरीक्षणको उद्देश्य अनुसार भएमा रूजु हुन्छ, लेखापरीक्षकले आफ्नो प्रतिवेदन मार्फत वित्तीय कारोवार र कानुनको परिपालना तथा नतिजाको विश्लेषण गर्दछ । कार्यालयको खर्चको आधारमा विस्तृत लेखापरीक्षण र संक्षिप्त लेखापरीक्षणको योजना तयार गरी सुपरभाइजरबाट लेखापरीक्षण योजना स्वीकृतको आधारमा मात्र लेखापरीक्षणको खाका तयार गर्ने । लेखापरीक्षकले पनि आफ्नो जिम्मेवारी र जवाफदेहिता निर्वाह गर्नु पर्छ । लेखपारीक्षकले पनि प्रतिवेदन जारी पूर्वको गुणस्तर आश्वतता र प्रतिवेदन जारी पछिको गुणस्तरको आश्वतता External Peer Review समेत रहेको जानकारी गराउँदै आर्थिक अनुशासनका माध्यमबाट वित्तीय सुशासन कायम हुने भएकोले समग्र वित्तीय व्यवस्थापनका चरणहरु नीति निर्माण, चक्र बजेट तर्जुमा, स्वीकृति, निकासा तथा खर्च व्यवस्थापन, लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण एवं पृष्ठपोषणमा संलग्न सबै पक्षको जिम्मेवारिता र जवाफदेहिता प्रवर्द्धन हुन सकेमा अपेक्षित लक्ष्य हासिल हुनुका साथै प्रचलित ऐन नियमले तोकेको समयावधि भित्र बेरुजु फर्स्यौट गरी वित्तीय स्वच्छता कायम हुने भनी सो अनुरुप सबैपक्षले कार्य गर्नुपर्ने धारणा राख्दै लेखाउत्तरदायी अधिकृतबाट राखिएका जिज्ञासाको जवाफ दिनुभएको थियो ।



कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेले प्रदेश सरकारसँग लेखापरीक्षण, बेरुजु तथा सम्परीक्षण सम्बन्धी अन्तर्क्रिया कार्यक्रममा सहभागीहरुबाट प्राप्त जिज्ञासाका सम्बोधन गर्नु हुँदै ।

माननीय मुख्यमन्त्री श्री केदार कार्कीज्यूले वित्तीय उत्तरदायित्व निर्वाह गर्ने गरी काम गर्न हरेक मन्त्रालयलाई निर्देशन दिएको जानकारी दिँदै यसमा कुनै किसिमको बहानाबाजी गर्ने छुट कसैलाई पनि नहुने भन्नु भयो । वहाँले प्रदेशमा देखिएको बेरूजु आवश्यक कागजपत्रको समयमा दाखिला नगरेर भएको स्पष्ट पार्दै नाता सम्बन्ध, राजनीतिक नेतृत्वको दबाबमा परेर कुनै किसिमको नियम, कानून विपरीत गलत काम गर्ने छुट कसैलाई नभएको बताउनु भयो । महालेखापरीक्षकको कार्यालय अख्तियार दुरूपयोग अनुसान्धन आयोग जस्ता नियमनकारी निकायसँगको अन्तरक्रिया तथा सहकार्य एवं समन्वयबाट आर्थिक अनुशासन र वित्तीय जवाफदेहिता प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्दै महालेखापरीक्षकको कार्यालयलाई धन्यवाद ज्ञापन गर्नँ भयो ।

प्रदेशको वित्तीय अनुशासन सुदृढ गर्न शून्य बेरूजु हुने गरी कार्यसम्पादन गर्न माननीय मन्त्री तथा सचिवहरुलाई निर्देशन दिनु भएको थियो । सोही क्रममा वहाँले आर्थिक अनुशासनका विभिन्न पक्षको चर्चा गर्दै खर्च प्रणाली, बेरूजु फर्स्यौट तथा सम्परीक्षणमा सार्वजनिक क्षेत्रका जिम्वेवार पदाधिकारीहरूले पारदर्शिता, स्वच्छता कायम गर्नँ पर्ने, सरकार र संवैधानिक निकायबीच निरन्तर संवाद, अन्तरक्रिया भइरहनु पर्ने, वित्तीय सुशासन कायम गर्न विधिको पालनामा ध्यान दिनुपर्ने धारणा व्यक्त गर्नु भएको थियो ।



मुख्य मन्त्री माननीय केदार कार्की प्रदेश सरकारसँग लेखापरीक्षण, बेरुजु तथा सम्परीक्षण सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रममा मन्तव्य राख्नुहुँदै ।

कोशी प्रदेश सभाको सार्वजनिक लेखा समितिको सभापति माननीय किशोरचन्द्र दुलाल, सदस्यहरु माननीय रेवतीरमण भण्डारी, माननीय दुर्गा प्रसाद चौलागाईं, माननीय यसोदा कायस्थ, माननीय गिता रानी महतो, माननीय षडानन्द मण्डल, माननीय प्रदिप सुनुवार, प्रदेश सभा सचिवालयको सचिव श्री गोपाल प्रसाद पराजुली समेतको उपस्थितिमा कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उपमहालेखापरीक्षक श्री विन्दु विष्ट, नायव महालेखापरीक्षक श्री श्रीकुमार राई, श्री श्याम प्रसाद भण्डारी, निर्देशक धुर्व भुसाल, शिव प्रसाद आचार्य श्री रमेश सुवेदी, लेखापरीक्षण अधिकारी श्री कृष्ण दहाल लगायतको सहभागितामा छलफल तथा अन्तरक्रिया सम्पन गरेको थियो । उक्त कार्यक्रमा उपमहालेखापरीक्षक श्री विन्दु विष्टले लेखापरीक्षणको प्रकार, विधि, पद्धति, प्रक्रिया, प्रतिवेदन र सोको कार्यान्वयन सम्बन्धमा जानकारी गराउनु भएको थियो भने कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेले महालेखापरीक्षकको कार्यालय र सार्वजनिक लेखासमितिको सम्बन्ध, सार्वजनिक लेखा समितिको कार्यक्षेत्र, वार्षिक प्रतिवेदन तयार गर्ने प्रकृया, सार्वजनिक लेखा समितिमा हुने छलफलको विधि तथा महालेखापरीक्षकको कार्यालयको उपस्थिति, सार्वजनिक लेखा समितिबाट हुने निर्णयबाट समग्र वित्तीय सुशासनमा पुग्ने सहयोगका सम्बन्धमा प्रकाश पार्नु भएको थियो ।

उक्त कार्यक्रममा माननीय सभापति तथा माननीय सदस्यबाट वित्तीय अनुशासन कायम गर्न महालेखापरीक्षकको प्रतिवेदन फलदायी भएको विचार राख्दै बेरूजु न्यूनीकरण गर्न सम्बन्धित निकायलाई ध्यानाकर्षण गर्नुपर्ने विषयमा एवं वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजू, असुल फस्यौट गर्ने कार्यविधि, सैद्धान्तिक र असुल गर्नु पर्ने बेरूजु लगायतका विषयमा जिज्ञासा राख्नु भएको थियो भने कार्यवाहक महालेखापरीक्षकले सो विषयमा प्रष्ट पार्नु भएको थियो ।



सार्वजनिक लेखा समितिको सभापति माननीय किशोर चन्द्र दुलाल एवं माननीय सदस्यहरुको साथमा कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उप महालेखापरीक्षक विन्दु विष्ट नायब महालेखापरीक्षक श्री श्रीकुमार राई, श्री श्याम प्रसाद भण्डारी लगायत अन्य कर्मचारीहरु ।

कोशी प्रदेश प्रमुख माननीय परशुराम खापुङ्गज्यूसँग उपमहालेखापरीक्षक श्री बिन्दु विष्ट, नायब महालेखापरीक्षक श्री श्रीकुमार राई, श्री श्याम प्रसाद भण्डारी, निर्देशक श्री ध्रुव भुसार, लेखापरीक्षण अधिकारी श्री जयानन्द पाण्डे लगायतको टोलीले भेटघाट गर्नु भएको थियो । उक्त भेटघाट कार्यक्रममा माननीय प्रदेश प्रमुखसमक्ष उप-महालेखापरीक्षकज्यूले वार्षिक लेखापरीक्षण कार्यतालिका, लेखापरीक्षण विधि पद्धति, तरिका, कोशी प्रदेश मन्त्रालय तथा कार्यालयहरुको लेखापरीक्षण र वार्षिक प्रतिवेदन तयारीका वारेमा जानकारी गराउनु भएको थियो । नायब महालेखापरीक्षक श्री श्रीकुमार राई लेखापरीक्षकले लेखापरीक्षणको विषयमा सम्बन्धित सरोकारवालासँगको अन्तरक्रिया गर्ने परम्परा अनुसार माननीय समक्ष जानकारी गराउनु भेटघाटको मुख्य उद्देश्य रहेको जानकारी गराउनु भएको थियो । सो अवसरमा माननीय प्रदेश प्रमुखबाट रचनात्मक सुझाव सहित वित्तीय अनुशासन थप प्रभावकारी बनाउन महालेखापरीक्षकबाट पेश भएका प्रतिवेदनबाट टेवा पुगेको धारणा व्यक्त गर्नु भएको थियो ।



कोशी प्रदेशका प्रदेश प्रमुख माननीय परशुराम खापुङ्गसँग उप महालेखापरीक्षक श्री विन्दु विष्ट, नायब महालेखापरीक्षक श्री श्रीकुमार राई, श्री श्याम प्रसाद भण्डारी, निर्देशक श्री ध्रुव भुषाल र लेखापरीक्षण अधिकारी श्री जयानन्द पाण्डे ।

भनाइ...

सरकार तथा व्यवस्थापिकासँगको सम्बन्ध, लेखापरीक्षण प्रतिवेदनको प्रभाव, गुणस्तर, आश्वस्तता, मिडियासँगको सम्बन्ध, पारदर्शिता एवं जवाफदेहिता, प्रतिवेदनको विश्वसनीयता जस्ता पक्षहरुमा विशेष प्राथमिकता सहित हाम्रा प्रयास एवं कार्यहरु परिलक्षित हुनुपर्दछ ।

लेखापरीक्षण कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन लेखापरीक्षणका आधुनिक मान्यताहरु जस्तैः जोखिममा आधारित, सूचना प्रविधि, वातावरणीय, जालसाजी रोकथाम, सामयिक लेखापरीक्षण जस्ता विषयहरु समावेश गर्न आवश्यक देखिएको छ भने लेखापरीक्षण ऐनमा लेखापरीक्षण व्यवस्थापन, विधि र प्रक्रिया, नमूना छनौट, प्रमाण संकलन, विश्लेषण, लेखापरीक्षण राय तथा प्रतिवेदन व्यवस्थालाई समयानुकूल बनाउन संशोधन गर्न जरुरी छ । लेखापरीक्षण कार्यविधिलाई व्यवस्थित गर्न लेखापरीक्षण कार्यविधि नियमावली तर्जुमा गर्न समेत आवश्यक देखिएको छ । इण्टोसाईद्वारा जारी लेखापरीक्षण मापदण्ड अवलम्बन गरिएकोले सो अनुसार क्षेत्रगत मार्गदर्शनहरु अद्यावधिक गर्नुपर्ने आवश्यकता रहेको छ। उक्त मानदण्ड तथा क्षेत्रगत मार्गदर्शनलाई लेखापरीक्षणको मूलमन्त्रको रुपमा कार्यान्वयन गर्नका लागि चेकलिष्ट, फर्मेट तथा टूलकिटहरु विकास गर्नुपर्ने आवश्यकता रहेको छ । परिमार्जित मानदण्ड, मार्गदर्शन तथा चेकलिष्टहरुको प्रभावकारी कार्यान्वयनलाई प्राथमिकता दिई लेखापरीक्षणको गुणस्तर तथा विश्वसनीयता अभिवृद्धि गर्न समेत सबैको प्रयासको खाँचो छ ।

लेखापरीक्षणलाई यथेष्ट सूचना तथा वास्तविक तथ्यांकमा आधारित बनाउन लेखापरीक्षण गर्नपर्ने निकायहरुको आवश्यक सूचना एवं तथ्याङ्कहरु संकलन गरी जोखिम विश्लेषण गर्ने, सूचना प्रविधिको प्रयोग गर्ने, नीतिगत विषयमा केन्द्रित रहने तथा स्रोत साधनको महत्तम उपयोगमा केन्द्रित रहने व्यवस्था मिलाउन लेखापरीक्षण पद्धतिमा सुधारको आवश्यकता रहेको छ । कार्यालयले सम्पादन गर्ने लेखापरीक्षण कार्य स्वीकृत नीति, मानदण्ड तथा कार्यविधि अनुरुप भए, नभएको मुल्याङ्कन गर्न निर्देशिका तयार गरी गुणस्तर आश्वस्तता पुनरावलोकन प्रणालीको सुरुवात विगत वर्षदेखि गरिँदै आएको भए तापनि कर्मचारीहरुमा उत्प्रेणा तथा नवीन सीप, कला तथा ज्ञानको कमी, तालिमको अभाव जस्ता कारणले अपेक्षित सुधार हुन सकेको छैन । अतः महसुस गरिएका यस्ता कमी र कमजोरीहरुलाई सुधार गरी यस प्रणालीलाई सुदृढीकरण गर्नुपर्ने देखिएको छ ।

लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्ने अप्रत्यक्ष औजार आन्तरिक सुशासन अन्तर्गत कर्मचारीहरुको क्षमता अभिवृद्धि, पूर्वाधार विकास, उपलब्ध स्रोत साधनको महत्तम उपयोग, पारदर्शिता, जवाफदेहिता, सूचना सञ्चार, खुलापन, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाइ, कार्य प्रक्रिया सरलीकरण, सुविधा तथा पहुँचमा समानता आदि विषयहरु पर्दछन् । यी विषयहरुमा नेतृत्व तथा व्यवस्थापनबाट उचित सम्बोधन गरी आन्तरिक सुशासनको प्रत्याभूति गरिनुपर्दछ । नेपालले विश्वको सर्वोच्च लेखापरीक्षण संस्था (इण्टोसाई) तथा एसोसाईको सदस्य भएको हैसियतले अन्तर्राष्ट्रिय सम्पर्क विस्तार गरी प्राविधिक सहयोगको आदान प्रदान तथा अवलोकन भ्रमण, कर्मचारीको क्षमता अभिवृद्धि, द्विपक्षीय तथा बहुपक्षीय सहयोग, नमूना संगठन (Model Organization) को रुपमा विकास गर्दै जाने जस्ता पक्षमा अन्तर्राष्ट्रिय सहयोग अभिवृद्धि गर्ने कुरामा समेत थप पहल गर्नुपर्ने आवश्यकता रहेको छ ।

सन्देश...

गुणस्तरीयता कायम गर्न लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी पूर्वको गुणस्तर नियन्त्रण पुनरावलोकन आश्वस्तता (Pre Issuance Audit quality Review) र लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी पश्चातको गुणस्तर पुनरावलोकन आश्वस्तता (Post Issuance Audit quality Review) सम्बन्धमा प्रत्येक लेखापरीक्षण टोलीले वित्तीय र परिपालना लेखापरीक्षण गरेका सम्बन्धित महानिर्देशनालयले छनौट गरेका कम्तीमा एउटा फाइलको छनोट गरी कार्यालयको समीक्षा प्रतिवेदनका आधारमा प्रतिवेदन तयार गर्ने र सो का आधारमा लेखापरीक्षण व्यवस्थापनमा निरन्तर सुधार गर्नु पर्दछ । लेखापरीक्षणबाट कानूनको पालना, पारदर्शिता, जिम्वेवारीता र जवाफदेहितामा अभिवृदि गर्दै बजेट तर्जुमा, स्वीकृति, निकासा, लेखाकंन, प्रतिवेदन तथा लेखापरीक्षण, पृष्ठपोषण लगायत सार्वजनिक वित्त व्यवस्थापन सबै चरणमा आर्थिक अनुशासनको पालना गर्न गराउन अभिप्रेरित गराउँदै समग्र मुलुककै वित्तीय सुशासन कायम राख्न सम्बन्धित सबै पक्षबाट सहयोगको आवश्यकता रहेको छ ।

बेरुजुको अंक निरन्तर बढ्दै हालसम्म कुल रु. ५ खर्ब ८७ अर्ब र कारबाही टुङ्गो लगाउन बाँकी रु.३ खर्ब ७३ अर्ब समेत रु. ९ खर्ब ६० अर्ब पुगेको छ । बेरुजु रकममध्ये करिब २५ प्रतिशत असुल गर्नु पर्ने, ६५ प्रतिशत लेखा श्रेस्ता पेस नगरेको वा ऐन, नियम, नीति विधि, प्रकृया प्रणाली अवलम्बन नगरेको तथा १० प्रतिशत म्याद नाघेको पेश्की रहेको छ । सबै मन्त्रालयको समन्वयमा असुल उपर गर्नु पर्ने बेरूजु असुल गर्ने वा केन्द्रीय तहसिल कार्यालयमा लगत राख्ने, पेश्की बेरूजु असुल फर्स्यौट गरी राफसाफ गर्ने र बाँकी बेरूजु प्रक्रिया नपुगेको, कागजात पेश नभएको सम्बन्धका बेरूजु फर्स्यौट कार्यतालिका बनाई लेखाउत्तरदायी अधिकृतको सक्रियताका माध्यमबाट बेरूजु राफसाफ योजना बनाई कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको

छ। लेखापरीक्षण आचारसंहिता मापदण्ड बमोजिम निष्ठामा रही उदाहरणीय कार्य गर्ने, बाह्य दवावबाट मुक्त रहने, आचरणमा रहन प्रेरित गर्ने, कर्मचारीहरुको मनोवल वृद्धि एंव नैतिक आचरणमा शुद्धता कायम गर्न गराउन प्रयत्न गर्ने, कार्यालयको जनशक्तिमा बहुसीपयुक्त बनाउन पेशागत क्षमता विकासका कार्यसंचालन गर्ने, लेखापरीक्षणका लागि विषय विज्ञहरू जस्तै, पूर्वाधार विज्ञ, स्वास्थ्य विज्ञ, अर्थशास्त्री, समाजशास्त्री, सूचना प्रविधि विज्ञ, इञ्जिनियर, प्रेस तथा सूचना विज्ञलगायत विशेषज्ञको सेवा लिइ लेखापरीक्षणमा संलग्न गराउने, आन्तरिक कार्यसञ्चालन अन्तर्गतका सम्पूर्ण कार्यलाई स्वचालित प्रणालीमा आवद्ध गर्ने लगायतका कार्य गर्नुपर्ने देखिएको छ । कार्यालयको भौतिक पूर्वाधार व्यवस्थापन, आन्तरिक कार्य वातावरण र कार्यप्रक्रिया, गुनासो सुनुवाइ व्यवस्था, सेवा प्रवाह, अभिलेख प्रणालीमा सुधार गर्नपर्ने देखिएको छ। त्यस्तै, सरकारी कार्यालयहरू, सार्वजनिक लेखा समितिलगायतका संसदीय समितिहरू, व्यावसायिक पेशागत संघ संस्था, स्थानीय तहका पदाधिकारी, विकास साझेदार, निजी क्षेत्र, सञ्चार माध्यम र अन्य सरोकारवालासँग निरन्तर अन्तरक्रिया गर्दै वित्तीय अनुशासनको पालना गर्न, गराउन आवश्यक समन्वय र सहकार्य गर्ने, महालेखापरीक्षकको कार्यालय, नेपाल सरकार र संघीय तथा प्रदेश सार्वजनिक लेखा समितिसँग त्रिकोणात्मक सुमधुर सम्बन्ध कायम राख्ने कार्यलाई निरन्तरता दिनु पर्ने देखिएको छ।

महालेखापरीक्षकको कार्यालय
अनामनगर, काठमाडौं

सार्वजनिक अनुरोध

महालेखापरीक्षकको कार्यालयले वार्षिक लेखापरीक्षण योजनाअनुसार दोश्रो चरणको लेखापरीक्षण कार्य अन्तर्गत २०८० मंसिर-पौष महिनामा पहाडी र तराईका समेत २८ जिल्लामा स्थलगत लेखापरीक्षण टोलीबाट लेखापरीक्षण कार्य भईरहेको छ । जिल्लामा खटिने लेखापरीक्षण टोलीबाट वित्तीय र परिपालनाको लेखापरीक्षण गर्दा स्रोत साधनको प्राप्ति उपयोग तथा सोबाट प्राप्त उपलब्धिको परीक्षण मूल्यांकन गर्ने क्रममा लेखापरीक्षणलाई सघाउ पुग्ने सूचना जानकारी, विवरण, प्रमाण वा कुनै सिकायत भएमा जिल्लामा खटिएको टोली वा कार्यालयको ईमेल dir.admin@oagnep.gov.np, info@oagnep.gov.np तथा मोबाईल फोन नं. ९८५१३५४०२६ मा उपलब्ध गराउनहुन अनुरोध गरिएको छ । साथै, लेखापरीक्षणमा स्वतन्त्रता, निष्पक्षता, वस्तुपरकता कायम गर्दै आचारसंहिताको पालना गरेर लेखापरीक्षण विधि, प्रक्रिया र प्रतिवेदन व्यवस्थामा नियमित सुधार कार्य अवलम्बन गरिएकोले सो कार्यमा समेत कुनै सुझाव भए उपलब्ध गराई सहयोग गर्नुहुन अनुरोध छ ।

पत्रचार वा सम्पर्क गर्ने ठेगाना:

महालेखापरीक्षकको कार्यालय, अनामनगर, काठमाडौं ।
पोष्टबक्स नं. : १३३२८
फोन नं. : +९७७-१-४७७१२७०
ईमेल : oagnep@ntc.net.np
वेवसाइट : www.oag.gov.np

प्रवक्ता
नायब महालेखापरीक्षक
श्री बैकुण्ठ बहादुर अधिकारी
सम्पर्क : ९८५१३५४००७
ईमेल : bktadh@gmail.com

सहायक प्रवक्ता/सूचना अधिकारी
निर्देशक
श्री रमेश सुवेदी
सम्पर्क : ९८५१३५४०२६
ईमेल : dir.admin@oagnep.gov.np

महालेखापरीक्षकको कार्यालय र IIA का डाइरेक्टर बीच भेटघाट



Institute of Internal Audit, India का डाइरेक्टर श्री Nikhel Kochhar र यस कार्यालयका उप-महालेखापरीक्षक श्री पदमराज पौडेलबीच भेटवार्ता साथमा अन्य कर्मचारीहरु

१८ पौष, २०८०

Institute of Internal Audit, India का डाइरेक्टर श्री Nikhel Kochhar र यस कार्यालयका उप-महालेखापरीक्षक श्री पदमराज पौडेलबीच आन्तरिक लेखापरीक्षणसम्बन्धी अन्तर्राष्ट्रिय तालिम तथा कोर्सका सम्बन्धमा २०८०।९।१८ मा कार्यालयमा भेटघाट तथा छलफल सम्पन्न भएको छ । उक्त कार्यक्रममा ICAN का तर्फबाट श्री सुमन कुमार बोहरा तथा यस कार्यालयका नायब महालेखापरीक्षक द्वय श्री रवीन्द्र प्रसाद देवकोटा, र श्री हुमनाथ सुवेदी तथा निर्देशक श्री राजेन्द्रराज ओझा, श्री रचना प्रधान तथा लेखापरीक्षण अधिकारी श्री मिना लामाको उपस्थिति रहेको थियो । सो अवसरमा IIA को तर्फबाट Nikhel Kohhar ले आन्तरिक लेखापरीक्षणसम्बन्धी गतिविधि, तालिम तथा सदस्यतासम्बन्धी प्रक्रिया बारेमा जानकारी गराउनुभएको थियो । सो अवसरमा उप-महालेखापरीक्षक श्री पदमराज पौडेलले आगामी दिनमा महालेखापरीक्षकको कार्यालय र IIA बीच लेखा र लेखापरीक्षणसम्बन्धी तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न आवश्यक समन्वय र सहकार्यको खाँचो रहेको धारणा व्यक्त गर्नुभएको थियो ।

महालेखापरीक्षकको कार्यालयमा उच्च स्तरीय कर प्रणाली सुधार सुझाव समितिको छलफल

६ पौष, २०८०

कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उप-महालेखापरीक्षकहरु श्री वामदेव शर्मा अधिकारी, श्री विन्दु विष्ट, श्री पदमराज पौडेल तथा नायब महालेखापरीक्षकहरु श्री घनश्याम पराजुली, श्री इन्द्र प्रसाद आचार्य, श्री चन्द्रकान्त भण्डारी, श्री नेत्र कुमार खत्री, श्री तारा प्रसाद पाण्डे, श्री जयराम घिमिरे श्री श्याम प्रसाद भण्डारी, लगायतसँग २०८०।९।६ मा महालेखापरीक्षकको कार्यालय, अनामनगरमा उच्चस्तरीय कर प्रणाली सुधार सुझाव समितिका अध्यक्ष श्री विद्याधर मल्लिक, सदस्यहरु श्री लक्ष्मण अर्याल, श्री श्याम प्रसाद दाहाल, सचिवालयका सदस्य सचिव श्री महेश बराल, उपसचिव श्री हुमकान्त भण्डारी लगायतको टिमले भेटघाट गरी समितिको कार्यक्षेत्र अनुसार कर प्रणाली सुधार सम्बन्धमा छलफल तथा अर्न्तक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा समितिका अध्यक्ष श्री मल्लिकले वर्तमान कर प्रणालीमा सुधार आवश्यक रहेको र व्यावहारिक सुझावबाट कर प्रणालीमा सुधार भई राजस्व व्यवस्थापन प्रभावकारी हुने धारणा राख्नु भएको थियो भने सदस्य श्री आर्यालले राजस्व प्रशासन, कर संरचना र सुधारको आवश्यकता सम्बन्धमा प्रकाश पार्नु भएको थियो । सो अवसरमा नायव महालेखापरीक्षक श्री भण्डारीले प्रत्यक्ष तथा अप्रत्यक्ष कर प्रणाली, आयकर, अन्तःशुल्क, भन्सार शुल्क लगायतका क्षेत्रमा देखिएका समस्या र सुधारका संभावित उपायका बारेमा धारणा राख्नु भएको थियो । उप-महालेखापरीक्षक श्री अधिकारीले करको दर तथा दायरा, कर संकलन अभिलेख प्रणाली, कर उप्रेरणा लगायत विषयमा धारणा राख्नु भएको थियो भने नायब महालेखापरीक्षकहरु श्री घनश्याम पराजुली, तारा प्रसाद पाण्डे, इन्द्र प्रसाद आचार्य लगायतले आ-आफ्नो धारणा राख्नु भएको थियो ।

सो अवसरमा कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेले करको दर र दायरा विस्तार, सुचनाको स्रोत अभिलेख, पारदर्शिता, जवाफदेहिता चुहावट नियन्त्रण जस्ता पक्षमा ध्यान दिँदै संकलित करको उपयोग एवं सेवा प्रवाहमा प्रभावकारिता ल्याउने गरी सुझाव दिनुपर्ने धारणा राख्नु भएको थियो । साथै उहाँले महालेखापरीक्षकको कार्यालयबाट उच्चस्तरीय कर सुधार सुझाव समितिलाई सदैव सहयोग रहने प्रतिवद्धता समेत जनाउनु भएको थियो ।

पूर्व महालेखापरीक्षकहरुसँग भेटघाट कार्यक्रम

पूर्व महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल

मिति २०८०।४।३० गते पूर्व महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालसँग कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेले भेटगरी लेखापरीक्षण वार्षिक योजना, कार्यतालिका, लेखापरीक्षण व्यवस्थापन तथा बेरुजु फर्स्यौट र सम्परीक्षण सम्बन्धमा जानकारी गराउनु भएको थियो। सो भेटघाटका अवसरमा पूर्व महालेखापरीक्षकले लेखापरीक्षण व्यवस्थापन गर्दा जोखिममा आधारित लेखापरीक्षण पद्धतिका लागि सूचना तथा अभिलेख व्यवस्थापन, जोखिम मूल्याङकनलाई व्यवस्थीत गर्नुपर्ने, उच्च जोखिम भएका कार्यालयको लेखापरीक्षणमा विशेष ध्यान दिनुपर्ने, आचार संहिता पालनामा ध्यान दिनुपर्ने, लेखापरीक्षण प्रतिवेदनको विश्वासनियता बढाउनुपर्ने, लेखापरीक्षण प्रतिवेदन जारी पश्चातको गुणस्तर आस्वस्तता पुनरावलोकनबाट देखिएका व्यहोराहरु तत्काल कार्यान्वयन गरी लेखापरीक्षण व्यवस्थापन र प्रतिवेदन प्रणालीमा सुधार गर्नुपर्ने आवश्यकतामा जोड दिनु भएको थियो।

पूर्व महालेखापरीक्षक श्री भानुप्रसाद आचार्य

मिति २०८०।६।२३ मा पूर्व महालेखापरीक्षक श्री भानु प्रसाद आचार्यसँग कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले उप-महालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारी, श्री विन्दु विष्ट, श्री पदमराज पौडेलले भेट गरी लेखापरीक्षण योजना, लेखापरीक्षण कार्यतालिका, लेखापरीक्षण विधी, प्रक्रिया, बेरुजु फर्स्यौट तथा सम्परीक्षण व्यवस्था, संगठन संरचना, प्रथम चरणको लेखापरीक्षण व्यवस्थापन लगायत विषयमा जानकारी गराएको थियो। आचार संहिता पालना प्रतिवेदन गुणस्तरता, सरोकारवालासँगको सम्बन्ध, स्वतन्त्रता अभिवृद्धि, प्रविधिको कार्यान्वयन लगायत विषय चुनौतिपूर्ण रहेको र लेखापरीक्षण संस्थाका अग्रजहरुको सल्लाहा, सुझाव, मार्गदर्शन आवश्यक रहेकोले भेटघाट कार्यक्रम राखिएको सम्बन्धमा स्पष्ट गरिएको थियो। पूर्व महालेखापरीक्षकज्यूले राष्ट्रिय/अन्तर्राष्ट्रिय अमल अभ्यासको सम्बन्धमा प्रकाश पार्दै लेखापरीक्षण संस्थाको स्वतन्त्रता सम्बन्धमा सन् १९७७ को लीमा घोषणपत्र र सन २००७ को मेक्सिको घोषणपत्र अनुसार कार्य गर्नुपर्ने, स्रोत साधनको व्यवस्थापन र उपयोगमा ध्यान दिनुपर्ने, प्रतिवेदनको गुणस्तरीयता अभिवृद्धि गर्दै विश्वसनियता कायम गर्नुपर्ने र कार्यान्वयन पक्षमा जोड दिनुपर्ने बताउनु हुँदै सार्वजनिक लेखा समिति र अन्य सरोकारवालाहरुको समन्वय र सहकार्यमा लेखापरीक्षणको प्रभावकारीता अभिवृद्धि गर्नुपर्ने जानकारी गराउनु भएको थियो।

पूर्व महालेखापरीक्षक श्री गेहेन्द्रनाथ अधिकारी

पूर्व महालेखापरीक्षक श्री गेहेन्द्रनाथ अधिकारी र कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उप-महालेखापरीक श्री बामदेव शर्मा अधिकारी र उप-महालेखापरीक्षक श्री पदमराज पौडेलबीच उहाँको निवासमा मिति २०८०।८।८ मा लेखापरीक्षणसम्बन्धी गतिविधि बारेमा छलफल भएको थियो। उक्त कार्यक्रममा कार्यवाहक महालेखापरीक्षकले महालेखापरीक्षकको कार्यालयको हालको जनशक्ति प्रदेश तथा स्थानीय तहको लेखापरीक्षण व्यवस्था, लेखापरीक्षण विधि प्रक्रिया लगायतका विषयमा जानकारी गराउनुभएको थियो। सो अवसरमा पूर्व महालेखापरीक्षक श्री गेहेन्द्रनाथ अधिकारीज्यूले यस अगावै नर्वे, भारत तथा थाइलैण्डको सर्वोच्च लेखापरीक्षण संस्थाले गरेको SAI Level peer review बाट प्राप्त सुझाव र कार्यान्वयन, सार्वजनिक लेखा समितिको क्रियाशिलता लगायतका विषयमा जिज्ञासा राख्नुका साथै लेखापरीक्षणलाई प्रभावकारी बनाउने विषयमा सुझावसमेत दिनुभएको थियो।

पूर्व महालेखापरीक्षक श्री मधुसूदन ढकाल

पूर्व महालेखापरीक्षक श्री मधुसूदन ढकालसँग कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उप-महालेखापरीक्षक श्री विन्दु विष्ट र उप-महालेखापरीक्षक श्री पदमराज पौडेलले वहाँको निवासमा मिति २०८०।९।५ मा भेट गरी लेखापरीक्षण सम्बन्धी गतिविधिबारेमा छलफल भएको थियो। उक्त कार्यक्रममा कार्यवाहक महालेखापरीक्षकज्यूले हालको संविधान तथा लेखापरीक्षण ऐन, २०७५ मा भएको लेखापरीक्षण सम्बन्धी व्यवस्था, स्थलगत लेखापरीक्षण, लेखापरीक्षणमा सूचना प्रविधिको उपयोग, लेखापरीक्षण विधि, प्रक्रिया, प्रतिवेदन तयारी लगायतका विषयमा जानकारी गराउनुभएको थियो। सो अवसरमा पूर्व महालेखापरीक्षक श्री ढकालज्यूले सबै सरकारी निकायको लेखापरीक्षण सम्बन्धी अनुभव, कार्य पद्धति, असल अभ्यासका बारेमा जानकारी दिनु हुँदै राज्य कोषबाट दिइने अनुदानको लेखापरीक्षण हुनुपर्ने, लेखापरीक्षणमा संलग्न कर्मचारीको क्षमता विकासका कार्यक्रम सञ्चालन गरी नवीन प्रविधिको उपयोगका माध्यमबाट लेखापरीक्षणको प्रभावकारिता बढाउनुपर्ने, महालेखापरीक्षकको वार्षिक प्रतिवेदन उपर हुने छलफल तथा निर्णयको प्रभावकारी कार्यान्वयन गरी आर्थिक अनुशासन कायम गर्नुपर्ने विषयमा आफ्नो धारणा राख्नुभएको थियो।

पूर्व महालेखापरीक्षक श्री विष्णु बहादुर के.सी.

पूर्व महालेखापरीक्षक श्री विष्णु बहादुर केसी.सँग कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेले टेलिफोनमा कुरा गरी महालेखापरीक्षकको हालको संगठन संरचना, कार्य प्रक्रिया, लेखापरीक्षण कार्यतालिका प्रतिवेदन तयारी लगायतका विषयमा जानकारी गराउनु भएको थियो भने पूर्व महालेखापरीक्षक श्री विष्णु बहादुर केसीले वित्तीय सुशासनमा लेखापरीक्षणको महत्वपूर्ण भूमिका रहने भएकोले लेखापरीक्षणले आचासंहिता पालना, अनुशासन, स्वच्छता, प्रभावकारीतालगायत विष्यमा ध्यान दिई कार्य गर्नुपर्ने र लेखापरीक्षण संस्थाको स्वतन्त्रता एवं स्तर अभिवृद्धिमा कार्यालयले आन्तरिक एवं बाह्य सरोकारवालासँग समन्वय गरी कार्य गर्नुपर्नेमा जोड दिनु भएको थियो।

कार्यवाहक महालेखापरीक्षकज्यू र अन्तर्राष्ट्रिय मुद्राकोषका प्रतिनिधिबीच भेटघाट



कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेसँग आई.एम.एफ. मुख्यालयका Financial Sector Expert, Ms. Alice Flore र आई.एम.एफ. नेपालको रेजिडेन्ट प्रतिनिधि टेरेशा डेवोन साथमा महालेखापरीक्षकको कार्यालयका कर्मचारीहरु ।

१८ मंसिर, २०८०

कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेसँग (आई.एम.एफ.) मुख्यालयबाट विधिविज्ञान लेखापरीक्षण प्रशिक्षणको लागि आउनु भएका Financial Sector Expert, Ms. Alice Flore र आई.एम.एफ. नेपालको रेजिडेन्ट प्रतिनिधि टेरेशा डेवोनले १८ मंसिर, २०८० मा भेटघाट गर्नु भएको छ । उक्त भेटघाट कार्यक्रमको उद्देश्य महालेखापरीक्षकको कार्यालयको संस्थागत क्षमता विकास र अभिवृद्धिमा आई.एम.एफ. सहयोग कार्यक्रम, अन्तर्गत विधि विज्ञान लेखापरीक्षण सम्बन्धी तालीम र भविष्यमा गर्नु पर्ने सहयोग सम्बन्धमा जानकारी गराउने रहेको थियो । सो कार्यक्रममा Financial Sector Expert, Ms. Alice Flore ले विधि विज्ञान सम्बन्धी तालिम कार्यक्रममा सहभागीहरुबाट प्राप्त भएको पृष्ठपोषण तथा भविष्यमा क्षमता विकासको कार्यक्रमलाई निरन्तरता दिनु पर्ने विचार राख्नु भयो । साथै, वित्तीय लेखापरीक्षणको चरणमा जालसाजी भएको आशंका भएमा थप अध्ययन गर्ने सम्बन्धमा विधिविज्ञान लेखापरीक्षणको भूमिका र अन्य भ्रष्टाचार नियन्त्रण गर्ने निकायसँग समन्वय गर्ने सम्बन्धमा जानकारी दिनु भएको थियो ।

उक्त कार्यक्रममा कार्यवाहक लेखापरीक्षकज्यूले प्रथम चरणको क्षमता विकास सम्बन्धी कार्य सम्पन्न भएकोमा आई.एम.एफ. मुख्यालय र प्रतिनिधि Ms. Alice लगायतको टिमलाई धन्यवाद व्यक्त गर्नु भएको भयो । वित्तीय तथा आर्थिक कारोबारमा हुने छलकपट र जालसाजी पत्ता लगाउन लेखापरीक्षकको क्षमता अभिवृद्धिमा यस्तो कार्यक्रम उपयोगी हुने भएकोले आगामी दिनमासमेत आई.एम.एफ. सँग समन्वय र सहकार्य गरी क्षमता विकासका थप कार्यक्रम सञ्चालन गर्नु पर्ने तर्फ जोड दिनु भएको थियो । साथै, विधि विज्ञान लेखापरीक्षण गर्न आवश्यक विधि, प्रकृया, लगायतका मानदण्ड तथा मार्गदर्शन तयार गरी अगाडि बढ्नु पर्ने भएकोले सहयोग कार्यक्रमबाट विधि विज्ञान लेखापरीक्षणको कार्यको शुरूवात गर्न कोशेढुङ्गा स्थापित हुने विश्वास व्यक्त गर्नु भएको थियो ।

उक्त कार्यक्रममा नायव महालेखापरीक्षक श्री बैकुण्ठ बहादुर अधिकारी, निर्देशक श्री रमेश सुवेदी र निर्देशक श्री रचना प्रधानको लगायतको उपस्थिति रहेको थियो ।

विधिविज्ञान लेखापरीक्षण तालिम कार्यक्रम



विधिविज्ञान लेखापरीक्षण तालिमको समुद्घाटन पश्चातको सामूहिक तस्वीर ।

११ मंसिर, २०८०

कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेज्यूले विधि ११ मार्ग, २०८० मा विधि विज्ञान लेखापरीक्षण (Forensic Audit) सम्बन्धी तालिम कार्यक्रमको उद्घाटन गर्नु भयो । तालीम कार्यक्रम अन्तर्राष्ट्रिय मुद्राकोष (आईएमएफ) को प्राविधिक सहयोगमा सञ्चालित महालेखापरीक्षकको कार्यालयको संस्थागत सुधार कार्यक्रम अन्तर्गत अनुसन्धान तथा जालसाजी पत्ता लगाउन सक्ने क्षमता विकास र सो लेखापरीक्षण सम्बन्धी निर्देशिका तयार गर्ने कार्यसँग सम्बन्धित रहेको छ । तालिम कार्यक्रम २०८०।८।११ देखि १५ सम्म (५ दिन) सञ्चालन भएको थियो । विश्वको सर्वोच्च लेखापरीक्षण संस्थाको अन्तर्राष्ट्रिय संगठनको सन् २०२२ मा ब्राजिलमा भएको २४ औँ महाधिवेशनका समयमा आईएमएफसँग भएको द्विपक्षीय वार्ताको उपलब्धि अन्तर्गत संस्थागत सुधारमा प्राविधिक सहयोग स्वरूप प्रथम चरणको कार्यक्रमको रुपमा यो तालिम कार्यक्रम सञ्चालन गरिएको हो । उक्त तालिममा आईएमएफ मुख्यालयबाट आउनु भएका प्रशिक्षकहरुबाट प्रशिक्षण दिइएको थियो ।

तालिम उद्घाटन कार्यक्रममा कार्यवाहक महालेखापरीक्षकज्यूले अन्तर्राष्ट्रिय मुद्राकोषबाट आउनु भएका प्रतिनिधि तथा प्रशिक्षकहरु Ms. Alice Flora, Mr. Wyane McElrath, Mr. Kevin



विधिविज्ञान लेखापरीक्षण तालिमको समुद्घाटन पश्चातको सामूहिक तस्वीर ।

Hughes सहितको टिमलाई स्वागत गर्दै यस प्रकारको कार्यक्रमबाट नेपालको सर्वोच्च लेखापरीक्षण संस्था र अन्तर्राष्ट्रिय मुद्राकोषको सम्बन्ध अझ प्रगाढ हुँदै जाने अपेक्षा सहित टोलीको नेपालको बसाइ सुखद रहोस भन्ने कामना गर्नु भएको थियो । उहाँले तालिम कार्यक्रमको महत्वमाथि प्रकाश पार्दै प्रशिक्षण कार्यक्रममा कार्यालयका विभिन्न तहका ३५ कर्मचारीहरु सहभागी भएको र प्रशिक्षार्थीले आफूले सिकेका ज्ञान, सिप र अनुभवको सञ्चार कार्यालयको अन्य कर्मचारी तथा लेखापरीक्षणमा प्रतिविम्बित गरी राज्यमा आर्थिक अनुशासन र वित्तीय जवाफदेहिता र पारदर्शिता टेवा पुऱ्याउने धारणा राख्दै वित्तीय विवरण तथा आर्थिक कारोबारमा हुनसक्ने जालसाजी अनुसन्धान तथा पहिचानका लागि तथ्यहरु संकलन गर्ने, विश्लेषण गर्ने, त्यसको आधिकारिकता प्रमाणित गर्ने लगायतका कार्यमा लेखापरीक्षकको भूमिका महत्वपूर्ण हुने भएकोले उक्त तालिम कार्यक्रम लेखापरीक्षकको क्षमता विकासमा कोशेढुङ्गा साबित हुने विश्वास व्यक्त गर्नुभएको थियो ।

अन्तर्राष्ट्रिय मुद्राकोषबाट प्रतिनिधिको रुपमा सहभागी हुनु भएका Financial Sector Expert, Ms. Alice Flore ले कार्यक्रमको विषय वस्तुमाथि प्रकाश पार्दै तालिमको पाठ्यक्रम निर्धारण, तालिम विधि र यसबाट प्राप्त हुने अपेक्षित नतिजाका सम्बन्धमा विज्ञहरुको समूहबाट राय सुझाव लिइएकोले यो कार्यक्रम प्रभावकारी हुने धारणा व्यक्त गर्नु भएको थियो । उहाँले कार्यक्रमको उद्देश्य र विधिका बारेमा जानकारी गराउँदै तालिम कार्यक्रम पश्चात् OAGN Role on fight against the Fraud and Corruption through Forensic Audit मा बढोत्तरी हुने धारणा व्यक्त गर्नु भएको थियो ।

उक्त तालिम उद्घाटन कार्यक्रममा उपमहालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारी, निर्देशक श्री रमेश सुवेदी लगायतको उपस्थिति रहेको थियो ।

वैदेशिक भ्रमणमा जाने कर्मचारीबाट भ्रमण प्रतिवेदन प्रस्तुतीकरण

२४ कार्तिक, २०८०

महालेखापरीक्षकको कार्यालयमा कार्यरत कर्मचारीले सन् २०२२ र २०२३ मा विदेश भ्रमण गरेर फर्किए पश्चात हासिल गरेका ज्ञान तथा सीप हस्तान्तरण गर्ने प्रयोजनार्थ प्राप्त ज्ञान, सिप सम्बन्धी प्रस्तुतीकरण गर्न भएको थियो । कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेको प्रमुख आथित्यमा भएको उक्त कार्यक्रममा उप-महालेखापरीक्षकज्यूहरु, नायव महालेखापरीक्षक, निर्देशक लेखापरीक्षण अधिकारी तथा कार्यालयका अन्य कर्मचारीको उपस्थिति रहेको थियो । वैदेशिक तालिम/गोष्ठीमा सहभागी देहायका कर्मचारीले प्रस्तुती गर्नु भएको थियो ।

क्र.सं.	पद	नाम	भ्रमण गरेको देश	विषय
१	कार्यवाहक महालेखापरीक्षक	श्री महेश्वर काफ्ले	कजाकस्तान	9th seminar on environment auditing
२	उप महालेखापरीक्षक	श्री वामदेव शर्मा अधिकारी	जमैका	Capacity Development
	लेखापरीक्षण अधिकारी	श्री जयानन्द पाण्डे	जमैका	Capacity Development
३	नायब महालेखापरीक्षक	श्री घनश्याम पराजूली	थाइल्याण्ड	Asian Evaluation Week
४	नायब महालेखापरीक्षक	श्री हुमनाथ सुवेदी	इटाली	Sustainable Development
५	लेखारीक्षण अधिकारी	श्री बाबुराम भुल	फिलिपिन्स	IASAI Conference
६	नायब महालेखापरीक्षक	श्री बैकुण्ठ बहादुर अधिकारी	श्रीलंका	CAPA Member meeting
७	नायब महालेखापरीक्षक	श्री नेत्र खत्री लगायत निर्देशक, ले प अधिकारी समेत ३० जना	थाइल्याण्ड	Cross Learning International Program (CLIP)
८	नायब महालेखापरीक्षक	श्री श्याम प्रसाद भण्डारी	ट्यूनिसीया	Equal Future Audit (EFA) change makers workshop
९	निर्देशक	श्री सिर्जना रिमाल	ट्यूनिसीया	Equal Future Audit (EFA) change makers workshop
१०	नायब महालेखापरीक्षक	श्री चन्द्रकान्त भण्डारी	फिलिपिन्स	ADB/IDI SUSTAINABLE PERFORMANCE AUDIT PRACTICES IN ASIA AND THE PASIFIC
	निर्देशकहरु	श्री रामचन्द्र ओझा श्री कमलराज अर्याल श्री रचना प्रधान श्री सिर्जना रिमाल		

क्र.सं.	पद	नाम	भ्रमण गरेको देश	विषय
११	निर्देशक	श्री कल्पना घिमिरे	श्रीलंका र बङ्गलादेश	SAARC Audit
	लेखापरीक्षण अधिकरी	श्री पिङ्की कुमारी दास		
१२	निर्देशक	श्री प्रेम कुमार मुङ्गमेन	पाकिस्तान र नेपाल	SAARC Audit
	लेखापरीक्षण अधिकारी	श्री राजु पाण्डे		SAARC Audit
१३	उप-महालेखापरीक्षक	श्री पदमराज पौडेल	भारत/कलकत्ता	Forensic Audit/NFRS
१४	नायब महालेखापरीक्षक	श्री ईन्द्र प्रसाद आचार्यसमेत २५ जना	भारत/कलकत्ता	Forensic Audit/NFRS
१५	निर्देशक	श्री युवराज अधिकारी	थाइल्याण्ड	Risk/Internal Control
१६	निर्देशक	श्री कुलचन्द्र भण्डारी	थाइल्याण्ड	Risk/Internal Control
१७	नायब महालेखापरीक्षक	श्री श्रीकुमार राई	थाइल्याण्ड	Anti-Corruption
१८	लेखापरीक्षण अधिकारी	श्री प्रसादु थारु	फिलिपिन्स	International Public Sector Accounting
१८	निर्देशक	श्री दुर्गा पन्थी	फिलिपिन्स	Public Expenditure and Financial Accounting
१९	लेखापरीक्षण अधिकारी	श्री प्रेम कुमार भट्टराई	भियतनाम	ASOSAI Capacity Development
२०	लेखापरीक्षण अधिकारी	श्री महेश श्रेष्ठ	कम्बोडिया	Climate Change

युरोपेली संघ (European Union) का प्रतिनिधिहरुसँग छलफल

२१ मंसिर, २०८०

सार्वजनिक वित्त व्यवस्थापन (Public Finance Management), नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) सार्वजनिक लेखा समितिसँगको समन्वय र छलफल लगायतका विषयमा २०८०।८।२१ मो नेपाल स्थित युरोपेली संघ (European Union) का प्रतिनिधिहरु Kaluwa Vergomotta, Peter Jensen तथा श्री योगराज पोखरेल र महालेखापरीक्षकको कार्यालयकोतर्फ बाट उप-महालेखापरीक्षक श्री पदमराज पौडेल र नायब महालेखापरीक्षक श्री बैकुण्ठ बहादुर अधिकारीबीच छलफल कार्यक्रम सम्पन्न भयो । उक्त अवसरमा युरोपेली संघका प्रतिनिधिहरुले नेपाल सरकारको शिक्षा, कृषि, स्वास्थ्य लगायतका क्षेत्रमा गरेको सहयोगको उपयोग सम्बन्धमा महालेखापरीक्षकको कार्यालयको भूमिका सम्बन्धमा जिज्ञासा राख्नुभएको थियो । उप-महालेखापरीक्षक श्री पौडेलले लेखापरीक्षण व्यवस्थापन, प्रदेश कार्यालयसँगको सम्बन्ध र स्थानीयतहको लेखापरीक्षण व्यवस्था लगायतका विषयमा प्रकाश पार्नुभएको थियो ।

प्रथम चरणको लेखापरीक्षण सम्पन्न गर्ने टोलीबाट प्रस्तुतीकरण कार्यक्रम

१९ देखि २२ कार्तिक, २०८०

महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०८० बमोजिम पहिलो चरणको स्थलगत हिमाली र पहाडी जिल्लासमेत गरी ४६ जिल्लामा अन्तिम लेखापरीक्षण सम्पन्न गरी फर्किएका टोली प्रमुखहरुले लेखापरीक्षबाट देखिएका प्रमुख व्यहोरा वार्षिक प्रतिवेदनमा राख्न उपयुक्त हुने व्यहोरा, सम्परीक्षणको अवस्था र लेखापरीक्षण कार्यमा भोग्नु परेका समस्या तथा आगामी दिनमा गर्नुपर्ने सुधार सम्बन्धमा मिति २०८०।७।१९ देखि २२ सम्म प्रस्तुतीकरण गर्नु भएको थियो । कार्यक्रममा कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेले वर्षातको समयमा समेत विभिन्न कठिनाइका बाबजुत ४६ जिल्लाको स्थलगत लेखापरीक्षण कार्य तोकिएको समयमा नै सम्पन्न गरी फर्किएका लेखापरीक्षण टोलीलाई धन्यवाद दिनुभएको थियो । साथै उहाँले लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरुलाई समेटी वार्षिक प्रतिवेदनमा समावेश गर्ने व्यवस्था गर्न निर्देशनसमेत दिनुभएको थियो । उक्त कार्यक्रममा उप-महालेखापरीक्षकज्यूहरु नायब महालेखापरीक्षकज्यूहरु, तथा कार्यालयका अन्य कर्मचारीको समेत उपस्थिति रहेको थियो ।

क्र. सं.	लेखापरीक्षण विभाग	प्रस्तुतीकरण गर्ने टिम संख्या
१	पूर्वाधार लेखापरीक्षण विभाग	३३ टिम
२	शासकीय व्यवस्था लेखापरीक्षण विभाग	१७ टिम
३	अर्थ, राजश्व तथा कार्यमूलक लेखापरीक्षण विभाग	२३ टिम
४	आर्थिक तथा सामाजिक लेखापरीक्षण विभाग	२१ टिम
	जम्मा	**९४ टिम**

कार्यक्रमको अन्त्यमा कार्यवाहक महालेखापरीक्षकज्यूले लेखापरीक्षण योजना अनुसार लेखापरीक्षण व्यवस्थापन गर्ने, लेखापरीक्षणबाट देखिएका व्यहोराहरुका सम्बन्धमा तथ्यहरु संकलन गर्ने, विश्लेषण गर्ने, सुझावसहितको प्रतिवेदन तयार गर्ने र कार्यतालिका बमोजिम लेखापरीक्षण सम्पन्न गर्ने गरी लेखापरीक्षण व्यवस्थापन गर्न निर्देशन दिनु भएको थियो ।

संघ, प्रदेश तथा स्थानीय सरकारको आर्थिक वर्ष २०७९।८० को एकीकृत वित्तीय विवरण पेस



कार्यवाहक महालेखापरीक्षकज्यू समक्ष आर्थिक वर्ष २०७९।८० को संघ, प्रदेश र स्थानीय तहको एकीकृत वित्तीय विवरण पेश गर्नुहुँदै महालेखा नियन्त्रक श्री हरिप्रसाद मैनाली, साथमा उप-महालेखापरीक्षकज्यूहरु ।

१६ पौष, २०८०

महालेखापरीक्षकको कार्यालयमा आयोजित एक कार्यक्रममा श्रीमान् कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेसमक्ष महालेखा नियन्त्रक श्री हरिप्रसाद मैनालीले संघ, प्रदेश तथा स्थानीय सरकारको आर्थिक वर्ष २०७९।८० को नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) माआधारित एकीकृत वित्तीय विवरण पेस गर्नु भएको छ ।

कार्यक्रममा महालेखापरीक्षकको कार्यालयबाट उप-महालेखापरीक्षकहरू, नायब महालेखापरीक्षकहरू, निर्देशकहरू तथा अन्य कर्मचारीको सहभागिता थियो भने महालेखा नियन्त्रक कार्यालयबाट सह-महालेखा नियन्त्रक, उप-महालेखा नियन्त्रक तथा अन्य कर्मचारीको सहभागिता रहेको थियो । यस कार्यक्रमको सहजीकरण उप-महालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीले गर्नुभएको थियो भने वित्तीय विवरणमा समावेश भएका प्रमुख तथ्यांक तथा व्यहोरा सम्बन्धमा सह-महालेखा नियन्त्रक श्री थानप्रसाद पँज्ञानीले प्रस्तुत भएको थियो ।

उक्त अवसरमा महालेखा नियन्त्रक श्री मैनालीले सबै संघीय मन्त्रालय, प्रदेश सरकार तथा स्थानीय तहबाट प्राप्त सहयोगले यथा समयमै एकीकृत वित्तीय विवरण तयार गर्न सकिएको जानकारी गराउँदै विभिन्न सूचना प्रविधि प्रणालीको उपलब्धताले समयमा एकीकृत वित्तीय विवरण तयार गर्न तथा तथ्याङ्कलाई यथार्थ रूपमा प्रस्तुत गर्न सहज भएको बताउनुभएको थियो ।

सो अवसरमा कार्यवाहक महालेखापरीक्षकज्यूले समयमा नै सार्वजनिक क्षेत्र लेखामानमा आधारित वित्तीय विवरण तयार गरी पेस गरेकोमा महालेखा नियन्त्रक एवं वित्तीय विवरण तयारीमा संलग्न सबै कर्मचारीहरूलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावलीबमोजिम यसरी समयमै एकीकृत वित्तीय विवरण तयारी कार्य सम्पन्न गर्नु सद्दानीय कार्य भएको उल्लेख गर्नुभयो ।

आन्तरिक लेखापरीक्षणबाट औंल्याएइका व्यहोराहरूलाई एकीकृत वित्तीय विवरण तयार पार्ने अवधिसम्ममा सम्बोधन गर्न जोड दिँदै महालेखापरीक्षकको कार्यालयले संघ तथा प्रदेशको वित्तीय विवरणको प्रमाणीकरण तथा रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गरिनेसमेत जानकारी गराउनुभएको थियो ।

महालेखा नियन्त्रक कार्यालयबाट संघीय सञ्चित कोषको वित्तीय विवरण र PAMS मा आधारित सम्पत्ति विवरण पेस

१५ कार्तिक, २०८०

महालेखापरीक्षकको कार्यालय, अडिट भवनमा २०८० कार्तिक १५ मा आयोजित एक कार्यक्रममा श्रीमान कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले समक्ष महालेखा नियन्त्रक श्री हरिप्रसाद मैनालीले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९ (१) अनुसार आर्थिक वर्ष २०७९।८० को संघीय सञ्चित कोषको वित्तीय विवरण र सरकारी कार्यालयहरुको PAMS मा आधारित सम्पत्ति विवरण पेस गर्नु भएको छ ।

कार्यक्रममा महालेखापरीक्षकको कार्यालयका उप-महालेखापरीक्षकहरु, नायब महालेखापरीक्षकहरु, निर्देशकहरु तथा अन्य कर्मचारीको सहभागिता थियो भने महालेखा नियन्त्रक कार्यालयबाट सह-महालेखा नियन्त्रक, उप-महालेखा नियन्त्रक तथा अन्य कर्मचारीको सहभागिता रहेको थियो । कार्यक्रमको सहजीकरण उपमहालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारीले गर्नु भएको थियो भने नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) मा आधारित वित्तीय विवरणमा समावेश भएका विषयको व्यहोरा सह-महालेखा नियन्त्रक श्री थान प्रसाद पँज्ञानीले प्रस्तुत भएको थियो ।

उक्त अवसरमा महालेखा नियन्त्रकज्यूले प्रतिवेदन तयारीमा सबै संघीय मन्त्रालय, प्रदेश सरकार तथा स्थानीय तहबाट प्राप्त सहयोगले समयमा नै एकीकृत वित्तीय विवरण तयार गर्न सकिएको जानकारी गराउँदै विभिन्न सूचना प्रविधि प्रणालीको सहजताले समयमा नै एकिकृत वित्तीय विवरण तयार गर्न सहज भएको र प्रणालीहरुबीच अन्तर आवद्धता गर्नुपर्ने आवश्यकता रहेको बताउनु भएको थियो ।

कार्यवाहक महालेखापरीक्षकज्यूले समयमानै एकीकृत वित्तीय विवरण तयार गरी पेस गरेकोमा महालेखा नियन्त्रक एवं प्रतिवेदन तयारीमा संलग्न कार्यालयका सबै कर्मचारीहरुलाई धन्यवाद दिनु भएको थियो । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियम बमोजिम संघीय सरकारको खर्चको लेखाङ्कन, प्रतिवेदन तयारी, आन्तरिक लेखापरीक्षण र एकीकृत वित्तीय विवरण तयारी कार्य समयमै सम्पन्न गरी पेस गर्नु सह्रानीय कार्य भएको उल्लेख गर्दै पुँजीगत खर्चमा कमी आउनु, सञ्चित कोषको हिसाब ऋणात्मक हुनु, म्याद नाघेको पेश्की समयमै फर्स्यौट नहुनु, आन्तरिक तथा बाह्य ऋण बढ्दै जानु, सरकारको वास्तविक सम्पत्ति यकिन नहुनु जस्ता विषय गम्भीर रहेको उल्लेख गर्दै आर्थिक अनुशासन कायम गर्न सरकारको खर्च क्षमता बढाउनु पर्ने, सार्वजनिक सम्पत्तिको यथार्थ अभिलेख राखी मर्मत, सम्भार तथा उपयोगमा ध्यान दिनुपर्ने, आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्ने, लेखा समूहको कर्मचारीको क्षमता विकास गर्नुपर्ने लगायतका पक्षमा जोड दिँदै आगामी वर्ष महालेखापरीक्षकको कार्यालयले सबै मन्त्रालयहरुको वित्तीय विवरणको प्रमाणीकरण र राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गरिने जानकारी गराउनु भएको थियो ।

श्रीमान् कार्यवाहक महालेखापरीक्षकज्यू समक्ष आर्थिक वर्ष २०७९।८० को संघीय सञ्चित कोषको वित्तीय विवरण र सरकारी कार्यालयहरुको PAMSमा आधारित सम्पत्ति विवरण पेश गर्नुहुँदै महालेखा नियन्त्रक श्री हरिप्रसाद मैनाली ।



सञ्चित कोषको वित्तीय विवरण तथा एकिकृत सम्पत्ति विवरण पेश पछिको सामूहिक तस्वीर ।

शुभकामना आदानप्रदान कार्यक्रम

३ कार्त्तिक, २०८०

महालेखापरीक्षकको कार्यालयले २०८० सालका प्रमुख चाडपर्वहरु बडादशैं, नेपाल सम्वत्, तिहार र छठको उपलक्ष्यमा शुभकामना आदानप्रदान कार्यक्रम अडिट भवन, अनामनगरमा २०८० कार्त्तिक ३ मा सम्पन्न गरेको छ । वार्षिक लेखापरीक्षण योजना, २०८० अनुसार प्रथम चरणमा ४६ जिल्लाको एकल तथा संयुक्त लेखापरीक्षण डोर सम्पन्न गरी कार्यालयमा सबै कर्मचारी फर्किसके पश्चात् कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेज्यूले वर्षातको कारण आवत जावतमा भएको कठिनाइ तथा मौसमी प्रतिकूलताको बावजुद पहिलो चरणको स्थलगत लेखापरीक्षण सम्पन्न गरेकोमा कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्नुहुँदै आउँदै गरेका चाडपर्वहरुको उपलक्ष्यमा सम्पूर्ण कर्मचारी एवं कर्मचारीका परिवारहरुमा सुख शान्ति, सुस्वास्थ्य, दीर्घायु तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्नु भएको थियो । कार्यक्रममा उपमहालेखापरीक्षकहरु श्री वामदेव शर्मा अधिकारी, श्री विन्दु विष्ट र श्री पदमराज पौडेलले पहिलो चरणको स्थलगत लेखापरीक्षण कार्य सफलतापूर्वक सम्पन्न गरेकोमा सबैमा आभार प्रकट गर्दै उक्त चाडपर्वहरुको उपलक्ष्यमा शुभकामना सहितको मन्तव्य राख्नु भएको थियो ।



शुभकामना आदान प्रदानपछिको सामूहिक तस्वीर ।

लेखापरीक्षण पृष्ठपोषण एवं शुभकामना आदानप्रदान कार्यक्रम

२६ असोज, २०८०

यस कार्यालयमा कार्यरत तथा पूर्व कर्मचारीहरुसँग लेखापरीक्षण व्यवस्थापन सम्बन्धमा पृष्ठपोषण सहित छलफल तथा सम्वत् २०८० का चाडवाडहरु (बडा दशैं, तिहार, नेपाल सम्वत् लगायत) को उपलक्ष्यमा २०८० आश्विन २६ गते शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा यस कार्यालयमा कार्यरत कर्मचारीहरु एवं पूर्व कर्मचारीतर्फ कार्यवाहक महालेखापरीक्षकज्यूहरु, उपमहालेखापरीक्षकहरु, नायब महालेखापरीक्षकहरु, निर्देशकहरु, लेखापरीक्षण अधिकारी लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा कार्यालयका तर्फबाट शुभकामना व्यक्त गर्दै लेखापरीक्षण अवस्था, लेखापरीक्षणका विधि, पद्धति र लेखापरीक्षणका समसामयिक विषयहरुमा उपमहालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीले प्रस्तुतीकरण गर्नु भएको थियो । तत् पश्चात पूर्व कार्यवाहक महालेखापरीक्षक श्री बच्चुराम दाहाल लगायत पूर्व कर्मचारीहरुका तर्फबाट लेखापरीक्षण सम्बन्धमा पृष्ठपोषण एवं शुभकामना प्रदान गर्नु भएको थियो । कार्यक्रममा पूर्व कर्मचारीहरुले लेखापरीक्षणको क्षेत्रमा निरन्तर सुधारको खाँचो रहेकोले कार्यालयको रणनीतिक योजना (२०२१-२०२५) अनुसारका क्रियाकलापलाई मध्यनजर गरी कार्य गर्नुपर्ने, लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्नका अन्य देशका सर्वोच्च लेखापरीक्षण संस्थाहरुले गरेका असल अभ्यासहरु अध्ययन गरी सो अनुरुप कार्यालयको कार्यप्रणाली, लेखापरीक्षण विधि तथा पद्धतिमा सुधार गर्नुपर्ने, समान प्रकृतिका कारोबारको प्रतिवेदनमा एकरुपता नहुँदा जिम्मेवार निकाय तथा सरोकारवालाबाट प्रतिवेदनमा समावेश गरिएका विषयवस्तुमा टिप्पणी हुने गरेकोले कार्यालयले पर्याप्त गृहकार्य पश्चात् मात्र लेखापरीक्षणमा टोलीलाई स्थलगत लेखापरीक्षणमा पठाउनुपर्ने, लेखा प्रणाली व्यवस्थापन सूचना प्रणालीमा आवद्ध भइसकेको अवस्थामा लेखापरीक्षणलाई पनि सोही अनुसार परिमार्जन गर्नुपर्ने एवं सोका लागि फेसलेस तथा रिमोट अडिटलाई प्राथमिकता दिनुपर्ने, लेखापरीक्षण जोखिमलाई वस्तुनिष्ठ तवरले विश्लेषण गरी उच्च जोखिमका क्षेत्रमा बढी

प्रयास लगाउनुपर्ने, नियमितता र वित्तीय लेखापरीक्षण प्रतिवेदन जारी गर्नुपर्ने लगायतका सान्दर्भिक र मननयोग्य सुझावहरु प्राप्त भएका थिए । कार्यालयका पूर्व कर्मचारीहरुले यसप्रकारको कार्यक्रम प्रथमपटक आयोजना भएकोमा सोको सह्रानाा गर्दै यसको निरन्तरता हुनुपर्ने विचार राख्नुभएको थियो ।

अग्रजहरुको अनुभवको आदानप्रदानबाट कर्मचारीहरुको क्षमतासमेत अभिवृद्धिमा सहयोग पुग्ने र समग्र लेखापरीक्षणको गुणस्तर र प्रभाव समेत बढ्ने स्थिति रहेकोले कार्यालयका तर्फबाट यस्ता कार्यक्रमको निरन्तरता एवं प्राप्त सुझावको अभिलेखीकरण र कार्यान्वयनको प्रतिवद्धता व्यक्त भएको थियो ।

पूर्व उप-महालेखापरीक्षकहरु

महालेखापरीक्षकको कार्यालयमा रहेको अभिलेख अनुसार कार्यालय स्थापना कालदेखि हालसम्मका पूर्व उप-महालेखापरीक्षकहरुको विवरण देहाय बमोजिम छ :

पूर्व उप-महालेखापरीक्षक (विशिष्ट श्रेणी) हरुको नाम र सेवा अवधि

क्र. सं.	पद	नाम थर	देखि	सम्म
१	विशिष्ट श्रेणी	श्री नीरराज राजभण्डारी (काज)	२०१६	२०१७
२	उप-महालेखापरीक्षक	श्री गोविन्द प्रसाद गोर्खाली	२०२८	२०३२
३	उप-महालेखापरीक्षक	श्री रामप्रसाद श्रेष्ठ	२०३२।७।१२	२०४३।७।११
४	उप-महालेखापरीक्षक	श्री यादव रन्जन बराल	२०४३।७।१२	२०४८।७।११
५	उप-महालेखापरीक्षक	श्री नगेन्द्र बहादुर राजवंशी	२०४८।७।१२	२०५१।१२।१६
६	उप-महालेखापरीक्षक	श्री विष्णु बहादुर के.सी.	२०५१।१२।१७	२०५४।४।३०
७	उप-महालेखापरीक्षक	श्री वासुदेव लामिछाने	२०५४।५।१४	२०५७।७।१७
८	उप-महालेखापरीक्षक	श्री दिवाकर प्रसाद भट्टराई	२०५४।५।१४	२०५९।५।१३
९	उप-महालेखापरीक्षक	श्री पद्मदयाल श्रेष्ठ	२०५७।१२।२७	२०६०।९।१५
१०	उप-महालेखापरीक्षक	श्री कृष्णप्रसाद न्यौपाने	२०५७।१२।२७	२०६०।९।१८
११	उप-महालेखापरीक्षक	श्री प्रचन्द्रलाल झा	२०५९।९।८	२०६२।२।२०
१२	उप-महालेखापरीक्षक	श्री बच्चुराम दाहाल	२०६०।१०।२२	२०६५।१०।१४
१३	उप-महालेखापरीक्षक	श्री हरि बहादुर खड्का	२०६०।१०।२२	२०६१।४।१९
१४	उप-महालेखापरीक्षक	श्री राजाराम सेढाई	२०६१।२।४	२०६२।३।२३
१५	उप-महालेखापरीक्षक	श्री भद्रेश्वर प्रसाद उपाध्याय	२०६१।१०।३०	२०६६।१०।२६
१६	उप-महालेखापरीक्षक	श्री रमेशराज सत्याल	२०६२।३।३०	२०६७।२।४
१७	उप-महालेखापरीक्षक	श्री बद्री बहादुर काकी	२०६२।३।३०	२०६७।३।१४
१८	उप-महालेखापरीक्षक	श्री खेमप्रसाद दाहाल	२०६५।४।८	२०६९।४।१९
१९	उप-महालेखापरीक्षक	श्री विमला सुवेदी	२०६७।१२।२८	२०७१।४।२३
२०	उप-महालेखापरीक्षक	श्री देव बहादुर बोहरा	२०६७।१२।२८	२०६९।१२।४
२१	उप-महालेखापरीक्षक	श्री सोमराज पोखरेल	२०६७।१२।२८	२०७०।१।१५
२२	उप-महालेखापरीक्षक	श्री सुकदेव खत्री	२०६९।८।८	२०७४।२।२४
२३	उप-महालेखापरीक्षक	श्री मोहदत्त तिमिल्सिना	२०७०।४।१६	२०७५।४।१५
२४	उप-महालेखापरीक्षक	श्री जनकराज गौतम	२०७०।४।१६	२०७१।१।१२
२५	उप-महालेखापरीक्षक	श्री गुणराज श्रेष्ठ	२०७१।४।२२	२०७३।१।१०
२६	उप-महालेखापरीक्षक	श्री ईश्वरराज श्रेष्ठ	२०७१।१०।२२	२०७२।४।१७
२७	उप-महालेखापरीक्षक	श्री ईश्वरप्रसाद न्यौपाने	२०७२।६।२२	२०७२।७।६
२८	उप-महालेखापरीक्षक	श्री बाबुराम गौतम	२०७३।७।५	२०७८।७।४
२९	उप-महालेखापरीक्षक	श्री ईश्वर नेपाल	२०७३।७।५	२०७८।७।४
३०	उप-महालेखापरीक्षक	श्री रामुप्रसाद डोटेल	२०७४।४।१२	२०७९।४।११
३१	उप-महालेखापरीक्षक	श्री राममाया कुँवर	२०७५।४।२३	२०८०।४।१७

नोट: उपर्युक्त विवरण अद्यावधिक गर्ने कार्य जारी रहेकोले थप अभिलेख प्राप्त भएपछि पुन:अद्यावधिक गरिनेछ ।

सार्वजनिक लेखा समितिमा छलफल

९ आश्विन, २०८०

संघीय संसद, सार्वजनिक लेखा समितिको आमन्त्रणमा २०८० आश्विन ९ गते सार्वजनिक लेखा समितिका सभापति माननीय ऋषिकेश पोखेलको सभापतित्व र समितिका माननीय सदस्यहरुको उपस्थितिमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति प्रतिवेदन तयारी प्रक्रिया लगायतका विषयमा छलफल सम्पन्न भएको उक्त कार्यक्रममा कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उपहालेखापरीक्षकहरु श्री वामदेव शर्मा अधिकारी, श्री विन्दु विष्ट, श्री पदमराज पौडेल लगायत सबै नायब महालेखापरीक्षकहरुको उपस्थिति रहेको थियो । सो कार्यक्रममा कार्यवाहक महालेखापरीक्षकज्यूले महालेखापरीक्षकको साठिऔँ वार्षिक प्रतिवेदनमा उल्लिखित लेखापरीक्षण सम्बन्धी विवरण, बेरुजुको अवस्था, मुख्य बेरुजु र मन्त्रालयगत बेरुजु स्थिति प्रतिवेदन कार्यान्वयन अवस्था भविष्यमा गर्नुपर्ने सुधारका बारेमा प्रस्तुतीकरण गर्नु भएको थियो । सो अवसरमा माननीय सदस्यहरुबाट लेखापरीक्षण प्रक्रिया, लेखापरीक्षणको विश्वसनीयता तथा गुणस्तर बेरुजुमा एकरुपता, बेरुजु फर्स्यौट तथा सम्परीक्षणमा महालेखा परीक्षकको कार्यालय, सम्बन्धित निकाय एवं सार्वजनिक लेखा समितिको कार्य जिम्मेवारी, लेखापरीक्षकको आचारसंहिता पालना आदि सम्बन्धमा आ-आफ्नो धारणा तथा जिज्ञासा राख्नु भएको थियो । उक्त जिज्ञासाहरुको सम्बन्धमा कार्यवाहक महालेखापरीक्षकले स्पष्ट पार्नुहुँदै लेखापरीक्षण विधि, पद्धति, मानदण्ड, प्रतिवेदनको प्रभाव जस्ता पक्षमा जानकारी गराउनु भएको थियो ।

२४ आश्विन, २०८०

सार्वजनिक लेखा समितिका सभापति, समितिका माननीय सदस्यहरु, नेपाल सरकारका मुख्य सचिव, संघीय संसदका महासचिव लगायतको उपस्थितिमा २०८० आश्विन २४ मा भएको लेखापरीक्षण बेरुजु फर्स्यौट र सम्परीक्षण एवं वित्तीय अनुशासन सम्वन्धी छलफल कार्यक्रममा कार्यवाहक महालेखापरीक्षक, ३ उप-महालेखापरीक्षकहरु एवं नायब महालेखापरीक्षकहरुको उपस्थिति रहेको थियो । सो कार्यक्रममा कार्यवाहक महालेखापरीक्षकज्यूले लेखापरीक्षण विधि, प्रक्रिया, प्रतिवेदन तयारी अवस्था, बेरुजु फर्स्यौट र सम्परीक्षणको स्थिति, वित्तीय सुशासनमा जिम्मेवारी र जवाफदेहिताका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो । उक्त कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव श्री बैकुण्ठ अर्यालयले सार्वजनिक वित्त व्यवस्थापन, लेखापरीक्षण बेरुजु फर्स्यौट, सम्परीक्षण, कानूनको पालना लगायतका विषयमा धारणा राख्दै सार्वजनिक लेखा समितिबाट प्राप्त निर्देशनको पालना गर्ने प्रतिवद्धता जनाउनु भएको थियो संसदका महासचिव डा. भरतराज गौतमले महालेखापरीक्षक, सरकार र सार्वजनिक लेखा समितिको कार्यक्षेत्रको बारेमा चर्चा गर्दै वित्तीय अनुशासन कायम गर्न सबै पक्षले जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने धारणा राख्नु भएको थियो ।

उक्त कार्यक्रममा समितिका माननीय सदस्यहरुबाट जिम्मेवार पदाधिकारीले कानूनको पालना, पारदर्शिता, आदिको कार्यान्वयन पक्ष कमजोर रहेको, आर्थिक अनुशासनको स्तर खस्कँदै गएको, समयमा प्रमाण पेस नगरी प्रतिवेदनमा समावेश हुने अवस्था, आयोजना छनौट, कार्यान्वयन, अनुगमनमा समस्या, नीतिगत विषयका समस्या लगायतमा आ आफ्नो धारणा राख्नु भएको थियो । सो कार्यक्रमको समापन मन्तव्यमा माननीय सभापतिज्यूले असुल गर्नुपर्ने बेरुजुको लगत अद्यावधिक गरी समितिलाई उपलब्ध गराउनुपर्ने, खर्चमा मितव्ययिता एवं आर्थिक अनुशासन कायम गर्नुपर्ने सबै तहका पदाधिकारीले जिम्मेवारि र जवाफदेहिता पालना गर्नुपर्ने, सार्वजनिक सम्पत्तिको सदुपयोग गर्नुपर्ने, महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोरा समयमा नै फर्स्यौट गरी आर्थिक अनुशासन कायम गर्नुपर्ने धारणा राख्नु हुँदै सबै लेखा उत्तरदायी अधिकृतलाई सो सम्बन्धमा निर्देशन दिनु भएको थियो ।

२०८० आश्विन देखि पौष मसान्तसम्म अवकाश भएका कर्मचारीहरुको विवरण

क्र.सं.	नाम	पद	अवकाश मिति
१	श्री मोहन प्रसाद भट्टराई	निर्देशक	२०८०।६।२०
२	श्री ललित बहादुर शाक्य	निर्देशक	२०८०।६।३०
३	श्री राजाराम श्रेष्ठ	शाखा अधिकृत	२०८०।६।३०
४	श्री रमेश पुरी	निर्देशक	२०८०।८।८
५	श्री किशोर दुरा	निर्देशक	२०८०।८।१५
६	श्री नारायण प्रसाद पराजुली	नायब महालेखापरीक्षक	२०८०।९।८

२०८० आश्विन देखि पौष मसान्तसम्म नयाँ नियुक्ति भएका कर्मचारीहरुको विवरण

क्र.सं.	नाम	पद	नियुक्ति मिति
१	श्री रम्वास रावत	लेखापरीक्षण अधिकारी	२०८०।६।९
२	श्री नारायण भट्टराई	लेखापरीक्षण अधिकारी	२०८०।६।९
३	श्री राम भुर्तेल	लेखापरीक्षण अधिकारी	२०८०।६।९
४	श्री हंसराज याख्या	लेखापरीक्षण अधिकारी	२०८०।६।९
५	श्री कृष्ण चन्द्र तामाङ लामा	लेखापरीक्षण अधिकारी	२०८०।६।९
६	श्री अनुशीला काफ्ले	लेखापरीक्षण अधिकारी	२०८०।६।९
७	श्री केशव बहादुर मगर	लेखापरीक्षण अधिकारी	२०८०।६।९
८	श्री प्रेम प्रसाद दाहाल	लेखापरीक्षण निरीक्षक	२०८०।६।१२
९	श्री सुस्मिता बस्नेत	लेखापरीक्षण निरीक्षक	२०८०।६।२९

२०८० आश्विन देखि पौष मसान्तसम्म रमाना लिई आएका कर्मचारीहरुको विवरण

क्र.सं.	नाम	पद	मिति
१	श्री शिव कार्की	कम्प्यूटर अपरेटर	२०८०।८।१२

२०८० आश्विन देखि पौष मसान्तसम्म रमाना लिई गएका कर्मचारीहरुको विवरण

क्र.सं.	नाम	पद	मिति
१	श्री रमेश राज सुवेदी	सुचना प्रविधि निर्देशक	२०८०।६।१७
२	श्री पुष्पा वाग्ले	कानून अधिकृत	२०८०।७।१३
३	श्री सुवास अधिकारी	कम्प्यूटर अधिकृत	२०८०।६।१७
४	श्री विनम परियार	लेखापरीक्षण अधीक्षक	२०८०।६।९
५	श्री रमेश भण्डारी	लेखापरीक्षण अधीक्षक	२०८०।६।९
६	श्री ईश्वरदेव पन्त	लेखापरीक्षण अधीक्षक	२०८०।६।९
७	श्री अर्जुन राउत	कम्प्यूटर अपरेटर	२०८०।६।९
८	श्री प्रभात ढकाल	लेखापरीक्षण निरीक्षक	२०८०।६।९

२०८० आश्विन देखि पौष मसान्तसम्म वैदेशिक गोष्ठी तथा तालिममा सहभागी कर्मचारीको विवरण

सि.नं.	पद	कर्मचारीको नाम	कार्यक्रमको नाम	भ्रमण देश	अवधी
१	लेखापरीक्षण अधिकारी	श्री प्रसादु थारु	International Public Sector Accounting Standards Board Strategy Roundtable and Public Sector Accounting Forum	फिलिपिन्स	अक्टोवर २५ - २६, २०२३
२	नायब महालेखापरीक्षक	श्री जयराम घिमिरे	How to Meet the Public Expectation on SAI	इण्डोनेशिया	डिसेम्वर ११ - १५, २०२३
३	नायब महालेखापरीक्षक	श्री श्याम प्रसाद भण्डारी	EFA (Equal Future Audit) Change makers Workshop	ट्यूनिसिया	अक्टोवर ९ - १३, २०२३
४	निर्देशक	श्री सिर्जना रिमाल	EFA (Equal Future Audit) Change makers Workshop	ट्यूनिसिया	अक्टोवर ९ - १३, २०२३
५	नायब महालेखापरीक्षक	श्री बैकुण्ठ वहादुर अधिकारी	Confederation of Asian and Pacific Accountants (CAPS)	श्रीलंका	अक्टोवर ३ - ६, २०२३
६	नायब महालेखापरीक्षक	श्री चन्द्रकान्त भण्डारी	National Standard setters Sustainability Forum and AASB Research Forum	Brisbane, Australia	नोभेम्वर १९ - २५, २०२३
७	लेखापरीक्षण अधिकारी	श्री प्रेम कुमार भट्टराई	ASSOSAI Capacity Development Program Workshop	भियतनाम	अक्टोवर १६ - २७, २०२३
८	निर्देशक	श्री दुर्गा प्रसाद पन्थी	Public expenditure and financial accountability training (ADB)	फिलिपिन्स	नोभेम्वर ८ - १०, २०२३

महालेखापरीक्षकको कार्यालयको सुधार कार्ययोजना, २०८०

स्वीकृत मिति २०८०।६।१

१. **पृष्ठभूमि:** सार्वजनिक स्रोत/साधनको उद्देश्यमूलक उपयोगको विश्वसनीयता अभिवृद्धि गर्ने सन्दर्भमा आर्थिक कारोवारको लेखा राख्ने तथा जाँच एवं परीक्षण गर्ने परम्पराको विकास भएको पाइन्छ । मुलुकको आर्थिक क्रियाकलापमा वृद्धि, जनचेतनाको स्तरले ल्याएको आवश्यकता, लेखा प्रणाली र लेखापरीक्षणका सन्दर्भमा विभिन्न दातृमुलुक तथा संस्थाबाट व्यक्त हुने चासो तथा आर्थिक प्रशासनमा स्वच्छताका लागि अपेक्षा गरिएका विषयहरुलाई आत्मसात गरी प्रचलित ऐन नियम, मानदण्ड र असल अभ्यासका आधारमा लेखा राख्ने तथा लेखापरीक्षण गर्नुपर्ने हुन्छ । सरकारी आर्थिक कारोबारमा कैफियत रहित अवस्थाको वातावरण बनाउनु तथा नियमित रुपमा लेखापरीक्षणको सुनिश्चितता गर्दै लेखापरीक्षणबाट देखिएका व्यहोराहरुलाई समयमा फर्स्यौट तथा सम्परीक्षण गर्नु, गराउनु पर्ने व्यवस्था वित्तीय सुशासनका अवयवहरु हुन् । नेपालको सन्दर्भमा लेखा तथा लेखापरीक्षणको क्षेत्रमा प्रस्थान विन्दुको रुपमा आर्थिक कार्यप्रणाली र लेखापरीक्षणलाई व्यवस्थित गर्ने सम्बन्धमा २०१५ सालको संविधानले स्पष्ट व्यवस्था गरेको पाइन्छ ।

२. **संवैधानिक जिम्वेवारी:** नेपालको संविधान, २०७२ अनुसार संवैधानिक निकायको रुपमा स्थापित महालेखापरीक्षकको कार्यालयको प्रमुख जिम्मेवारी संघीय तथा प्रदेशका सबै सरकारी कार्यालय, सबै स्थानीय तह र सरकारी स्वामित्वका संस्थान, बोर्ड, समिति लगायत निकायको स्वतन्त्र, निष्पक्ष र उद्देश्यमूलक लेखापरीक्षण गरी सार्वजनिक स्रोत साधनको समुचित उपयोग अवस्थाको मूल्यांकन गरी प्रतिवेदनका माध्यमबाट जिम्वेवारी र जवाफदेहिता प्रवर्द्धन गर्दै वित्तीय सुशासन प्रत्याभूत गर्न सघाउ पुऱ्याउनु हो ।

३. **लेखापरीक्षणको महत्व:** विक्रम सम्वत् २०१६ सालमा महालेखापरीक्षकको विभाग स्थापना पश्चात् यसले सबै सरकारी निकायको आर्थिक कारोवारको लेखा स्वतन्त्र रुपमा परीक्षण गरी देखिएका व्यहोराहरु सहित कमी कमजोरी सुधार गर्नका लागि सुझाउ सहितको प्रतिवेदन प्रस्तुत गर्ने गहन संवैधानिक दायित्व अनुसार २०२० साल देखि प्रतिवेदन पेश गर्दै आएको छ । महालेखापरीक्षकको कार्यालयले स्थापना काल देखि नै सरकारी आय-व्ययको परीक्षण तथा जाँच गर्ने, आलोचना सहितको प्रतिवेदन दिने कार्य गर्दै आएको छ । यसका अतिरिक्त सरकारी लेखाको परीक्षणबाट देखिएका कमी कमजोरी, त्रुटि अनियमितता वा हिनामिना/मस्यौट वा बढी भुक्तानी जस्ता रकम कलमको लगत राख्ने र प्रमाण पेश भएमा वा असुल उपर भएमा सो को सम्परीक्षणसमेत गर्दै आएको छ । लेखापरीक्षणका माध्यमबाट आर्थिक प्रशासनमा जवाफदेहिता तथा पारदर्शिता प्रवर्द्धन गरी वित्तीय सुशासनमा टेवा पुऱ्याउने कार्यमा सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ । लेखापरीक्षणको विकासका क्रममा प्रचलित कानूनको परिपालना भएको छ, छैन र श्रोत साधनको उपलब्धिमूलक उपयोग भएको छ, छैन भनी गरिने परीक्षणबाट लेखा तथा लेखापरीक्षणको बिश्वसनीयता अभिवृद्धि गर्ने, आर्थिक प्रशासनमा स्वच्छता र पारदर्शिता कायम हुने, सुशासनको प्रर्वद्धनमा टेवा पुग्ने, सरकारी लेखापरीक्षण पद्धति विकासमा सहयोग पुग्ने भएकोले लेखापरीक्षणको विशेष महत्व रहेको छ । लेखा तथा लेखापरीक्षण सम्बन्धमा संवैधानीक तथा कानूनी व्यवस्था, संस्थागत संरचना र जिम्मेवारी स्पष्ट भए तापनि बेरुजुको रकम वर्षेनी बढ्दै गएको छ । अतः कानूनी व्यवस्थाको पालना तथा जिम्मेवारी र जवाफदेहिता बहन गर्दै वित्तीय सुशासन कायम गर्नुपर्ने देखिन्छ ।

४. **आवश्यकता:** लेखापरीक्षण कार्यलाई व्यवस्थित गर्नका लागि संवैधानिक तथा कानूनी व्यवस्थामा सम्बोधन गर्न आवश्यक देखिएको छ । संवैधानिक रुपमा लेखापरीक्षणको दायरा बढाउनु पर्ने तथा लेखापरीक्षणका आधुनिक मान्यताहरु जस्तै जोखिममा आधारित, सूचना प्रविधि, वातावरणीय जालसाजी रोकथाम, सामयिक लेखापरीक्षण जस्ता नवीन अवधारणाको कार्यान्वयन आवश्यक देखिएको छ भने लेखापरीक्षण ऐनमा लेखापरीक्षण व्यवस्थापन, विधि र प्रक्रिया, नमूना छनौट, प्रमाण संकलन, विश्लेषण, लेखापरीक्षण राय तथा प्रतिवेदन व्यवस्थालाई समयानुकूल बनाउन संशोधन गर्न जरुरी छ।

५. **लेखापरीक्षण गुणस्तर:** इण्टोसाईले जारी गरेको अन्तर्राष्ट्रिय लेखापरीक्षण मानदण्ड नेपालले अवलम्वन गरेको सन्दर्भमा लेखापरीक्षणका क्षेत्रगत मार्गदर्शनहरु अद्यावधिक गर्नुपर्ने आवश्यकता रहेको छ । उक्त मानदण्ड तथा क्षेत्रगत मार्गदर्शनलाई लेखापरीक्षणको मूलमन्त्रको रुपमा कार्यान्वयन गर्नका लागि चेकलिष्ट, फर्मेट तथा टूलकिटहरु विकास गर्नुपर्ने आवश्यकतालाई प्राथमिकता दिई लेखापरीक्षणको विश्वसनीयता र गुणस्तर अभिवृद्धि गर्नपर्ने आवश्यकता रहेको छ ।

६. **संगठनात्मक संरचना:** संवैधानिक जिम्मेवारी निर्भिकतापूर्वक सम्पन्न गर्नका लागि आवश्यक पर्ने मुख्य औजारहरु संगठनात्मक स्वतन्त्रता र कार्यात्मक स्वतन्त्रता

हो । संगठनात्मक स्वतन्त्रता अन्तर्गत संगठनको स्थापना, पदाधिकारी तथा कर्मचारीको नियुक्ति, संगठनात्मक संरचना आदि पर्दछन् भने कार्यात्मक स्वतन्त्रता अन्तरगत बजेट तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, लेखापरीक्षण व्यवस्थापन तथा प्रतिवेदन स्वतन्त्रता आदि पर्दछन् । बजेट तथा कार्यक्रम अर्थ मन्त्रालयबाट स्वीकृत गराउनु पर्ने, बजेट कार्यान्वयनमा अर्थ मन्त्रालयको सहमति लिनुपर्ने, लेखापरीक्षणमा संलग्न रहने कर्मचारीलाई दिने सुविधा सम्बन्धमा अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने जस्ता कार्यले कार्यात्मक स्वतन्त्रतामा आँच आउने भएकोले आगामी दिनमा कार्यात्मक स्वतन्त्रता मजबुत हुने गरी कार्य प्रक्रिया एवं कानूनी व्यवस्था गर्न आवश्यक देखिएको छ । सरकारी लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन इण्टोसाईको लिमा घोषणा पत्र, १९७७ तथा मेक्सिको घोषणा पत्र, २००७ तथा दक्षिण अफ्रिका घोषणा पत्र, २०१० बमोजिम व्यक्त प्रतिवद्धताको कार्यान्वयनमा विशेष जोड दिनुपर्ने अवस्था रहेको छ। उक्त घोषणा पत्र अनुसार लेखापरीक्षण संस्थाको स्वतन्त्रता, सरकार तथा व्यवस्थापिकासँगको सम्बन्ध, लेखापरीक्षण प्रतिवेदनको प्रभाव, गुणस्तर, आश्वस्तता, मिडियासँगको सम्बन्ध, पारदर्शीता एवं जवाफदेहिता, प्रतिवेदनको विश्वसनीयता जस्ता कुराहरुमा विशेष प्राथमिकतासहित हाम्रा प्रयासहरु, कार्यहरु परिलक्षित हुनुपर्दछ ।

७. **आन्तरिक सुशासनः** लेखापरीक्षण कार्य प्रभावकारिता अभिवृद्धि गर्ने अप्रत्यक्ष औजारको रुपमा आन्तरिक सुशासनलाई लिन सकिन्छ । आन्तरिक सुशासन अन्तर्गत कर्मचारीको क्षमता विकास, पूर्वाधार विकास, प्राप्त स्रोत साधनको महत्तम उपयोग, पारदर्शीता, जवाफदेहिता, सूचना सञ्चार, खुलापन, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाइ, कार्यप्रक्रिया सरलीकरण सुविधा पहुँचमा समानता आदि विषयहरु पर्दछन । यी विषयहरुमा नेतृत्व तथा व्यवस्थापनबाट उचित सम्बोधन गरी आन्तरिक सुशासनको प्रत्याभूति गरिनु पर्दछ । नेपालको सर्वोच्च लेखापरीक्षण संस्था इण्टोसाई तथा एसोसाईको सदस्य भएको नाताले अन्तर र्राष्ट्रिय सम्पर्क विस्तार गरी प्राविधिक सहयोगको आदान प्रदान तथा अवलोकन भ्रमण, कर्मचारीको तालिम तथा क्षमता अभिवृद्धि, द्विपक्षीय तथा बहुपक्षीय सहयोग, नमूना संगठनको रुपमा विकास जस्ता पक्षमा अन्तर र्राष्ट्रिय सहयोग अभिवृद्धि गर्ने कुरामा प्राथमिकता दिनुपर्ने आवश्यकता रहेको छ ।

८. **प्रमुख समस्याः** लेखापरीक्षण व्यवस्थापन यथेष्ट सूचना तथा वास्तविक तथ्याँकमा आधारित बनाउनुपर्ने, लेखापरीक्षण गर्नुपर्ने निकायहरुको आवस्यक सूचना एवं तथ्यांकहरु संकलन गर्ने व्यवस्था मिलाउनु पर्ने, जोखिम विश्लेषण गर्ने, सूचना प्रविधिको प्रयोग गर्ने, नीतिगत विषयमा केन्द्रित रहने तथा स्रोत साधनको महत्तम उपयोगमा केन्द्रित रहने व्यवस्था मिलाउन लेखापरीक्षण पद्धतिमा सुधारको आवश्यकता रहेको छ । कार्यालयले सम्पादन गर्ने लेखापरीक्षण कार्य स्वीकृत नीति, मानदण्ड र कार्यविधि अनुरुप भए नभएको मुल्यांकन गर्न निर्देशिका तयार गरी गुणस्तर आस्वस्तता पुनरावलोकन प्रणालीको सुरुवात बिगत वर्ष देखि गरिदै आएता पनि कर्मचारीहरुमा उत्प्रेणा तथा ज्ञानको कमी, तालीमको अभाव आदि बिभिन्न कारणले अपेक्षित सुधार हुन सकेको छैन । प्रचलित कानूनी व्यवस्था अनुसार महालेखापरीक्षकले लेखापरीक्षण गरी प्रतिवेदन दिने र बेरुजू फर्स्यौटको अनुगमन वा सम्परीक्षण गर्ने कार्य गर्दछ । कानूनी व्यवस्थाअनुसार सबै कार्यालय वा मन्त्रालयहरुले बेरुजूको लगत केन्द्रिय स्तर र कार्यालयस्तरमा राख्नु पर्ने, आर्थिक कारोवारको लेखा राख्ने, लेखापरीक्षण गर्ने गराउने, लेखापरीक्षणबाट देखिएको बेरुजु समयमा नै फर्स्यौट गरी राफसाफ गर्ने कार्यमा बिद्यमान कानूनी व्यबस्थाको पालना गरी जिम्बेवारी र जवाफदेहिता वहन गर्ने वातावरण सिर्जना भएमा लेखापरीक्षण, बेरुजु फर्स्यौट, सम्परीक्षण एवं लगत कट्टा सम्बन्धी कार्य नियमित रुपमा अद्यावधिक हुने र लेखापरीक्षणको विश्वसनीयता वृद्धि हुने देखिन्छ । महालेखापरीक्षकको कार्यालयले आधुनिक पद्धति अनुरुप लेखापरीक्षण गर्ने कार्यमा केन्द्रित रही लेखापरीक्षणको क्रममा नै सम्परीक्षण हुने व्यवस्था समेत मिलाउनु पर्ने देखिन्छ ।

९. **सुधार कार्ययोजनाः** कार्यालयको व्यवस्थापन, लेखापरीक्षण विधि र प्रक्रिया, गुणस्तर, प्रतिवेदन प्रणाली लगायतका विषयमा सुधार कार्ययोजना देहाय बमोजिम प्रस्तुत गरिएको छः

लेखापरीक्षण संस्थाको स्वतन्त्रता

९.१. लेखापरीक्षण संस्थाको कार्यात्मक, प्रशासनिक, वित्तीय तथा प्रतिवेदन सम्बन्धी स्वतन्त्रताका मुलभूत सिद्धान्त र मान्यताको अनुशरण गर्ने,

९.२. नेपालको संविधान र लेखापरीक्षण ऐन बमोजिम गर्नुपर्ने काम स्वतन्त्रता एवं निष्पक्षतापूर्वक सम्पादन गर्ने,

९.३. लेखापरीक्षणको माध्यमबाट संस्थाको मूल्य मान्यता (Core Values) अभिवृद्धि गर्ने, पारदर्शिता, जिम्मेवारीता र जवाफदेहिता प्रवर्द्धन गर्ने कार्यका माध्यमबाट लेखापरीक्षण संस्थालाई नमूना सङ्गठन (Model organization) को रूपमा बिकास गर्ने,

लेखापरीक्षण व्यवस्थापन

९.४. लेखापरीक्षण कार्यतालिका (Audit calendar) तर्जुमा गरी सो बमोजिम लेखापरीक्षण सम्पन्न गर्ने, लेखापरीक्षणमा पारदर्शिता, जिम्मेवारी र जवाफदेहिता कायम गर्ने,

९.५. लेखापरीक्षण विधि र प्रक्रियामा सुधार गर्ने, जोखिममा आधारित लेखापरीक्षण पद्धतिलाई अझ वैज्ञानिक र विश्वसनीय बनाउने

९.६. सार्वजनिक खर्चको सार्थक मूल्य प्राप्तिको सुनिश्चितता हुने गरी लेखापरीक्षण व्यवस्थापन केन्द्रित गर्ने,

लेखापरीक्षण गुणस्तर अभिवृद्धि

९.७. लेखापरीक्षणमा सारभूत परीक्षण (Substantive Test), नियन्त्रण पद्धति परीक्षण (Test of Control), विस्तृत परीक्षण (Test of Details) विधि अवलम्बन गरी लेखापरीक्षण कार्यविधिमा आधारित गर्ने,

९.८. लेखापरीक्षणबाट कैफियत देखिएका क्षेत्रमा सान्दर्भिक र पर्याप्त प्रमाण संकलन तथा लेखापरीक्षण मूल्याङ्कन कार्यमा विश्वसनीयता कायम गरी लेखापरीक्षण राय (Audit Opinion) तर्जुमा गर्ने,

९.९. लेखापरीक्षण बेरूजुमा एकरूपता कायम गर्ने आधार तय गरी कार्यान्वयन गर्ने,

सङ्गठन संरचना र क्षमता विकास

९.१०. केन्द्रमा मात्र रहेको सङ्गठन संरचनालाई प्रदेश तहसम्म विस्तार गर्ने, कार्यबोझका आधारमा दरबन्दी व्यवस्थापन गरी कर्मचारी पदस्थापना गर्ने, हालको सङ्गठन संरचनाको साथै कार्यात्मक तथा बहुआयामिक (Matrix) सङ्गठनको रूपमा कार्य गर्ने गरी नतीजा केन्द्रित सङ्गठन संरचना बनाउने

९.११. कर्मचारीहरूको लागि पेशागत शिक्षा तालिम (Professional Education Training) का अतिरिक्त विषय विज्ञता हासिल गर्ने गरी तालिम उपलब्ध गराउने, तालिम निर्देशनालयको क्षमता विकास गर्ने, राष्ट्रिय तथा अन्तराष्ट्रिय तालिम केन्द्रसँग समन्वय गर्ने, व्यावसायिक दक्षता अभिवृद्धि गर्ने

९.१२. लेखापरीक्षण सम्बन्धी अनुसन्धान तथा विकास (Research and Development) एकाइ गठन गरी लेखापरीक्षणका सम्बन्धमा शोध तथा अनुसन्धान कार्यका माध्यमबाट लेखापरीक्षणमा सुधार गर्न लेखापरीक्षणका मुलभूत विषयमा केन्द्रित रही विषय विज्ञको रूपमा जनशक्तिको क्षमता विकास गर्ने,

आचारसंहिता पालना

९.१३. सर्वोच्च लेखापरीक्षण संस्थाको अन्तर्राष्ट्रिय सङ्गठन (इन्टोसाइ) को आचारसंहिता - १३० (Code of Ethics – 130) अनुसार लेखापरीक्षकले पालना गर्नुपर्ने आचारसंहिता पालना गर्ने गराउने,

९.१४. लेखापरीक्षकले पालना गर्नुपर्ने व्यावसायिक, पेशागत र व्यक्तिगत आचार संहिता पालना गर्ने गराउने, अचारसंहिता पालनाको कडाइकासाथ अनुगमन गरी अनुगमन प्रतिवेदन कार्यान्वयन गर्ने,

९.१५. लेखापरीक्षण कार्यलाई प्रभावित पार्न सक्ने विभिन्न पक्षरूको विश्लेषण गरी त्यस्ता पक्षहरूलाई पूर्णरूपमा नियन्त्रण गर्ने र नैतिक तथा सदाचार पद्धति अवलम्बन गर्ने,

लेखापरीक्षण प्रतिवेदन

९.१६. लेखापरीक्षण प्रतिवेदनमा रायसहितको सुझाव प्रेषित गर्ने, प्रमाणमा आधारित प्रतिवेदन तयार गर्ने,

९.१७. लेखापरीक्षण योजना अनुसार लेखापरीक्षण र लेखापरीक्षणमा आधारित प्रतिवेदन तयार गर्ने कार्यलाई व्यवहारमा कार्यान्वयन गर्ने, लेखापरीक्षणमा देखिएका सकारात्मक तथा सुधार गर्नुपर्ने व्यहोरा समावेश गरी सन्तुलित लेखापरीक्षण प्रतिवेदन (Balanced Audit Report) तयार गर्ने,

९.१८. मन्त्रालयगत लेखापरीक्षण प्रतिवेदन र महालेखापरीक्षकको वार्षिक प्रतिवेदन अलग अलग तयार गर्ने, मन्त्रालयगत लेखापरीक्षणलाई वार्षिक प्रतिवेदनको अभिन्न अंगको रुपमा रहने व्यवस्था गर्ने,

बेरूजु फर्स्यौट र सम्परीक्षण

९.१९. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली बमोजिम लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको ३५ दिनभित्र सबै प्रकारका बेरूजु फर्स्यौट गर्न सबै लेखा उत्तरदायी अधिकृतहरूलाई उत्प्रेरित गर्ने र यसरी फर्स्यौट भएपछि बेरूजु फर्स्यौट प्रगति कायम गर्ने,

९.२०. ऐन, नियमले तोकेको सीमाभित्र फर्स्यौट भएका बेरूजुको सम्परीक्षण आगामी लेखापरीक्षणमा अनुगमन परीक्षण गरी लेखाप्रतिवेदनमा समावेश गर्ने, सम्परीक्षणलाई लेखापरीक्षणको अंग कायम गर्ने,

९.२१. गत विगतका बेरूजु फर्स्यौट र सम्परीक्षणलाई प्राथमिकता दिने, कार्ययोजना बनाउने, असुल उपर

गर्नुपर्ने तथा पेश्की बाँकी बाहेक प्रमाण पेश गर्नुपर्ने, नियमित गर्नुपर्ने तथा सामान्य प्रक्रिया नपुगेको प्रकृतिका बेरूजु फर्स्यौटका लागि कार्ययोजनासहित निश्चितसमय सीमाभित्र बेरूजु फर्स्यौट गर्ने,

जिम्मेवारी र जवाफदेहिता प्रवर्द्धन

९.२२. वित्तीय जवाफदेहिता मापन गर्ने औजार लेखापरीक्षण भएकोले लेखापरीक्षणबाट वित्तीय जिम्मेवारीको बाँडफाँट र सोको पालना अवस्थाको परीक्षण (Test of accountability), नेतृत्व कार्य सम्पादन परीक्षण (Leadership assessment Audit) को शुरूवात गर्ने,

९.२३. जिम्मेवारीलाई जवाफदेहितासँग एकीकृत गरी परीक्षण गर्ने र सोको नतिजा लेखापरीक्षण प्रतिवेदनमार्फत् सम्बन्धित पदाधिकारीलाई उपलब्ध गराई कार्ययोजना सहित सुधार अभियानलाई निरन्तरता दिने,

९.२४. सार्वजनिक स्रोत साधनको प्राप्ति, उपयोग र उपलब्धि हासिलमा जिम्मेवारी र जवाफदेहिता प्रवर्द्धन गर्न सार्वजनिक पदमा रहेका जिम्मेवार पदाधिकारीलाई अभिप्रेरित गर्ने,

प्रविधि अवलम्वन

९.२५. कार्यालयको सबै प्रशासनिक कार्य प्रविधिमैत्री बनाई स्वचालित कार्यप्रणाली (Office Automation) मा संचालन गर्ने, पेपरलेस कार्यप्रणाली अवलम्वन गर्ने, फेसलेस कार्यप्रणालीलाई प्राथमिकता दिने,

९.२६. नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (Nepal Audit Management System - NAMS) सम्बन्धी सफ्टवेयर अद्यावधिक गरी लेखापरीक्षण प्रविधिमा सरलीकृत गरी लेखापरीक्षणका सबै कार्य प्रविधीमार्फत् गर्ने व्यवस्था मिलाउने,

९.२७. अवलम्वन गरिएका प्रविधिको नियमित सुरक्षा परीक्षण (Security Audit) गर्ने, लेखापरीक्षण तथ्यांक सुरक्षा (Audit Data Security) गर्ने, प्रविधि संचालन र सुरक्षा (System Operation and Maintenance) व्यवस्था मिलाउन प्राथमिकता दिई कार्य गर्ने,

अन्तर्राष्ट्रिय आवद्धता

९.२८. सर्वोच्च लेखापरीक्षण संस्थाको हैसियतमा अन्तर्राष्ट्रिय सङ्गठनहरू इन्टोसाइ तथा एशोसाइमा संलग्नता बढाउने, सहकार्य र समन्वय गर्ने, क्षेत्रीय कार्य समूहमा रही व्यावसायिक कार्य गर्ने,

९.२९. इन्टोसाइ तथा एशोसाइ कार्य समूहमा संग्लन भई विशेष लेखापरीक्षण अन्तर्गत सूचना प्रविध, वातावरणीय, लैंगिक, विधि विज्ञान, सामयिक लगायत नविन अवधारणा कार्यान्वयन गर्ने,

९.३०. इन्टोसाइ तथा एशोसाइका तालिम संस्थाहरू, इन्टोसाइ आइडिआइ संग समन्वय सहकार्य गरी क्षमता विकासका कार्यक्रम तथा तालिममा अधिकाधिक कर्मचारीहरू समावेश गरी लाभान्वित हुने,

वित्तीय सुशासन प्रवर्द्धन

९.३१. देशको शासकीय प्रवन्ध, आर्थिक अवस्था, विकास व्यवस्थापन, सार्वजनिक खरिद व्यवस्थापन, सार्वजनिक प्रशासन र सेवा प्रवाह, अनुगमन मूल्याङ्कन र पृष्ठपोषण लगायत कार्यमा प्रभावकारिताका माध्यमबाट समग्र सुशासनको अवस्था कायम हुने भएकोले लेखापरीक्षणका माध्यमबाट सो कार्यमा सघाउ पुऱ्याउने,

९.३२. आर्थिक अनुशासनका माध्यमबाट वित्तीय सुशासन कायम हुने भएकोले प्रशासनका चक्र जस्तैः बजेट तर्जुमा, स्वीकृति, निकासा, खर्च, लेखाकंन, प्रतिवेदन, लेखापरीक्षण लगायतका विषयमा यथार्थ अवस्थाको परीक्षण गरी सुधारका लागि सुझाव प्रेषित गर्ने,

९.३३. वित्तीय सुशासन मापनको एक प्रमुख औजारको रूपमा लेखापरीक्षणलाई स्थापित गराई लेखापरीक्षणका माध्यमबाट देशमा वित्तीय सुशासन कायम गर्न गराउन प्रमुख भूमिका निर्वाह गर्ने ।

सुधार कार्ययोजना कार्यान्वयन

सुधार कार्ययोजना कार्यान्वयनका लागि सबै विभाग, महानिर्देशनालय, निर्देशनालयको कार्यजिम्वेवारी तोकिनेछ र नीति, योजना तथा अनुगमन महानिर्देशनालयले कार्य प्रगतिको अनुगमन गर्नेछ। सुधार योजना कार्यान्वयनबाट लेखापरीक्षण कार्य प्रभावकारी रुपमा कार्यान्वयन हुने तथा लेखापरीक्षणमा जनशक्ति, समय र लागतमा समेत न्यूनता आउने देखिन्छ ।

कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेले संघीय, प्रदेश तथा स्थानीय तह सरकारका लेखाउत्तरदायी अधिकृतलाई जारी निर्देशन

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal/Anamnagar, Kathmandu, Nepal

विषयः निर्देशन

पत्र सङ्ख्याः २०८०।८१
च.नं. ९९

मितिः २०८०।९।१२

श्री लेखा उत्तरदायी अधिकृतज्यू, संवैधानिक निकाय, सङ्घीय मन्त्रालय, आयोग, सचिवालय ।
श्री लेखा उत्तरदायी अधिकृतज्यू, सबै प्रदेश मन्त्रालय, आयोग, सचिवालय ।
श्री प्रमुख प्रशासकीय अधिकृतज्यू, सबै स्थानीय तह ।

महोदय,

नेपालको संविधानको धारा २४१ बमोजिम राष्ट्रपति, उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, सङ्घीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाल लगायत सबै सङ्घीय र प्रदेश सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ ।

सङ्घीय संचित कोष र अन्य सरकारी कोषको संचालन तथा व्यवस्थापन, बजेट तर्जुमा, निकासा तथा खर्च, आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन, आन्तरिक नियन्त्रण लेखापरीक्षण तथा अन्य आर्थिक गतिविधीलाई व्यवस्थित गरी सङ्घीय वित्तीय व्यवस्थापन प्रणालीलाई जिम्मेवार, पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाउन समष्टिगत आर्थिक स्थायित्व कायम गर्न र संघ, प्रदेश र स्थानीय तहको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ कार्यान्वयनमा रहेको छ । सरकारी रकम खर्च गर्ने, लेखा राख्ने, प्रतिवेदन गर्ने आदि सम्बन्धमा कानुनी व्यवस्था स्पस्ट भएता पनि आर्थिक वर्ष २०७८।७९ सम्मको अर्थिक कारोबारको लेखापरीक्षणबाट महालेखापरीक्षकको साठीऔं वार्षिक प्रतिवेदनसम्म बेरुजु र कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम कुल रु ९ खर्ब ५९ अर्ब ७९ करोड बेरुजु रहेको छ ।

मिति २०८०।४।१० मा स्वीकृत वार्षिक लेखापरीक्षण योजना अनुसार आर्थिक वर्ष २०७९/८० लेखापरीक्षण भइ रहेको र आगामी माघमसान्तमा लेखापरीक्षण सम्पन्न गरी चैत्रमसान्तसम्ममा महालेखापरीक्षकको ६१ औं वार्षिक प्रतिवेदन तयार गर्ने कार्यतालिका रहेको छ । कानुनसम्मत सार्वजनिक खर्चको सुनिश्चितता गरी खर्चको सार्थक मूल्य प्राप्तिका लागि लोखापरीक्षणबाट देखिएका कैफियतहरू ऐन नियममा उल्लिखित समयावधि भित्र असूल उपर, प्रमाण पेश वा पेश्की फर्स्यौट गरी वार्षिक प्रतिवेदन पेश गर्नु अगावै बेरुजु शून्य बनाउने काम कर्तव्य र अधिकार लेखा उत्तरदायी अधिकृत र जिम्मेवार पदाधिकारीको नै हो । अतः लेखापरीक्षणबाट देखिएका कैफियतहरू आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७, ३८, ३९, ४० तथा नियमावली २०७७ को नियम ८७, ८८, ८९, ९० बमोजिम तथा प्रदेश सरकार, स्थानीय तहहरुले पनि तर्जुमा गरेको कानुनले तोकिएको म्याद तथा प्रकिया पुरा गरी फर्स्यौट, सम्परीक्षण तथा राफसाफ गरी आर्थिक अनुशासन कायम गर्न गराउनु हुन लेखापरीक्षण ऐन २०७५ को दफा २४(१) बमोजिम देहायका निर्देशन जारी गरीएको छः

१. आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ३६ बमोजिम अन्तिम लेखापरीक्षणको सिलसिलामा सोधिएको प्रश्नको जवाफ वा माग गरिएको लेखा तथा विवरण लेखापरीक्षणको क्रममा उपलब्ध गर्ने गराउने व्यवस्था

Phone: 01-4772220, 4771270, 4262958, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np/ dir.mgnt@oagnep.gov.np/ Web Page: www.oag.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

मिलाउने र लेखापरीक्षणको क्रममा लेखा तथा विवरण पेश गर्न नसकेमा सो को कारणवाट देखिएको बेरुजु वापत कैफियत प्रति सम्वन्धित पदाधिकारी नै जिम्मेवार हुनेछ ।

२. ऐनको दफा ३७ बमोजिम महालेखापरीक्षकवाट लेखापरीक्षण गरी प्रारंम्भिक प्रतिवेदनमा औल्याइएका बेरुजु सम्बन्धमा सो सूचना प्राप्त भएको ३५ दिन वा म्याद थप माग गरेको म्यादभित्र उक्त प्रतिवेदेन फर्स्यौट वा सम्परीक्षण गराई बेरुजु शून्य बनाउने व्यवस्था मिलाउनु हुनेछ।

३. ऐनको दफा ३८ बमोजिम बेरुजुको लगत कार्यालय र केन्द्रिय स्तरमा अद्यावधिक गर्ने सम्वधमा मिति २०८०।६।५ मा जारी गरिएको निर्देशन अवगत नै छ । सो बमोजिम लगत अद्यावधिक गरी बेरुजु फर्स्यौट तथा फरफारक गराउनु हुनेछ ।

४. ऐनको दफा ३९ बमोजिम लेखापरीक्षणमा औल्याएका बेरुजुको सम्वन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असूल उपर गरी फर्स्यौट गर्ने जिम्मेवारी तथा दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेबार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारीको हुने, सो बमोजिम बेरुजु फर्स्यौट हुन नसकेमा लेखाउत्तरदायी अधिकृतले जाँचबुझ गराइ तथा नियमित अनुगमन गरी बेरुजु असूल फर्स्यौट गर्न गराउनु पर्ने भएकोले ऐनको सो व्यवस्था अनुसार कारवाही पूरा गरी असूल वा नियमित वा प्रमाण पेस गरी बेरुजु फर्स्यौट तथा सम्परीक्षण गराउनु हुनेछ ।

५. ऐनको दफा ४० बमोजिम प्रक्रिया पूरा गरी लोखापरीक्षण प्रतिवेदनमा उल्लेखित बेरुजु असूल गरी फर्स्यौट तथा नियमित गर्ने सम्वन्धित पदाधिकारीसँग आवश्यक विवरण वा स्पष्टिकरण लिइ बेरुजु असूल गराइ समयमै फर्स्यौट गर्ने गराउने कार्य गरी बेरुजु फर्स्यौट तथा फरफारख गर्न गराउन हुनेछ।

६. ऐनको दफा ४७ बमोजिम लेखापरीक्षणवाट मस्यौट तथा हिनामिना भएको भनि ठहर भएको रकम दफा ३९ र ४० बमोजिम फर्स्यौट तथा फरफारख हुन नसकेको तथा ऐन बमोजिम असूल उपर गर्नुपर्ने देखिएको रकम ३ वर्ष प्रयास गर्दा पनि नियमित, असूल, फर्स्यौट तथा फरफारख हुन नसकेमा सरकारी बाँकीको रुपमा लगत कायम गरी असूल उपर गर्नुपर्ने रकमको विवरण असूल उपरको लागि कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा लेखी पठाउने व्यवस्था गर्नु हुनेछ ।

७. ऐनको दफा ५४ अनुसार कार्यालयको सरकारी नगदी तथा जिन्सी भण्डारको लेखापरीक्षण गर्दा मस्यौट वा दुरुपयोग भएको देखिएमा ऐनमा उल्लेखित व्यवस्था प्रचलित कानून बमोजिम त्यस्तो मस्यौट वा दुरुपयोग गर्ने उपर आवश्यक कारवाही गरी सरकारी नगदी तथा जिन्सी भण्डार दुरुस्त राख्ने व्यवस्था मिलाउनु हुनेछ ।

८. आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ बमोजिम सरकारी रकम खर्च गर्ने कार्यविधिको अवलम्बन गरी सरकारी रकम खर्च गर्ने गराउने व्यवस्था हुनेछ ।

९. नियम ४१ बमोजिम अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा सुनिश्चित हुनुपर्ने विषयलाई ध्यान दिइ खर्च गर्ने गराउने व्यवस्था हुनेछ ।

१०. नियमावलीको परिच्छेद ५ मा उल्लेखित पेश्की दिने र फर्स्यौट गर्ने कार्यविधिको अवलम्बन गरी यकिन विवरणका आधारमा आवश्यक पर्ने रकम भन्दा बढी नहुने गरी पेश्की दिनुपर्ने र समयमा बीलभरपाई पेश गरी पेश्की फर्स्यौट गर्नु गराउनु पर्ने, दैनिक तथा भ्रमण खर्च भ्रमण पुरा गरेको १५ दिन भित्र, मालसमान खरिद गरेको २१ दिन भित्र, अन्य पेश्की काम सम्पन्न भएको १५ दिन भित्र फर्स्यौट गराउनु पर्ने तोकिएको म्याद भित्र पेश्की फर्स्यौटका लागि

महालेखा परीक्षकको कार्यालय नेपाल

आवश्यक कागजात पेश नगरेमा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले ब्याज लगाई विभागिय कारवाही समेत गरी समयमै पेश्की फर्स्यौट गर्ने गराउने व्यवस्था मिलाउनु हुनेछ ।

११. नियमावलीको परिच्छेद ६ मा उल्लेखित कारोबारको लेखा राख्ने सम्बन्धमा लेखाको सिद्धान्त, आधार र ढाँचा बमोजिम लेखा राख्ने, राजस्व दाखिला लगायतका कार्य गर्नु गराउनुहुनेछ ।

१२. नियमावलीको परिच्छेद ७ बमोजिम धरौटी सम्बन्धी स्रेस्ता खाता अध्यावधिक गरी लेखा राख्ने, धरौटी जफत गर्ने, फिर्ता गर्ने, राजस्वमा दाखिला गर्ने हिसाब मिलान गर्ने लगायतका कार्य गर्न गाराउनु हुनेछ ।

१३. नियम ७५ बमोजिम वार्षिक बजेट, स्रोतान्तर, रकमान्तर निकासा, खर्च, वस्तुगत सहायता, सोझै भूक्तानी, टर्न की प्राविधिक तथा अन्य सहायता तथा शोधभर्ना हुने रकमको दात्रीपक्ष, स्रोतको प्रकार, भूक्तानी विधि समते खुल्ने गरी केन्द्रीय लेखा तथा वित्तीय विवरण तयार गर्ने गराऊने व्यवस्था मिलाउनु हुनेछ ।

१४. नियम ७६ बमोजिम कार्यालयले आर्थिक वर्षभित्र भएको नगदी, जिन्सी तथा अन्य कार्यालयको आर्थिक कारोबार वार्षिक प्रतिवेदन अनुसूची -११ बमोजिमको ढाँचामा तयार गर्ने गराउने व्यवस्था हुनेछ ।

१५. नियम ७८ बमोजिम कार्यालयले आफुले खारिद गरेको, निर्माण गरेको वा अन्य कुनै माध्यमबाट प्राप्त गरेको चल अचल मालसामान तथा सम्पत्तिको लेखा राख्ने तथा राख्र लगाउने व्यवस्था हुनेछ।

उपर्युक्त व्यवस्थाका अतिरिक्त प्रचलित ऐन नियमको पालना गरी खर्च गर्ने गराउने, सो को व्यवस्थित लेखा राख्ने, अभिलेख चुस्त दुरुस्त राख्ने, खर्चको सार्थक मूल्य प्राप्तिको सुनिस्चितता हुने आधार तय गर्ने लगायतका कार्य गरी वित्तीय अनुशासन कायम गर्ने गराउने कार्यमा आवश्यक सहयोग हुन अनुरोध गरिएको छ ।

(महेश्वर काफ्ले)
कार्यवाहक महालेखापरीक्षक

जानकारीको लागि

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सबै प्रदेश

हार्दिक श्रद्धाञ्जली

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
२०२४ पौष १८

स्वर्गारोहण:
वि.सं.
२०८० कार्तिक १८

स्व. खिनादेवी बराल

यस कार्यालयका लेखापरीक्षण अधिकारी श्री दिनेश बरालज्यूका पूजनीय माता खिनादेवी बरालको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दैछौ ।

कार्यवाहक महालेखापरीक्षक महेश्वर काफ्ले
तथा
महालेखापरीक्षकको कार्यालय परिवार
२०८०।०७।१८

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
१९८६ भाद्र २७

स्वर्गारोहण:
वि.सं.
२०८० कार्तिक ०१

स्व. ज्ञानेश्वर गौतम

यस कार्यालयका लेखापरीक्षण अधिकारी श्री नेत्र प्रसाद गौतमज्यूका पूजनीय बुवा ज्ञानेश्वर गौतमको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दैछौ ।

कार्यवाहक महालेखापरीक्षक महेश्वर काफ्ले
तथा
महालेखापरीक्षकको कार्यालय परिवार
२०८०।०७।०१

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
२००१ वैशाख ०१

स्वर्गारोहण:
वि.सं.
२०८० असोज १३

स्व. चुडादेवी धिताल

यस कार्यालयका कार्यालय सहयोगी श्री रञ्जु दाहालज्यूका पूजनीय माता चुडादेवी धितालको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दैछौ ।

कार्यवाहक महालेखापरीक्षक महेश्वर काफ्ले
तथा
महालेखापरीक्षकको कार्यालय परिवार
२०८०।०६।१३

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
१९९९ वैशाख २४

स्वर्गारोहण:
वि.सं.
२०८० असोज १६

स्व. बाल कुमारी खरेल

यस कार्यालयका कार्यालय सहयोगी श्री उर्मिला उप्रेतीज्यूका पूजनीय माता बाल कुमारी खरेलको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दैछौ ।

कार्यवाहक महालेखापरीक्षक महेश्वर काफ्ले
तथा
महालेखापरीक्षकको कार्यालय परिवार
२०८०।०६।१६